# मूल्याङ्कन

विचार अन्तर्क्रियामुखी मासिक

पूर्णाङ्क ९७

## लिस्नेको भीडन्तमा भएको यथार्थ के ?

श्रीलंका र टर्कीमा वार्ता र शान्ति

कसरी डायनासोर चरामा विकसित भयो ?

बौद्धिकता र दासता

यसरी ओरालो लाग्दैछ नेपाली अर्थतन्त्र !





# के युद्ध रोक्ने र वार्ता थाल्ने उपाय छ ?

विकासको विनाश कि विनाशको विकास ?

# मंगलमय शुभकामना

नव वर्ष २०५९ सालको सुखद उपलक्ष्यमा
हामी हाम्रा सम्पूर्ण ग्राहक तथा
शुभचिन्तकहरूमा हार्दिक मंगलमय
शुभकामना व्यक्त गर्दछौं

नेपाल आयल निगम लि.

नेपाल आयल निगम



# मूल्याङ्कन

(विचार अन्तर्क्रियामुखी मासिक)

वर्ष–२०, पूर्णाङ्क– ९७
वैशाख/जेठ, २०५९



संरक्षक
डा. मथुराप्रसाद श्रेष्ठ
सल्लाहकार
डा. कमलकृष्ण जोशी
डा. कृष्णबहादुर थापा
खगेन्द्र संग्रौला
चन्द्रराज ढुंगेल
डा. चैतन्य मिश्र
डी. आर. पोखरेल
पद्मरत्न तुलाधर
डा. भरत प्रधान
डा. महेश मास्के
महेश्वरमान श्रेष्ठ
प्रा. हर्षनारायण धौभडेल
प्रधान सम्पादक
श्याम श्रेष्ठ
कार्यकारी सम्पादक
हरिगोविन्द लुईटेल
सह–सम्पादक
राजेन्द्र महर्जन
सहायक–सम्पादक
तुल्सीदास महर्जन
विष्णुदेवी श्रेष्ठ
सम्पादन सहयोगी
चन्द्र खाकी
प्रबन्ध निर्देशक
स्नेह सायमि
प्रमुख व्यवस्थापक
श्याम खड्का
लेखा व्यवस्थापक
वीरप्रसाद भंसारी
बजार व्यवस्थापक
दुर्गा खड्का
सहायक बजार व्यवस्थापक
जमुनाप्रसाद चौधरी



अन्तर्क्रिया प्रकाशन (प्रा.) लि.
का लागि सुवास श्रेष्ठद्वारा प्रकाशित
कार्यालय
"मूल्यांकन" मासिक
अन्तर्क्रिया प्रकाशन (प्रा.) लि.
क–३/८०, टेकू, काठमाडौं–१२
फोन/फ्याक्स : २६८७९१ /२१९०८५
पो. ब. नं. ७०५०, काठमाडौं
इमेल : yuwa@ntc.net.np
मूल्य : रु. २०/-




## के युद्ध रोक्ने र वार्ता थाल्ने उपाय छ ?





## विकासको विनाश कि विनाशको विकास ?

डा. पीताम्बर शर्मा

## माओवादीहरूको टाउकोको मूल्य तोकाईबारे नेताहरु के भन्छन् ?

## सैनिक हिरासतमा एघार दिन
## एयरपोर्टदेखि छाउनी ब्यारेकसम्म


– श्याम श्रेष्ठ –

● भेनेजुयलामा जुझारु जनआन्दोलन

● श्रीलंकामा सरकार र लिट्टेबीच संवाद

● पीकेकेले हतियार बिसायो

*बेरोजगार मजदूरहरूको आन्दोलनको गाथा*





**हाम्रो मूल्यांकन :**
संसदका सात दलसमक्ष मूल्यांकनको प्रस्ताव ४

**आवरण कथा**
● के युद्ध रोक्ने र वार्ता थाल्ने उपाय छ ?
– *श्याम श्रेष्ठ* ५
● विकासको विनाश कि विनाशको विकास ?
– *डा. पीताम्बर शर्मा* ८
● टाउकोको मूल्य तोकाइबारे नेताहरु के भन्छन् ? ११
● आजको संकटको एकमात्र निकास 'संविधानसभा' नै किन ?
– *प्रकाश* १२

**अर्थतन्त्र :**
● यसरी ओरालो लाग्दैछ नेपाली अर्थतन्त्र
– *विनोद ढुंगेल* १६
● विश्व व्यापार संगठन : बाहिरी रुप प्रजातान्त्रिक, भित्र अपारदर्शी, तानाशाही
– *अनिल भट्टराई* २७

**विश्व कम्युनिष्ट आन्दोलन :**
अर्जेन्टिना : डिसेम्बर जनविद्रोह
– *राजेन्द्र महर्जन* १९

**विज्ञान :**
शिशु स्याहारको बानीले घिस्रने जन्तु डायनासोरलाई उड्ने चरामा विकास गरायो
– *तुल्सीदास महर्जन* २४

**किताब :**
समीक्षाको सार्थक पुस्तक
– गोविन्द वर्तमान २९

**नीति/संस्कृति :**
बौद्धिकता कि दासता ?
– *चन्द्रदेव नेपाली* ३०

**दर्शन :**
सम्भावना र वास्तविकता
– *प्रज्ञानरत्न* ३२

**संस्मरण**
सैनिक हिरासतमा एघार दिन एयरपोर्टदेखि छाउनी ब्यारेकसम्म
– *श्याम श्रेष्ठ* ३४

**घटना र प्रवृत्ति :**
● एकता केन्द्र–मसालले एकताको औपचारिक घोषणा गरे
– *हरिगोविन्द लुईटेल* ४१
● भेनेजुयलामा स–सानो क्रान्ति : प्रतिगमनको छेकबार हो, जुझारु जनआन्दोलन ४२
● युद्ध कुनै समाधान होइन श्रीलंकामा सरकार र लिट्टेबीच संवाद ४२
● पीकेकेले हतियार बिसायो
– *राजेन्द्र महर्जन* ४३
● इजरायलद्वारा प्यालेस्टिनी जनतामाथि आक्रमण ४४

**पाठकको कुरो** ४६



आवरण सज्जा : टाइम्स क्रिएशन, पुतलीसडक, फोनः ४३१६५२ । कलर सेपरेशनः पोलिइमेज, फोनः २५२५७१ ।
कलाकारहरूः लक्ष्मण भुजेल, जि.डि. सारू, यति ग्राफिक्स, *फोन : ४३०७५२* । मुद्रणः इन्द्रेणी अफसेट प्रेस, फोनः ४३७४४८

◀ हाम्रो मूल्यांकन

# सात संसदीय दलको दायित्व

अहिले देश विदेशी हस्तक्षेप, अग्रगमन र प्रतिगमनको तीन दोबाटोमा खडा छ । संसदभित्रका सातैवटा दलहरू एक ढिका भएर विदेशी हस्तक्षेप र प्रतिगमनका हरेक प्रयत्नविरूद्ध खडा हुनु यतिखेर ज्यादै राम्रो कुरा भएको छ । देशको सामाजिक रूपान्तरणको मुख्य मुद्दामा यो काम, यो खालको एकता र सहमति धेरै पहिलेदेखि हुनसकेको भए नेपालको यो दुर्दशा हुने थिएन । भलै, राम्रोसित व्यवहारमा कार्यान्वयन हुनसकेन, तथापि माओवादी नेतृत्वले पनि चैत्र २० गतेदेखि २४ सम्मको नेपाल बन्द एघारौं घण्टामा भए पनि फिर्ता लिएर प्रतिगमनविरूद्ध आफू खडा भएको सन्देश दिएर राम्रो काम गरेको छ । उसले वैशाख १० देखि १४ सम्मको नेपाल बन्द पनि रद्द गरेको भए अझ राम्रो हुने थियो ।

परन्तु सातवटा संसदीय दलहरू एकगठ भएर दुई चारवटा प्रतिगमनविरोधी वक्तव्य जारी गर्दैमा वा एक-दुईवटा आमसभाहरू गर्दैमा अहिले देशले सामना गरिरहेको गम्भीरतम् संकट हल हुनसक्ने देखिँदैन । यसको समाधानको लागि त यी दलहरूले केही यस्ता निकै अप्ठेरा, साहसिक र बुद्धिमत्तापूर्ण निर्णायक कदमहरू चाल्न सक्नुपर्छ, जसले अहिलेको गृहयुद्ध र संकटकाल अविलम्ब अन्त्य गर्छ, जनआन्दोलनबाट हासिल भएका प्रजातान्त्रिक अधिकारहरूलाई निलम्बित गर्ने आदेश र ऐनहरूलाई रद्दीको टोकरीमा पुऱ्याउँछ र देशको सर्वांगीण आर्थिक-सामाजिक-राजनीतिक रूपान्तरणको लागि सरकार र माओवादीसहितको सर्वदलीय सहमति बनाउँछ । यसको निम्ति पहिलो निर्णायक कदम हो- वर्तमान हत्या-हिंसाको सिलसिला तुरून्त रोक्नु, संकटकालको अन्त्य गर्नु र माओवादीसित संवादको सिलसिला शुरू गर्नु ।

वर्तमान गृहयुद्धको सिलसिला माओवादीले शुरू गरेका हुनाले माओवादीले नै अहिले एकतर्फी अस्थायी युद्धविरामको प्रस्ताव गर्नु उचित हुन्छ । वार्ताको ढोका चाहिँ सरकारले नै खोल्नुपर्छ, किनकि उसैले गर्दा अहिले वार्ता रोकिएको छ । संकटकाल आगामी जेठ १० गते नीडर र दृढ भएर एमालेले थपेन भने- स्वतः समाप्त भइहाल्छ ।

परन्तु सरकारको हतियार बुझाए मात्र वार्ता गर्ने हठले संवादको सिलसिला शुरू गर्न र हत्या-हिंसा रोकन मुख्य तगारो सृजना गरेको छ । हतियार त विद्रोहीहरूले दुईवटा स्थितिमा मात्र बुझाउन तयार हुन्छन् : एक, युद्धमा हारेर आत्मसमर्पण गर्दा । दुई, वार्ताबाट आपसी सहमतिको निश्चित विन्दुमा पुग्दा । के विद्रोहीले हतियार बुझाउनलाई दुईमध्ये कुनै स्थिति नेपालमा यतिबेला विद्यमान छ र ? स्थिति नै विद्यमान नभइकन हतियार नबुझाई वार्ता हुन्न भन्नु कूटनैतिक भाषामा वार्ताको ढोका थुन्ने नितान्त गैरजिम्मेवार हठ सिवाय केही होइन ।

तसर्थ, सरकारको नाममा कांग्रेस पार्टीले एमालेसित मिलेर तुरून्त कार्यमूलक ह्वीप जारी गर्नुपर्‍यो कि सरकारले 'हतियार नबुझाई वार्ता गर्दिनँ' भन्ने हठ छोडोस्, तुरून्त वार्ताको लागि पहलकदमी गरोस् । हतियारको सवाल वार्ताको सहमतिको निश्चित विन्दुमा टुंग्याइयोस् । होइन, सरकार मान्दैन, टेर्दैन भने सरकार नै फेरोस् ।

सातवटा संसदीय दलले अहिले माओवादीलाई पनि विश्वासमा लिएर ध्वंसात्मक गतिविधि बन्द गर्न, व्यक्तिहत्या रोक्न र तुरून्तै युद्धविरामको लागि प्रस्ताव गर्न आग्रह गरून् । प्रारम्भमा तुरून्तै यति हुनसक्यो भने बल्ल रक्तपात बन्द हुन्छ, देशले चैनको सास फेर्छ । परन्तु सबैभन्दा गाह्रो र महत्वपूर्ण पाटो हो- संकटको दीर्घकालीन राजनैतिक निकास निकाल्ने पाटो र व्यापक आर्थिक-सामाजिक सुधारको लागि साझा राष्ट्रिय सहमति तयार पार्ने पाटो । यिनै निकास र सुधारका काम हुन नसक्नाले जनताहरू वर्तमान व्यवस्था र संसदीय नेतृत्वप्रति निराश हुने र अविश्वास गर्ने विन्दुमा पुगेका छन् ।

हाम्रो ठम्याइमा- अन्तरिम सरकारको मातहतमा संविधान सभाको निर्वाचन गराउनु नै अहिलेको संकटको सही राजनीतिक निकास हो । किनकि, यसो गर्दा माओवादी विद्रोह अरू उता बढ्दैन, मूल माग पूरा हुनाले यसपछि माओवादीहरू राष्ट्रिय राजनीतिमा सामेल हुन्छन् र यसो गर्दा उनीहरूको सेनालाई राष्ट्रिय सेनामै एकीकृत गरेर माओवादी सेनाको अस्तित्वको समस्या हल गर्न उनीहरू मंजुर हुने संभावना ज्यादा रहन्छ । दोस्रो, वर्तमान शक्ति सन्तुलनमा यसो गर्ने बित्तिकै गणतन्त्र आउने संभावना कम छ । परन्तु यसबाट संवैधानिक राजतन्त्र वास्तविक अर्थको संवैधानिक राजतन्त्रमा बदलिन्छ । स्थानीय निकाय, जाति, जनजाति, महिलाहरू र धर्मावलम्बीहरू अहिलेभन्दा बढ्ता अधिकार सम्पन्न हुन्छन् । संविधानमा अधिकतम प्रजातान्त्रिक सुधार हुन संभव हुन्छ । तेस्रो, र सबैभन्दा महत्वपूर्ण कुरा सार्वभौम नेपाली जनताले पहिलो चोटि आफ्नो संविधान आफैं बनाउँछन् । यसदेखि बाहेक, उनीहरूले माओवादीसहित भएर- व्यापक आर्थिक-सामाजिक सुधार र परिवर्तनको साझा खाकासमेत खिच्नु आवश्यक छ ।

यी तीनवटै कार्य संसदका सातवटा दलहरूले, मुख्यगरी कांग्रेस र एमालेले संसदबाहिरका पार्टीहरूलाई पनि विश्वासमा लिएर माओवादीसित अन्तरंग वार्ता गरेर गर्न सक्दा नै वर्तमान रक्तपातको सिलसिला रोकिन संभव छ, देशमा शान्ति छाउन संभव छ र देश विकासको र अग्रगमनको बाटोमा लम्किनु र विदेशी हस्तक्षेप रोकिनु संभव छ । देश अग्रगमनमा लम्किन सक्नु भनेकै विदेशी हस्तक्षेप र प्रतिगमनको प्रयत्न जरैमा असफल हुनु हो । ❑

◀ छाप्दाछाप्दै

# लिस्ने लेक, गाम र युद्धविरामको वास्तविकता के हो ?

४०० देखि ६०० जनासम्म माओवादी मारिएको भनिएको र अहिलेसम्मको सबैभन्दा ठूलो माओवादी पक्षको नोक्सानी दावी गरिएको लिस्ने लेकको भीडन्त अन्ततः 'हात्ती आयो हात्ती आयो फुस्सा' ठहरिएको छ । युद्धरत क्षेत्रबाट हालै फर्केका केही व्यक्तिहरू, भीडन्तबाट फर्केको स्थानीय सुरक्षा निकाय र विश्वस्त जानकार सूत्रहरूसितको **मूल्यांकन**को कुराकानीबाट के थाहा लागेको छ भने- लिस्ने लेकमा जम्मा २० जनामात्र माओवादीहरूको मृत्यु भएको छ र त्यसमध्ये माओवादी छापामारहरू एकजना पनि परेका छैनन् । जम्मै मर्नेहरू माओवादी छापामार आक्रमणको व्यवस्थापन पक्ष सम्हाल्नेहरू मात्र छन् । करिब १० जना स्थानीय गाउँलेहरू हराइरहेका छन्, उनीहरू अहिलेसम्म नभेटिएबाट उनीहरूको पनि हत्या भएको हुनसक्ने अनुमान गरिएको छ ।

प्यूठान र रोल्पा जिल्लाको सिमानामा पर्ने प्यूठानको जुम्रीकाँढा गा.वि.स- ७ स्थित लिस्ने लेकमा यथार्थमा माओवादीको कुनै तालिम केन्द्र नै नभएको तथ्य पनि जानकार सूत्रहरूबाट थाहा लागेको छ । वैशाख १९ गते बिहिबारका दिन माओवादीहरू त्यहाँ ३-४ हजारको संख्यामा भेला भएका थिए । आफ्ना नेताहरूको टाउकोको मूल्य सरकारले तोकेको प्रतिक्रियामा प्यूठान र रोल्पाका केही महत्वपूर्ण ठाउँहरूमा छापामार आक्रमण गर्न जाने उद्देश्य राखेर उनीहरू त्यहाँ आक्रमणअघिको 'ओरियण्टेशन' कार्यक्रमका लागि भेला भएको थाहा लागेको छ । परन्तु, त्यो कार्यक्रमको सुइंको सरकारी सेनाले कतैबाट प्राप्त गऱ्यो र अकस्मात् वैशाख १९ गते दिउँसो र त्यसपछि लगातार हेलिकोप्टरबाट लामो दूरीका अस्त्र प्रयोग गरेर आक्रमण गऱ्यो । वैशाख २१ गते जमीनबाट घेराउ गर्दै स्थल सेना पनि त्यहाँ पुग्यो । परन्तु सरकारी सेना त्यहाँ पुग्दा छापामारहरू महत्वपूर्ण हात-हतियारसहित त्यहाँबाट उम्किसकेका थिए । त्यहाँ सामान ओसार्ने क्रममा बाँकी रहेका मान्छेहरू २० जनामात्र सेनाको आक्रमणमा परेर मरे । सेनाले त्यहाँ त्यसमध्ये पनि १४ वटा लाशमात्र फेला पारेको थियो ।

यथार्थमा रोल्पा जिल्लाको गामको सुरक्षा निकायको अस्थायी आधारशिविरमा वैशाख २४ गते राती भएको आक्रमण लिस्नेबाटै उम्केको छापामार दस्ताले गरेको बुझिएको छ । गामको आक्रमणमा कम्तीमा १४६ जना सुरक्षाकर्मीहरू मारिएको युद्धरत क्षेत्रबाट हालै फर्केका स्रोतहरूले बताएका छन् । सुरक्षाकर्मीहरू १०४ जना मरेको त सरकारले नै पुष्टि गरिसकेको छ । सेनानीसहित ५७ जना अहिलेसम्म हराइरहेको बताइएको छ । परन्तु उनीहरू मारिएको हुनसक्ने आशंका गरिएको छ । सैनिक सूत्रले त्यहाँ माओवादीहरू पनि ठूलै संख्यामा मारिएको र त्यहाँ भेटिएका उनीहरूका लाशहरूको संख्या २७० भएको दावी गरेको छ । परन्तु स्वतन्त्र स्रोतहरूले यो कुराको पुष्टि गरेका छैनन् ।

गाम माओवादीको आधारइलाकाभित्र पर्ने रोल्पाको संवेदनशील ठाउँ हो । त्यहाँ सरकारले पहिलो पटक गएको महिनामा मात्र अस्थायी आधारशिविर स्थापना गरेको थियो । आक्रमणको समयमा त्यस शिविरमा ४० जनपद प्रहरी, ३१ सशस्त्र प्रहरी र १०३ शाही सेनाका जवानहरू गरी जम्मा १७४ जना थिए भन्ने कुरा सुरक्षा निकायको उच्च सूत्रले बताएको छ । सूत्रका अनुसार ३३ सैनिक, १६ सशस्त्र प्रहरी र २१ जनपद प्रहरी गरी जम्मा ६० जना आक्रमणको बखत गस्तीमा गइरहेका थिए र उनीहरू बचेका छन् ।

यसैबीच माओवादीले एक महिने युद्धविरामको घोषणा गऱ्यो भनेर हालै विश्वभरि प्रचारित वक्तव्य भूठो हो भनेर माओवादीका अध्यक्ष प्रचण्डले त्यसको खण्डन गर्नुभएको छ ।

उहांको वक्तव्यमा भनिएको छ : "हामी हिजो हाम्रो पार्टीको नाममा प्रचार गरिएको तथाकथित युद्धविरामको घोषणा पूर्णतः भूठो, कृत्रिम र बेइमानीपूर्ण रहेको तथ्य स्पष्ट पार्न चाहन्छौं ।" वक्तव्यमा अन्त्यमा भनिएको छ : "थोरै पनि सकारात्मक स्थिति देखिएमा युद्धविराम गरी बहसमा आउन हामी तयार छौं ।" ❑

# के युद्ध रोक्ने र वार्ता थाल्ने उपाय छ ?

श्याम श्रेष्ठ

## *किन वार्ता भएन ?*

हाम्रो देशको राजनीतिमा यतिबेला अनौठा हेरफेर र विरोधाभाषहरू देखापरिरहेछन् । शेरबहादुर देउवा, जो माओवादीसित वार्ता गर्ने मुख्य मिसन बोकेरै प्रधानमन्त्रीको कुर्सीमा आएका थिए, उनी अहिले वार्ताको उच्चारणसमेत गर्न नसक्ने बिन्दुमा पुगेका छन् । कांग्रेस सभापति गिरिजाप्रसाद कोइराला, जो प्र.म. छउञ्जेल माओवादीसित संवाद गर्ने कुराको कट्टर विरोधी थिए, अहिले वार्ताको अत्यन्त पक्षपाती भएर निक्लेका छन् । यो अन्तर केले ल्यायो ? कुनै व्यक्ति सिंहदरवारको घुम्ने मेचमा हुनु-नहुनुले मात्र यो अन्तर ल्याएको हो कि व्यक्तिको सोचमा नै तात्विक अन्तर आएको हो ?- त्यो हेर्न बाँकी छ । परन्तु अन्तर अवश्य आएको छ र ठूलै आएको छ ।

यस्तो प्रतीत हुन्छ- प्र.म. शेरबहादुर देउवा जसरी पनि कुर्सी बचाउने धन्दामा यतिबेला प्रतिगामी तत्व, विदेशी प्रभुत्ववादी तत्व र हतियार माफियाहरूको माकुरे जालमा फँसेका छन् । तिनीहरू सबैलाई नेपालमा यतिखेर वार्ता र शान्ति होइन, गृहयुद्ध र संकटकाल चाहिएको छ ।

प्रतिगामी तत्वका लागि गृहयुद्ध र संकटकाल यस कारणले चाहिएको छ, किनकि यसको निहुँमा होलसेलमा संभव नभए पनि अंश-अंशमा देशलाई प्रतिगमनको बाटोमा लान सकिन्छ । २०४६ सालमा दिन बाध्य हुनुपरेका प्रजातान्त्रिक हक र स्वतन्त्रताहरू क्रमबद्ध रूपमा खोस्न पाइन्छ । राजनीतिको मेरूदण्ड अर्थतन्त्र र उद्योग व्यवसायलाई ज्यादै छिटो धराशायी पार्न पाइन्छ, र भन्न पाइन्छ कि यो सबै बहुदलीय व्यवस्था र त्यसका भ्रष्ट नाकाम नेताहरूले गर्दा भएको हो । गृहयुद्धकै बेला बजेटको अरबौंको थैलीमाथि अपारदर्शी ढंगले चलखेलसमेत गर्न पाइन्छ ।

नेपालमा यतिबेला वार्ता र शान्ति होइन, गृहयुद्ध र अशान्ति भइरहेको खोज्ने अर्को मुख्य तत्व अमेरिकाको बुश सरकार हो । उसलाई उसको देशको महाधनाढ्य एकाधिकार पूँजीपति वर्गको स्वार्थरक्षाको निम्ति र विश्वको एक्लो महाशक्ति राष्ट्र बनिरहने साम्राज्यवादी स्वार्थका निम्ति नेपालमा गृहयुद्ध र संकटकालको निरन्तरता जरूरी भएको छ । चीन यही आर्थिक वृद्धिको गतिमा अघि बढी रहेमा अबको १५ वर्षमै अमेरिकालाई समेत उछिन्ने विश्वको एक नम्बरको आर्थिक महाशक्ति बनेर निक्लँदैछ । आर्थिक महाशक्ति हुनुको तात्पर्य हो- राजनीतिक रूपमा पनि महाशक्ति बन्नु । अमेरिकी सरकार यो संभावनाबाट ज्यादै धेरै छट्पटिएको छ । उसको अहिलेको विश्व परराष्ट्रनीतिको मुख्य उद्देश्य नै चीनलाई आर्थिक-राजनीतिक महाशक्ति बन्नबाट रोक्नु रहेको छ । यसैको निम्ति उसलाई चीनलाई चारैतिरबाट घेर्नु र अशान्ति मच्चाउनु अत्यावश्यक भएको छ । यही हुनाले बुश सरकार यतिबेला चीनलाई चारैतिरबाट घेर्न र चीनको वरिपरिका प्रायः सबै मुलुकमा सैनिक अड्डा वा खुफीया गतिविधि केन्द्र स्थापना गर्न प्रयत्नशील छ ।

अफगानिस्तानमा तालिवान सरकार हटाएर कठपुतली सरकार ल्याउनुको पछाडि पनि उसको एउटा मुख्य भित्री उद्देश्य यही थियो । अहिले ऊ चीन वरिपरिका उज्वेकिस्तान, किर्गिस्तान, कजाकस्तान, ताजिकिस्तान, रूस र मंगोलियामा यही कार्य गर्न खोज्दैछ । कतिपयमा त ऊ समर्थ नै पनि भइसक्यो । यही उद्देश्यले तिब्बतमा घुस्न र गडबड मच्चाउन नेपाल अमेरिकाको लागि ज्यादै महत्वपूर्ण रणनीतिक आधारभूमि भएकाले नेपालमा ऊ फौजी अड्डा वा खुफीया गतिविधि केन्द्र स्थापना गर्न उद्यत छ । नेपालमा गृहयुद्ध भइराख्यो भने त्यसलाई सहायता गर्ने निहुँमा नेपालमा अमेरिकी फौजी मिसन वा गतिविधि केन्द्र स्थापना गर्न र संचालन गरिरहन पाइन्छ । गृहयुद्ध बन्द भयो भने उसको यो प्रयत्न पारदर्शी हुनजान्छ, चारैतिरबाट यसको विरोध हुन्छ ।

यही निहित स्वार्थको कारणले यूरोपेली संघले वार्ताको निम्ति जोड दिने नीति अख्तियार गर्दागर्दै पनि अमेरिकाचाहिँ वार्ताविरोधी र सैन्यदमन अनि गृहयुद्धको पक्षधर भएर प्रस्तुत भइरहेको हो । नेपालमा सैनिक तालीमकर्ता र सल्लाहकार पठाउने, दुई करोड डलरको सैनिक सहायता दिने, नेपाली सैनिकलाई तालिम दिने- उसका यी सबै गतिविधिको मुख्य कारण यही देखिन्छ । देउवासित अमेरिकी राष्ट्रपतिको विशेष भेटघाटको गूढ रहस्य पनि यही हो । एक विश्वस्त सूत्रले जनाएअनुसार, अहिले नेपालमा त्यही अमेरिकी वित्त टीम आएको छ, जुन टीमले ९० को दशकमा पेरूमा साइनिङ्ग पाथलाई धराशायी पार्न काम गरेको थियो ।

हतियार माफीयाहरूलाई पनि नेपालमा गृहयुद्धको निरन्तरता चाहिएको छ, किनकि यसो भएमा नै उनीहरू सरकार र माओवादी दुवैतिर वर्षेनी अरबौं रूपैयाँको हतियार


प्र.म. देउवा


नेपाली कांग्रेस सभापति गिरिजाप्रसाद कोइराला


प्रधान सेनापति प्रज्वलशमशेर जबरा

बेचिरहन समर्थ हुन्छन् ।

यसरी नेपालमा यतिखेर प्रतिगामी शक्ति, अमेरिकी साम्राज्यवाद, हतियार माफीया र देउवा सरकारको फलामे चौकोण बन्दैछ । गिरिजा पक्षको अपदस्थ गर्ने प्रयत्नबाट आफ्नो कुर्सी जसरी पनि बचाउन प्र.म. देउवा यो चौकोणमा सामेल भएका छन् ।

माओवादी नेतृत्व यतिबेला आधिकारिक तवरले भनिरहेछ- सरकारले सकारात्मक प्रत्युत्तर दिने हो भने ऊ युद्धविरामको लागि शुरू पहल गर्न तयार छ । समाजको अग्रगमनको लागि सकारात्मक राजनीतिक निकासको पक्षमा सरकार छ भने ऊ कुनै पनि वेला जुनसुकै तहमा, जहाँसुकै पनि वार्ताको टेबिलमा आउन तयार छ । संविधानसभाको कुरा मिल्यो भने माओवादी नेतृत्व अहिले आफ्नो सेनालाई राष्ट्रिय सेनासित एकीकृत गर्नसमेत तैयार छ भनिरहेको छ । हालै वैशाख १८ गतेमात्र प्रकाशित अध्यक्ष प्रचण्डको वक्तव्यअनुसार पनि 'वार्ताको लागि आवश्यक पर्ने कुनै पनि कदम चाल्न तयार छौं' भनिएको छ । तर अहिलेको सबैभन्दा ठूलो दुःखान्त के हो भने अहिले युद्धविराम, वार्ता र निकासको निम्ति माओवादी यति सकारात्मक हुँदा पनि वार्ताकै मिसन बोकेरै सिंहदरवार पसेका प्रधानमन्त्री 'ठीक छ त म वार्ता गर्छु' भन्न सकिरहेका छैनन्, न त युद्धविरामकै पहलको सकारात्मक प्रत्युत्तर दिन उनी मंजुर छन् । उनी भनिरहेका छन्- "माओवादीले सर्वप्रथम हतियार बुझाओस् अनि वार्ता गर्न तैयार छु ।" तर आधारभूत प्रश्न के हो भने माओवादीले हतियार बुझाएपछि सरकारलाई उनीहरूसित वार्ता गर्नुपर्ने आवश्यकता नै किन बाँकी रहन्छ ? यो त सरासर आत्मसमर्पण भइहाल्यो नि । अनि युद्धमा नहारी माओवादी किन यतिबेला आत्मसमर्पणका लागि तैयार हुन्छ ?

विश्वमा थुप्रै ठाउँमा युद्धरत विद्रोहीहरूसित सरकारले वार्ता गरेको इतिहास छ । परन्तु युद्धरत शक्तिशाली विद्रोहीसित वार्ताको लागि हतियार बुझाउने पूर्वशर्त राखेको एउटा पनि उदाहरण विश्वमा कहीं पनि भेटिन्न । परन्तु नेपालका प्रधानमन्त्री चाहिं यस्तो असंभव, सिल्ली शर्त वार्ताको निम्ति किन अघि सारिरहेछन् ? यथार्थमा सरकारले वार्ताको लागि हतियार पहिले बुझाऊ भन्नुको तात्पर्य हो- त्यस्तो शर्त राख्ने, जुन स्वीकारेर माओवादी वार्तामा आउनै सक्दैन । आउनै नसकेपछि वार्तै हुँदैन । यथार्थमा यो कूटनैतिक भाषामा वार्ताको ढोका पूरै बन्द गरेको संकेत हो ।

यसरी नेपालमा यतिखेर प्रतिगामी शक्ति, हतियार माफिया, अमेरिकी सरकार र देउवा सरकारको जुन फलामे चौकोण बन्दैछ, त्यसले नै वार्ताको लागि निर्णायक तगारो सृजना गर्दैछ । देउवाले आफ्नो वार्ताको मिसन नै पूर्णतया छोड्नुको असली कारण पनि संभवतः यही हो । देउवा हिजो कुर्सीकै निम्ति माओवादीसित वार्ताको कुरा गर्दै थिए, आज उनी कुर्सीकै लागि माओवादीसित वार्ता गर्न असंभव हुनेगरी पूर्वशर्त अघि सार्दैछन् । उनको मुख्य कुरा कुर्सी सुरक्षित गर्नु भएको छ, वार्ता र शान्ति होइन । कुर्सी त उनको व्यापकतम जनताको मन जितेर, देशमा शान्ति सुव्यवस्था कायम गरेर, देशलाई अग्रगमनको दिशामा लगेर पनि सुरक्षित हुन्थ्यो । परन्तु उनले चाहिं त्यसको बदलामा प्रतिगामी शक्तिसित, विदेशी हस्तक्षेपकारी शक्तिसित, हतियार माफियासित त्वम् शरणम् गरेर कुर्सी जोगाउने बाटो रोजे । त्यसैले, देशको सर्वाधिक शक्तिशाली कुर्सीमा पुगेर पनि उनी ज्यादै शक्तिहीन र निरीह व्यक्तिका रूपमा देखिएका छन् ।

यो स्थितिमा देशमा पुनः शान्तिवार्ताद्वारा अग्रगमनकारी राजनीतिक निकास निकाल्ने हो भने या त देउवालाई यो फलामे चौकोणबाट बाहिर निक्लिन बाध्य पारिनुपर्छ, या कुर्सीबाट बाहिरिन । अरू कुनै उपायबाट सरकार-माओवादी वार्ता हुने र देशमा गृहयुद्ध रोकिने संभावना तत्काल देखिन्न । यो कार्य यतिबेला नेपाली कांग्रेस पार्टी र एमाले मिलेर निर्णायक र प्रभावकारी दबावको कदम चालेमा मात्र हुन संभव छ । उनीहरू संवैधानिक तवरले र वर्तमान संसदीय शक्ति सन्तुलनको हैसियतले भन्न सक्छन्- कुर्सीको फिक्री गर्नुपर्दैन, त्यो हामी जोगाइदिन्छौं । परन्तु या त प्रतिगामी तत्व, हतियार माफिया र विदेशी हस्तक्षेपकारी तत्वको चौकोणबाट बाहिर आऊ, आफ्नो घोषित वार्ता र शान्तिको मिसन पूरा गर, त्यो सकिन्न भने कुर्सीबाट बाहिर जाऊ, यहाँ अरू कोही आउनेछ, जसले यो मिसन पूरा गर्नसक्छ ।


*प्रमुख प्रतिपक्षी नेता माधवकुमार नेपाल*

> सरकार-माओवादी वार्ता हुन र देशमा गृहयुद्ध रोक्नका लागि यतिबेला नेपाली कांग्रेस पार्टी र एमाले मिलेर निर्णायक र प्रभावकारी दबावको कदम चालेमा मात्र संभव छ

### *यो युद्ध धान्न सकिन्न*

यसो गर्नु राष्ट्रको लागि नितान्त जरूरी भइसकेको छ । किनभने यो संकटकाल र गृहयुद्ध राष्ट्रले अब थप धान्न सक्ने स्थिति नै छैन । संकटकाल र गृहयुद्धले गर्दा उद्योग व्यवसायहरू र पर्यटन त धराशायी भई नै सकेका छन्, सिंगो देशको अर्थतन्त्र नै निक्कै छिटो धराशायी हुँदैछ ।

संसदको राज्य-व्यवस्थाको समितिमा वैशाख १७ गते अर्थमन्त्री र अर्थसचिव स्वयंले प्रस्तुत गरेका आँकडाहरूका अनुसार अझै गृहयुद्ध लम्बिने हो भने- देशको सम्पूर्ण राजस्वले मुलुकको साधारण खर्चसमेत धान्न नसक्ने स्थिति पैदाभइसकेको छ, विकास-निर्माण खर्च त टाढैको कुरा रह्यो । युद्ध यथावत् रह्यो भने यस्तो स्थिति पैदा हुँदैछ कि आगामी बजेटमा नै राजस्वको सम्पूर्ण रकम एक पैसा पनि विकास खर्चमा नलगाएर साधारण खर्चमा (अर्थात् प्रशासनिक खर्चमा)मात्र लगाएमा पनि साधारण खर्चमै न्यूनता हुने स्थिति सृजना भइसकेको छ । किनभने रक्षा तथा गृहमन्त्रालयबाट आगामी वर्षको निम्ति पहिले माग गरेको बजेटदेखि बाहेक थप ९ अर्ब ८५ करोड रूपैयाँ माग भएको छ । यो माग पूरा गर्ने हो भने राजस्वबाट उठ्ने सबै थैली साधारण खर्चमा सिध्याउने हो भने पनि साधारण खर्च धान्न नै थप ५ देखि ६ अर्ब रूपियाँ ऋण लिनु पर्ने स्थितिमा राज्य पुग्छ । साधारण खर्च धान्न राजस्वको थैली खर्च गर्दैमा राज्य टाट पल्टन्छ । अर्थात् विकास र निर्माणका लागि खर्च गर्न एक कौडी पैसा पनि राज्यसित बाँकी रहँदैन । विदेशी ऋण र सहयोगका भरमा मात्रै विकास-निर्माणका कार्यहरू आधारित गर्नुपर्ने भयावह स्थितिमा देश पुग्नेछ ।

संसदको राज्य-व्यवस्था समितिमा बोल्दै अर्थमन्त्री रामशरण महतले के स्पष्ट पारेका छन् भने- "राजस्व संकलन १९ प्रतिशतले वृद्धि हुने अनुमान गरिएकोमा साँढे चार प्रतिशतमा झरेको र सुरक्षा खर्च बढेको स्थितिमा राजस्वबाट साधारण खर्च नै धान्न सकिँदैन ।"

स्मरणीय छ, चालु आर्थिक वर्षमा ६० अर्ब रूपैयाँ राजस्व उठ्ने अनुमान गरिएको थियो । परन्तु अर्थमन्त्रीका अनुसार संकटकाल र गृहयुद्धले पैदागरेको आर्थिक शिथिलताले गर्दा ५३ अर्ब रूपैयाँभन्दा ज्यादा राजस्व उठ्ने स्थिति देखिँदैन । युद्ध लम्बियो भने अर्को वर्ष अहिले उठेभन्दा ज्यादा राजस्व उठ्ने स्थिति देखिन्न । परन्तु माग भएअनुरूप साधारण खर्च छुट्याउने हो भने ५९ अर्ब रूपैयाँ छुट्याउनु पर्ने हुन्छ । यस हिसावले साधारण खर्च धान्न नै थप ६ अर्ब रूपैयाँ ऋण लिनुपर्ने स्थिति सृजना हुन्छ ।

यही कारणले यो संकटकाल र गृहयुद्ध आर्थिक हिसाबले नै राष्ट्रले धान्ने स्थिति छैन । यसलाई लम्ब्याउनुको मतलब हो- देशलाई माथि उठ्नै नसक्ने गरी टाट पल्टाउनु, सम्पूर्ण अर्थतन्त्रलाई सैन्यीकरण गर्नु र विकासका निम्ति सिंगो राज्यले विदेशीहरूसमक्ष त्वम् शरणम् गर्नुपर्ने स्थिति सृजना गर्नु । के यो स्थिति सृजना गर्नु उचित छ ?

नागरिकहरूको हत्याको हिसाबले पनि यो युद्ध धान्न सकिने स्थिति छैन । मानवअधिकारवादी संस्था- इन्सेकका अनुसार जनयुद्ध शुरू भए यतादेखि यही वैशाख ७ गतेसम्ममा ३,५४९ नेपालीको ज्यान गइसकेको छ । त्यसमध्ये राज्यका तर्फबाट

२,२६३ जनाको हत्या भएको छ भने माओवादीको तर्फबाट १,२८६ जनाको । अर्थात् माओवादीले एक जनाको हत्या गर्दा राज्यले लगभग २ जनाको ज्यान लिइरहेको छ । संकटकाल घोषणा भएयतामात्र वैशाख ७ सम्ममा १,७४६ जना नागरिकहरू मृत्युको शिकार हुन पुगेका छन् । त्यसमध्ये माओवादीका तर्फबाट ४७६ जनाको हत्या भएको छ भने राज्यका तर्फबाट १,२७० जनाको । यसको मतलब संकटकालपछि माओवादीले एकजना नेपालीको हत्या गर्दा राज्यले मोटामोटी रूपमा ३ जनाको ज्यान मारिरहेको छ । आधुनिक नेपालको इतिहासमा यति छोटो समयमा राज्य र विद्रोहीका बीच चलेको गृहयुद्धका कारणले पनि धेरै नागरिकहरूको ज्यान मरिरहेको यो पहिलो पटक हो ।

हत्या-हिंसाको यो श्रृंखलाले पैदागरेको सबैभन्दा ठूलो विकृति के हो भने नेपालमा यतिखेर नागरिकहरूको हत्याप्रति आमनेपाली जनतामा संवेदनशून्यताको स्थिति पैदाभएको छ । देशमा अब मान्छे मार्नु र झिंगा-भुसुना मार्नु बराबर भएको छ । एक दशकअघि एकजना अनीश शाक्य वा सम्झना दाहाल अनाहकमा मारिँदा सिंगो देश जुर्मुराएर उठ्थ्यो, परन्तु अहिले हरेक दिन दर्जनौं नागरिकहरू मारिँदा पनि कसैको दिल नचिमोटिने स्थिति सृजना भएको छ । नागरिकको ज्यान कुनै पनि सभ्यतामा सबैभन्दा मूल्यवान कुरो हुनुपर्छ । परन्तु यहाँ त बेलुकी सद्दे सुतेको मान्छे बिहान सद्दे बाँकी रहन्छ कि रहन्न भन्ने कुरामै अनिश्चितता पैदाभएको छ ।

समग्र अर्थतन्त्रको सैन्यीकरण, नागरिकको जीवनको यति भयावह अवमूल्यन र असुरक्षा, नागरिकहरूको हत्याप्रति यति चर्को संवेदनशून्यता, हरेक क्षण भय र आतंक, हरेक दिन दर्जनौं मानिसको हत्या- देशले यो स्थिति धेरै दिन धान्नै सक्दैन । यही हिसाबले पनि अविलम्ब वार्ता र युद्धविराम, अविलम्ब संकटको शान्तिपूर्ण राजनीतिक निकास देशको निम्ति अपरिहार्य भएको छ ।

## माओवादीका क्रमबद्ध भूलहरू

देशमा यतिबेला नेतृत्वशून्यताको स्थिति छ । देश अहिले गम्भीर संकटमा छ, परन्तु यो संकटबाट देशलाई पार लगाउने क्षमता, नैतिक साहस र बुद्धिमत्ता भएको नेतृत्व संसदीय डबलीमा देखापरिरहेको छैन । नेतृत्वको जुन स्थान यतिबेला रिक्त भएको छ, त्यो क्रान्तिकारीहरूको लागि अत्यन्त अनुकूल परिस्थिति हो, किनकि त्यो स्थानमा अब उनीहरू उभिन सक्छन् । परन्तु यसको लागि उनीहरूले आफूलाई सबैभन्दा जिम्मेवार, भरोसायोग्य, रचनात्मक बुद्धिमत्तायुक्त र सबैलाई संगेटेर लान सक्ने हदको ठूलो छाती भएको सावित गर्नसक्नु पर्दछ । जन नेतृत्व भन्ने कुरा बल र चलाखीले प्राप्त हुन सक्दैन, आस्था र विश्वास आर्जन गरेरमात्र प्राप्त हुनसक्छ ।

नेपालमा यतिखेर नागरिकहरूको हत्याप्रति आमनेपाली जनतामा संवेदनशून्यताको स्थिति पैदाभएको छ । देशमा अब मान्छे मार्नु र झिंगा-भुसुना मार्नु बराबर भएको छ ।

परन्तु नेपालमा यतिबेला उल्टो भइरहेछ । माओवादीले विगत ६ वर्षको दौरानमा तीनवटा अत्यन्त महत्वपूर्ण उपलब्धि हासिल नगरेका होइनन्, जस्तो कि, पहिलो, प्रतिक्रियावादीवर्ग र सत्तामा गम्भीर अस्तित्वको संकट, यथास्थितिमा उनीहरू बाँच्नै नसकिने स्थिति; दोस्रो, देशमा अधिकांश भागमा द्वैत सत्ताको स्थिति; र तेस्रो, पन्छाउनै नमिल्ने सामाजिक शक्तिका रूपमा जुझारू भौतिक शक्तिको आर्जन र त्यही कारणले सिंगो देशको राजनीतिक बहस र गतिविधि माओवादीले सृजना गरेको चुनौति र संकटउपर केन्द्रित हुने स्थिति । यी तीनवटा ज्यादै नै महत्वपूर्ण उपलब्धिहरू हुन्, जुन ज्यादै छोटो समयमा माओवादीहरूले हासिल गरेका छन् । तर माओवादी नेतृत्वले यता आएर एकपछि अर्को त्यस्ता मूर्खतापूर्ण महाभूलहरू गर्दैछ, जसको कारणले आमजनसमुदायमा उसको छवि सबैभन्दा गैरजिम्मेवार, भरोसा गर्न नसकिने, विध्वंशकारी र आफू सिवाय अरू प्रगतिकामी शक्तिलाई बाँच्नै नदिने रक्तपिपासु र संवेदनहीन शक्तिका रूपमा देखा पर्दैछ । उसका क्रमवद्ध महाभूलहरूले गर्दा एकातिर उसले हासिल गरेका उपलब्धिहरू नै ताकमा पर्ने स्थिति सृजना हुँदैछ भने, अर्कातिर प्रतिगामी शक्ति, पश्चिमेली साम्राज्यवादी शक्ति र हतियार माफियाहरू देशमा कसैप्रति पनि विश्वास बाँकी नरहने स्थिति सृजना गर्न सक्षम भइरहेछन् ।

माओवादीहरूले अहिले आमजनतालाई नभई नहुने, त्यो नहुँदा जनताको दुःख-सास्ती ज्यादै बढ्ने खालका विकास आयोजनाहरूलाई, संस्थाहरूलाई आमरूपमा ध्वस्त गर्दैछन् । जनताको वस्तीको खानेपानीको पाइप भत्काई दिनु, स्वास्थ्य चौकी ध्वस्त पार्नु, विद्युत आयोजनामा ध्वस्त पार्नु, हुलाक र टेलिफोन टावर भत्काउनु, सडक र पुल भत्काउनु यसका ज्वलन्त उदाहरण हुन् ।

आमजनताले, विशेषतः विपन्न वर्गका जनताले, जेलाई विकास ठान्दछन्, जुन हुनाले उनीहरूको जीवनमा सुख-सुविस्ता बढ्छ, प्रगति हुन्छ, समय र खर्चको बचत हुन्छ, त्यसलाई अन्धाधुन्ध ध्वस्त पार्नाले जनतामा जाने सन्देश के हो भने- यो शक्ति जनताको दुःख-सास्ती र प्रगतिप्रति पटक्कै संवेदनशील छैन । यो नितान्त विकासविरोधी, अ-जनमुखी र गैरजिम्मेवार शक्ति हो । धनी र संपन्न व्यक्ति, जो शहरमा जान सक्छन्, बसोबास गर्न सक्छन्, उनीहरूलाई न त स्थानीय स्वास्थ्य चौकी आवश्यक हुन्छ, न गाउँले खानेपानी, न हुलाक, न अन्य विकास आयोजनाहरू । ती सब चाहिने त ज्यादाजसो विपन्न वर्गलाई हो, जसलाई गाउँमै रहनु सिवाय अर्को विकल्प हुँदैन । यस्ता आधारभूत विकास आयोजनाहरूलाई माओवादीले किन ध्वस्त पार्दैछ ? स्थानीय गा.वि.स.भवन आफैं पनि मुश्किलले जनताकै पैसा र श्रमदानबाट बनेको, भरे आफैंलाई नभई नहुने, धेरै जनतालाई पायक पर्ने सार्वजनिक भौतिक पूर्वाधार हो । माओवादीको सत्ता आउँदैमा यस्ता भवन आकाशबाट टुप्लुक्क खस्दैनन्, पुनः जनश्रमदानबाट बनाउनै पर्ने हुन्छ । त्यस्ता भवन माओवादीहरू किन ध्वस्त पार्दैछन् ?

चीनियाँ क्रान्तिको र क्रान्तिकारी गृहयुद्धको इतिहास हेर्ने हो भने चीनमा माओहरूले यस्तो अन्धतापूर्ण ढंगले विकास निर्माणका पूर्वाधारमाथि विध्वंशकारी गतिविधि गरेको कतै भेटिन्न । उहाँहरूले त लालसेनाले जनताको सानोभन्दा सानो सम्पत्तिको नोक्सानी नजानेर गर्दा पनि क्षमा मागेर क्षतिपूर्ति दिएको मात्र उदाहरण भेटिन्छ । विश्वमा चीनियाँ लालसेना



दाङ सतबरिया जंगल क्षेत्रमा हालै माओवादीले सशस्त्र प्रहरीहरूमाथि गरेको आक्रमणपछि सुरक्षा फौजको प्रहारबाट मारिएर माओवादीद्वारा नै गाडिएका भनिएका लाशहरू

फोटो : Kathmandu Post

नै यस्तो सेना हो, जसले युद्धका दौरानमा पनि बल प्रयोगद्वारा जनताबाट लुटेर कहिल्यै खाएन, युद्धमा शत्रु सेनाले प्रयोग गरेको विकासका पूर्वाधारबाहेक जनताको विकासका पूर्वाधार कहिल्यै भत्काएन । जनताको दुःख-सास्ती बढ्ने कार्य कहिल्यै गरेन, विनाक्षतिपूर्ति जनताको सम्पत्तिको पटक्कै नोक्सानी गरेन र एउटा पनि बलात्कारको घटना चीनियाँ लालसेनाबाट भएन । माओवादीहरूले चीनमा माओले युद्धका दौरानमा देखाएको यो वैचारिक-सांस्कृतिक-नैतिक स्तरबाट किन केही पनि नसिकेको ?

माओवादीहरूले यसकारण माओवादी नाम राखेका हुन् किनकि उनीहरू माओले अपनाएको बाटोबाट सिक्न चाहन्छन् । परन्तु माओवादीहरूले अहिले अपनाइरहेको विध्वंशकारी नीति माओले चीनमा युद्धका दौरानमा अपनाएको नीतिसित ठ्याप्पै मेल खाँदैन । माओले युद्धका दौरानमा पनि जननीति अपनाउनुभयो, तर माओवादीहरू विकास निर्माणका पूर्वाधारहरू ध्वंश गर्ने अजनमुखी नीति अख्तियार गर्दैछन् । माओवादीहरूले अहिले अपनाएको नीति सन् १९९० को दशकमा पेरूको **साइनिंग पाथ**ले पेरूमा अख्तियार गरेको नीतिसित हूबहू मेल खान्छ । शुरूमा **साइनिंग पाथ**- पेरूमा काफी लोकप्रिय भइसकेको थियो । गाउँमा उसले काफी बलियो जनाधार स्थापना गरिसकेको थियो र यो सत्ताको लागि शहरमा समेत ठूलो चुनौति भइसकेको थियो । परन्तु केन्द्रीय सत्तालाई आर्थिक रूपले संकटग्रस्त पार्ने उद्देश्य राखेर उसले नेपालमा अहिले माओवादीले गरेजस्तै- विकास निर्माणका पूर्वाधारहरू बमले उडाउन थाल्यो, शहर वस्तीमा यत्रतत्र विध्वंश मच्चाउन थाल्यो । यिनै कार्यले गर्दा उसको जन-समर्थन र लोकप्रियता स्वाहा भयो । शहरिया जनसमुदायमा त ऊ अति अलोकप्रिय विनाशकारी शक्तिमा परिणत भयो । चरम अलोकप्रियताको यही माहौलमा पे.क.पा. नेतृत्वको ठूलो भाग पक्राउ पर्‍यो, अध्यक्ष क. गोंजालोसमेत । र, अन्ततः उसको गाउँको जनाधारसमेत धेरै मात्रामा खुम्चियो । अहिले नेपालमा माओवादी नेतृत्वले माओले अपनाएको जननीतिको बाटो होइन, पेरू कम्युनिष्ट पार्टीले लिएको अजनमुखी विध्वंशकारी बाटोको अन्धअनुशरण गर्दैछ ।

यो माओवादी नेतृत्वमा क्रान्ति र सत्तासम्बन्धी आधारभूत सवालमा रहेको बैचारिक अस्पष्टता र यान्त्रिक चिन्तनले गर्दा पैदाभएको वैचारिक विचलन हो । क्रान्ति कुन बलका आधारमा सम्पन्न गर्ने ? क्रान्तिकारी सत्ता कुन बलका अधारमा कायम गर्ने र टिकाउने ? यी दुई आधारभूत सवालमा माओवादी नेतृत्वको सोच के भयो भने क्रान्तिकारी उद्देश्य, शस्त्रबल र कूटनीतिक चातुर्य भयो भने क्रान्ति सम्पन्न गर्न सकिन्छ र यसैका अधारमा क्रान्तिकारी सत्तासमेत कायम गर्न र टिकाउन सकिन्छ । उनीहरूको क्रान्ति र सत्तासम्बन्धी सोचमा जनमत, जनसमर्थन र जनसहभागिताको पक्ष मुख्य स्थानमा रहेन । क्रान्तिकारी उद्देश्य छ भने बन्दुकले सत्ता कब्जा गरेपछि जनताको पक्षमा लोकप्रिय सुधार र काम गर्दै जाने हो भने जनमत, जनसमर्थन, जनसहभागिता स्वतः जुटीहाल्छ भन्ने उनीहरूको सोच रह्यो । बन्दूक र कूटनीतिक चातुर्य क्रान्तकारीहरूमा हुनु नपर्ने कुरा होइन, त्यो उनीहरूसित हुनैपर्छ, परन्तु ती मुख्य कुरा होइनन् । सहायक कुरामात्रै हुन् । मुख्य कुरा हो- जनमत

# विकासको विनाश कि विनाशको विकास ?

## माओवादीसँग केही जिज्ञासा



- डा. पीताम्बर शर्मा -

*The weapon of criticism cannot, ofcourse, replace the criticism of weapons, material force must be overthrown by material force; but theory also becomes a material force as soon as it has gripped the masses. Theory is capable of gripping the masses as soon as it demonstrates ad hominen, and it demonstrates ad hominen as soon as it becomes radical. To be radical is to grasp the root of the matter. But for man the root is man himself.*

**- Karl Marx**

*अर्थात्*

*आलोचनाको हतियारले हतियारको आलोचनालाई विस्थापित गर्न अवश्य सक्दैन, भौतिक शक्तिलाई भौतिक शक्तिले नै परास्त गर्नुपर्छ । तर जनसमुदायमा पकड पाउनेबित्तिकै सिद्धान्त पनि भौतिक शक्ति भइदिन्छ । सिद्धान्तले जनसमुदायमा पकड पाउन त्यसबेला समर्थ हुन्छ, जब यसले मान्छेको व्यक्तिगत तहमा आफ्नो उपादेयता सिद्ध गर्छ र त्यो सिद्ध त्यसबेला हुन्छ, जब सिद्धान्त मुलिक हुन्छ । मुलिक हुनु भनेको कुराको जरोलाई पक्रनु हो , तर मान्छेका निम्ति जरो भनेको मान्छे स्वयं हो ।*

*- कार्ल मार्क्स*

संकटकालको दोश्रो चरणयता माओवादीहरूले दशकौंको प्रयत्नबाट बनेका विकासका पूर्वाधार र संरचनाहरूको विनाशको क्रम शुरू गरेका छन् । दर्जनौं जिल्ला संचाररहित बनेका छन् । आधा दर्जनभन्दा बढी सुदूरका विमानस्थलहरू क्षतिग्रस्त छन् । सयौं गाविस भवनहरू युद्धको चपेटामा नपरिकनै ध्वस्त पारिएका छन् । खानेपानीका संरचना, स्वास्थ्य चौकी, स्कूल, हुलाक र रेडक्रसपर्यन्त माओवादीको विनासलीलाको निशाना बनेका छन् । जनताको लगानीबाट बनाइएका एक दर्जनभन्दा बढी जल विद्युत केन्द्रहरू नष्ट पारिएका छन् । पुल पुलेसा भत्काइएका छन् । विगत दशकहरूमा देखिएको नेपालको विकासको अर्थ, गति र दिशाका प्रखर र कति अर्थमा सही आलोचकका रूपमा प्रस्तुत भएका माओवादीहरू अहिले विकासविरोधीका रूपमा आफूलाई चिनाउन आतुर छन् । विकासको विनाशका यी घटनाहरू स्थानीय तहका माओवादी नेतृत्वको विकृति मात्रै हुन् भन्ने ठाउँ पनि छैन । हजारौं र लाखौं जनतालाई प्रत्यक्षतः प्रभावित गर्ने विनाशका यी घटनाहरूलाई माओवादी केन्द्रीय नेतृत्वद्वारा स्पष्ट शब्दमा आलोचना गरिएको र आफ्ना कार्यकर्ताहरूलाई त्यसो नगर्न निर्देश गरिएको जानकारीमा आएको छैन । यसबाट के देखिन्छ भने विकासको विनाशको यो क्रम माओवादीहरूको केन्द्रीय नेतृत्वको प्रत्यक्ष सोच र निर्देशनमा भइरहेको छ । यसले माओवादीको राजनैतिक र वैचारिक दृष्टिकोणमा आएको परिवर्तनलाई संकेत त गर्छ नै, साथै उनीहरूको अभिष्ट र उद्देश्यका सम्बन्धमा समेत केही गहिरा प्रश्नहरू अगाडि ल्याउँछ । यो लेखमा माओवादी आन्दोलनसँग सम्बन्धित चारवटा पक्षहरू उठाइएका छन् । यी पक्षहरू यथास्थितिका विरोधी तर माओवादीको रणनीतिसँग असहमत थुप्रै व्यक्ति वा समूहहरूका सवालहरू हुन सक्छन् ।

### *विकास र विनाश*

६ वर्षअघि माओवादीहरूले शुरू गरेको 'जनयुद्ध'को विद्रोह वैचारिक तहमा नेपालका सत्तासीनवर्गको शासनको वैधतामाथि गरिएको प्रश्न थियो, सो वैधतालाई विस्थापित गर्ने प्रयत्न थियो । राज्यको जनताप्रतिको सामाजिक, आर्थिक, राजनैतिक, सांस्कृतिक विकासको दायित्वको निर्वाह सत्तासीन शासकवर्ग र व्यवस्थाबाट नभएकाले नै विकल्पको खोजीमा जनयुद्धको औचित्य सावित गर्ने उनीहरूको प्रयत्न थियो । शुरूका वर्षहरूमा ग्रामीण क्षेत्रमा विद्यमान शोषण, सामाजिक कुरीति, छुवाछूत, जनजाति र दलितहरूको उपेक्षित स्थिति, महिलाहरूप्रति हुने सामाजिक अन्याय र विभेद र विकास कार्यक्रमबाट विपन्न वर्गमा पर्न नसकेको प्रभाव र पहुँचका मुद्दा लिएर समाजमा पकड जमाउने रणनीति उनीहरूले अख्तियार गरेका थिए । व्यक्ति हत्या, जबर्जस्ती चन्दा असुली, बैंकहरूको लुट र बढ्दै गरेको सैन्यवादी सोचका बावजूद जुन द्रुत गतिमा माओवादीहरूको विस्तार भयो, त्यो उनीहरूले अख्तियार गरेको रणनीतिकै फल थियो ।

आमूल परिवर्तन र जनमुखी विकासलाई मुद्दा बनाएर सरकारको वैधतालाई विस्थापित (out-legitimise) गर्ने मनसाय राख्ने विद्रोह किन अहिले विनाशतिर केन्द्रित छ ? यथास्थितिको गोर्खेलौरीमा फसेका र फसाइएका नेपालका असंख्य विपन्नवर्गको चाहना विकास अर्थात् आफूभित्रका

संभावनाहरूलाई मुखरित गर्ने र फलिभूत बनाउने पूर्वाधार र बाटोका विकल्पहरूको खोजी हो । माओवादीद्वारा नष्ट गरिएका विकासका संरचनाहरू त्यो चाहनाको एउटा महत्वपूर्ण पक्ष हो । यी संरचनाहरू जादूको छडीले जस्तै रातारात बन्दैनन् । यी लामो लगानी र मेहनतका फल हुन् । विकासको विनाशले सबैभन्दा बढी प्रभाव कसलाई पार्छ ? निःसन्देह त्यही वर्गलाई, जोसँग कुनै अर्को विकल्प वा त्यसका संभावनाहरू छैनन् । विकासको विनाशले जनसमुदायमा परिवर्तनकारी क्रान्तिको कस्तो सन्देश देला ? भइरहेको बिगार्नेले कस्तो रचनात्मक निर्माण गर्ला ? त्यसका लागि आवश्यक श्रोत, साधन कहाँबाट, कसरी र जनताले चुकाउनुपर्ने कुन मूल्यमा आउला ? विकासका पूर्वाधारको विनाशले भारत र पश्चिमा राष्ट्रसँगको पराश्रय बढ्छ । नेपालको आर्थिक असक्तता र राजनैतिक निरीहताको फाइदा लिन भारत छँदैछ । विकासको विनाशद्वारा सिर्जित भित्री र बाहिरी शक्तिहरूको यथास्थितिवादका पक्षमा गोलबन्द हुने खण्डको निर्माणले कसको पक्षपोषण गर्ला ? जनताका चाहनाहरूको उपेक्षा गरेर कस्तो जनवादको अभ्युदय होला ? जनमतलाई तिरस्कार गरेर कसको समुन्नतिको कल्पना गर्न सकिएला ?

## साधन र साध्य

बहुसंख्यक विपन्न र उत्पीडित जनसमुदायलाई नै सर्वोपरी र निर्णयकारी शक्तिका रूपमा बुझ्ने सिद्धान्तद्वारा निर्देशित कुनै पनि आन्दोलनका निम्ति साध्य र साधनको सामञ्जस्य सर्वाधिक महत्वको कुरा हो । सामाजिक समानता र न्यायका आधारमा जनताका आवश्यकताहरूको परिपूर्ति गर्ने खण्डको उत्तरोत्तर निर्माण गर्ने र समूह एवं व्यक्तिका रूपमा जनताका श्रृजनात्मक संभावनाहरूका निम्ति मार्ग प्रशस्त गर्नु यदि साध्य हो भने त्यसका निम्ति त्यही अनुरूपको साधनको आवश्यकता पर्छ । सर्वोपरी र निर्णयकारी शक्तिका रूपमा जनताको राजनीतिकरण र परिचालन आमूल परिवर्तनकारी आन्दोलनको प्रमुख साधन हो । जनताको राजनीतिकरणको पाटोलाई गौण राखेर वा उपेक्षा गरेर सैन्यीकरणको एकतर्फी एजेण्डाले जनतालाई सार्वभौम कसरी बनाउला ? बन्दूकसँग तर्क गर्न सकिँदैन तर तर्क नगरी, प्रश्न नउठाई, संवाद नगरी, शिक्षित नबनाई जनताको राजनीतिकरण कसरी होला ? बन्दूकका आडमा शासन गर्ने तानाशाहहरूका अनुहार फरक होलान्, सिद्धान्त पनि फरक होलान्, तर मनशाय एउटै हुन्छ । इतिहासको यो शिक्षा ग्रहण गर्नु हितकर नहोला ? प्रजातन्त्रको विकल्प जवाफदेही प्रजातन्त्र सिवाय अर्को ुासक्ला ? आतंकलाई नै साध्य र साधन ठान्ने व्यवहारको तार्किक परिणति के होला ?

## हत्या र सिर्जना

माओवादी विद्रोह शुरूभएयता व्यक्ति हत्या यसको एउटा अभिन्न अङ्गका रूपमा देखिँदै आएको छ । हत्या गरिएका व्यक्तिहरूमध्ये अधिकांश माओवादीइतरका राजनैतिक कार्यकर्ताहरू र सामान्य स्तरका ग्रामीण शिक्षकहरू रहेका छन् । फेरि अधिकांश सुनिनमा आएका हत्याहरू क्रूर, साह्रै विभत्स र अमानवीय ढङ्गले गरिएका छन् । यी हत्याहरू र यिनको अर्थ कसरी बुझ्ने ? माओवादी विद्रोहको उद्देश्य मान्छेको सोचको परिवर्तनको वस्तुगत स्थितिको निर्माण गर्ने चाहना हो वा आफूइतरका सबै सोच्ने टाउकाहरूको 'सफाया' हो ? व्यक्ति सबै संभावनाहरूको पुञ्ज हो । व्यक्ति हत्याले व्यक्तिको श्रृजनात्मक संभावनालाई सोझै इन्कार गर्छ । यस अर्थमा के व्यक्तिको कुनै महत्ता छैन ? सुराकी गरेको मनोगत आरोपमा कतिपय हत्याहरू भएको सुन्नमा आइरहन्छ, तर जनस्तरको बुझाइसँग त्यसको कुनै सम्बन्ध देखिँदैन । जुन क्रूरताको प्रदर्शन कतिपय हत्याहरूमा भएका छन्, ती हत्याराहरूको मानसिकता कस्तो होला ? तिनीहरूबाट कस्तो भविष्यको निर्माण होला ? आतंकले भय र भयले विभेद (alienation) पैदागर्छ । जनसमुदायसँगको बढ्दो यस्तो विभेदले आमूल परिवर्तनको, व्यक्तिका तहमा मान्छेको सिर्जनात्मक प्रतिभाको प्रस्फुटनको कस्तो आधार तयार गर्ला ? सामाजिक क्रान्ति र रूपान्तरणको कस्तो आधारशिला निर्माण गर्ला ?

## रहर कि बाध्यता

माओवादी विद्रोहका विगत ६ वर्षले एउटा राज्य, राष्ट्र र समाजका तहमा नेपालको बुझाइको कायापलट गरिदिएका छन् । यो एउटा वस्तुगत तथ्य हो । प्राकृतिक सुन्दरता, शान्त र निर्भय देश र मिलनसार जनताको नेपालको बाह्य छवि एकाएक बदलिएको छ । एक दुई मान्छे मारिँदा व्यग्र बन्ने नेपाली 'समाज' महिनाको एक हजारका दरले नेपालीहरू मर्दा पनि संवेदनाशून्य भएको अनुभूति मिल्छ । प्रत्येक दिन टेलिभिजनको पर्दामा झिंगा भन्केको बेवारिस लासहरू देखिनु सामान्य कुरा भइसकेको छ । कतै राष्ट्र नै बेवारिस त भइरहेको छैन ? माओवादी विद्रोहले नेपाली इतिहास र समाजका उपेक्षित अँध्यारा कुनाहरू र नछिचोलिएका वा बेवास्ता गरिएका पक्षहरूलाई नहेरी नहुने र वास्ता नगरी नहुने हदसम्म पुर्याइदिएको छ । यस अर्थमा राष्ट्र-राज्यका रूपमा नेपालको एकीकरणदेखिको अपूर्ण र असम्बोधित एजेण्डालाई सम्बोधन गर्न यसले बाध्य तुल्याएको छ ।

प्रत्येक विद्रोहले आफ्नो अभियानलाई एउटा बाध्यताका रूपमा चित्रित गर्छ, जुन स्वाभाविक पनि हो । वस्तुगत स्थितिको अभावमा विद्रोह चाँडै निमिट्यान्न भइदिन्छ, दिगो रहनै सक्दैन । यस अर्थमा रहरले मात्रै विद्रोह हुँदैन ।

माओवादीहरूका सन्दर्भमा बाध्यताका सम्बन्धमा धेरै प्रश्नहरू छन् । के वार्ताको उपक्रम गर्नु र हठात बाहिरिनु बाध्यता थियो ? के दुनै, दाङ र अछामका घटनाहरू बाध्यता थिए ? के यथास्थितिवादी सबै शक्तिहरू गोलबन्द हुने स्थितिको निर्माण बाध्यता हो ? के हालैको वैशाख १०-१४ को पाँचदिने नेपाल बन्दको आह्वान बाध्यता हो ? त्यसरी नै बाह्य हस्तक्षेप र गृहयुद्धको चपेटामा भासिन लागेको देशलाई शान्तिपूर्ण राजनैतिक निकासका निम्ति सुस्पष्ट, सकारात्मक र विश्वसनीय पहल गर्नु किन बाध्यता भएन ? यथास्थितिवादको विरोधमा देखिएका दल/समूहहरूसँग राजनैतिक निकासको सम्वाद स्थापित गर्नु किन बाध्यता होइन ? यथास्थितिवाद लडखडाइरहेको यो स्थितिमा एउटा दीर्घकालीन राजनैतिक, आर्थिक र सामाजिक विकासको बाटो, नीति र कार्यक्रमको पहल गर्नु किन बाध्यता हैन ?

माओवादीकै बुझाइमा अहिलेको मूल शत्रु भनेको आन्तरिक तहमा सामन्तवाद र बाह्य तहमा भारतीय राजनैतिक, आर्थिक, सांस्कृतिक विस्तारवाद र भूमण्डलीकरणको तुमुल ध्वनिका साथ अग्रसर अमेरिकी नवउपनिवेशवादी साम्राज्यवाद हो । यो बुझाई विद्यमान स्थितिको राजनैतिक निकासको खोजीमा किन मुखरित हुँदैन ?

कहीं जानी-नजानी माओवादी विद्रोह तिनै शक्तिको गोटीको रूपमा प्रयोग त भइरहेको छैन, जुन शक्तिका विरूद्धमा भिड्नु उसको सैद्धान्तिक अभिष्ट हो !

कालजयी जर्मन कवि बरतोल्त ब्रेख्तको खबरदारी सम्झनै पर्छ :

*When it comes to marching many do not know*
*That their enemy is marching at their head.*
*The voice which gives them their orders*
*Is their enemy's voice and*
*The man who speaks of the enemy*
*Is the enemy himself.*

**- Bertolt Brecht**

*अर्थात्*

*मार्चका सन्दर्भमा धेरैलाई थाहै हुन्न*
*कि उनीहरुको शत्रु नै उनीहरुको शीर्षमा हिंडिरहेछ*
*उनीहरुलाई हुकुम दिने आवाज*
*उनीहरुकै शत्रुको आवाज हो*
*र शत्रुबारे कुरा गर्ने मान्छे नै*
*स्वयं शत्रु हो ।*

- बरतोल्त ब्रेख्त



*माओवादीले ध्वस्त पारेको बाँकेको गौघाटस्थित क्षेत्रीय कृषि विकास कार्यालय*

फोटो साभार : कान्तिपुर

आफ्नो पक्षमा हुनु, आफ्नो सत्ताको र कामको पक्षमा व्यापक जनसमर्थन हुनु र त्यसका निम्ति आफ्नो सत्तामा व्यापक जन-सहभागिता हुनु । क्रान्तिकारी सत्ता मूलतः बन्दूक होइन, जनबल र जनसमर्थनका आधारमा कायम भएको र टिकेको सत्ता हुनुपर्छ । त्यो तब हुनसक्छ, जब त्यसमा जनताको स्वेच्छिक आलोचनात्मक सहभागिता र समर्थनको सर्वोच्च स्थान हुन्छ । बन्दूकको डरले होइन, त्यो ठीकमा आधारित र सत्य, न्याय र स्वतन्त्रतामा आधारित हुनाले त्यसमा व्यापक जनसमर्थन र जन-सहभागिता जुटेको हुनुपर्छ । बन्दूक त्यसमा नचाहिने होइन, आवश्यकीय रूपमा चाहिन्छ, किनकि उता शत्रुसित पनि टाउकोदेखि पैतालासम्म बन्दूक छ । कूटनीतिक चातुर्य नचाहिने होइन, त्यो पनि अनिवार्य छ । किनकि उता शत्रु पनि निक्कै चतुर छ । परन्तु शत्रुसित हुँदै नभएको र हुनै नसक्ने एउटा कुरा मुख्य रूपमा चाहिन्छ, त्यो हो- व्यापकतम जनसमर्थन । क्रान्तिकारी सत्ताको लागि बन्दूक त साधनमात्रै हो, साध्य त जनताको सर्वोच्चता हो, सत्य र न्यायको सर्वोच्चता हो । माओवादीहरूको सोचमा बन्दूक र कूटनीतिक चातुर्य त शीर्ष स्थानमा पऱ्यो, जनसमर्थनको पाटो छुट्यो । त्यो शीर्ष स्थानमा पर्दै परेन । जनताको सर्वोच्चता र जनसमर्थनलाई मुख्य केन्द्रमा राखेर बन्दूक र कूटनीतिक चातुर्य हुने हो भने जनसत्ता हुनसक्छ, परन्तु बन्दूक र कूटनीतिक चातुर्यलाई केन्द्रमा राखेर जनसमर्थन खोज्ने हो भने नियत जतिसुकै सफा र क्रान्तिकारी भए पनि त्यो कुनै न कुनै किसिमको नोकरशाही सत्ता सिवाय केही हुँदैन ।

माओवादीहरूले माओको कुन उक्ति पढे र यान्त्रिक रूपले बलियोसित समाते भने राजनीतिक सत्ता बन्दूकको नालबाट निक्लन्छ । शायद यही उक्तिको यान्त्रिक बुझाइका आधारमा उनीहरूले आफ्नो क्रान्ति र सत्तामा बन्दूकलाई सर्वोपरि स्थान दिए । तर यो त अहिलेसम्मका सबै प्रतिक्रियावादी सत्ताहरूको संश्लेषण गरिएको हो । के समाजवादी र साम्यवादीहरूको सत्ताको अवधारणा पनि ठीक यही हो त ? मुख्य प्रश्न यो हो ।

समाजवादी सत्तामा मार्क्स, एंगेल्स र लेनिनले- सम्पूर्ण जनतालाई सशस्त्र पार्ने एजेण्डालाई जोडतोडले उठाउनुभयो । यसको कारण के हो भने- समाजवादी राज्यमा जनताले बन्दूकमाथि शासन गरोस्, बन्दूकले जनतामाथि होइन । मुख्य कुरो जनताको सर्वोच्चता होस्, बन्दूकको सर्वोच्चता होइन । तर पछि समाजवादको अभ्यास गरिंदा सोभियत संघलगायत कैयन् मुलुकमा सम्पूर्ण जनताको शस्त्रीकरणको एजेण्डा छुट्यो र श्रमिक जनताको जनवाद र सर्वोच्चताको एजेण्डा चाहिं छुट्यो । फलतः जनतामाथि बन्दूक हावी भयो, पार्टी र सेना हावी भयो । समाजवादी राज्यमा राज्यमाथि श्रमिक जनताको स्वामित्व नै खत्तम भयो । समाजवादी राज्य नोकरशाही सत्तामा रूपान्तरित भयो । माओले समाजवादमा व्यापक रूपमा सशस्त्र जनमिलिशिया सृजना गरेर र जनतालाई राज्य, पार्टीको र सेनाको आलोचना गर्ने र आम हड्तालसम्म गर्ने हक प्रदान गरेर यो एजेण्डा फेरि अघि बढाउन प्रयत्न गर्नुभयो । तर त्यो पूरा हुन पाएन । यो अन्तरराष्ट्रिय समाजवादी अभ्यासको अनुभवबाट हामीले सिक्नु पर्दछ ।

माओवादी नेतृत्वमा क्रान्ति प्रक्रियामा र क्रान्तिकारी सत्तामा व्यापक जन-समर्थनलाई मुख्य कुरो मान्ने धारणा हुन्थ्यो भने न उनीहरूबाट चन्दा आतंक हुने संभव हुन्थ्यो, न विकास निर्माणका आयोजनाहरू ध्वंश गर्ने कार्य, न विपक्षी सबैलाई ठटाउने कार्य, न अनावश्यक व्यक्ति हत्या श्रृंखला नै । यो त हामीसित लडाकू सेना र राम्रो शस्त्रबल छँदैछ, कूटनीतिक चातुर्य पनि छ र क्रान्तिकारी उद्देश्य पनि, त्यति भएपछि अहिले व्यापक जनसमर्थन नभएर के फरक पर्छ र ? साध्य ठीक भएपछि साधन बेठीक भएर के फरक पर्छ र ? पछि, हातमा सत्ता आएपछि राम्रा राम्रा जनपक्षीय काम गरौंला, जनता उर्लेर समर्थनमा आइहाल्छन् भन्ने सोचले गर्दा नै अहिलेका विध्वंशकारी क्रियाकलाप भएका हुन् ।

माओवादीहरूले क्रान्ति र सत्तासम्बन्धी यो बन्दूकप्रधान सैन्यवादी सोच बदल्नै पर्दछ । अन्यथा, उनीहरूले ल्याउने राज्य पनि नयाँ नामको नोकरशाही सत्ता सिवाय केही हुनेवाला छैन । त्यो समाजवादी सोच्र अनुरूपको जनसत्ता हुनेवाला छैन । उनीहरूले अहिलेदेखि नै व्यापक जनसमर्थन र जनसहभागिता सहितको क्रान्ति, व्यापक जनसमर्थन र जनसहभागिता सहितको सत्ताको अवधारणा ग्रहण गर्नुपऱ्यो । त्यस्तो कुनै पनि काम र ध्वंसात्मक क्रियाकलाप गर्नु भएन, जसले उत्पीडित जनताको दुःख, कष्ट, समस्या बढ्छ, उनीहरूको विकासमा ग्रहण लाग्छ, र यही कारणले जनसमर्थन ओरालो लाग्छ ।

वैज्ञानिक समाजवादीहरूको निम्ति साध्यमात्र ठीक भएर पुग्दैन, साध्यसम्म पुग्ने साधन पनि ठीक हुनुपर्छ । साधन पनि सत्य र न्यायमा आधारित र समाजमुखी हुनुपर्छ । माओवादी नेतृत्वको साधनको ठीकपनामा हमेशा कम जोड रह्यो । साध्य क्रान्तिकारी भएपछि साधन जतिसुकै बेठीक र अक्रान्तिकारी भए पनि के भो र भन्ने सोच रह्यो ।

माओवादीहरू यतिबेला संविधान

बाँकी ३९ पेजमा

**नेकपा** (माओवादी)ले घोषणा गरेको पाँचदिने नेपाल बन्दको पहिलो दिनमै सरकारले माओवादी नेताहरूको जीवित वा मृत टाउको बुझाउनेलाई ५० लाखदेखि १० लाखसम्म वा उनीहरूको सुराक दिनेलाई त्यसको आधा रकम पुरस्कार दिने घोषणा गऱ्यो । गृह राज्यमन्त्री देवेन्द्रराज कँडेलले त वैशाख ११ गते सार्वजनिक रूपमै 'जोसुकैले पनि मारेर तिनको टाउको ल्याएर बुझाए हुन्छ र त्यही झोलामा इनाम लिएर गए हुन्छ' भनी बोले । सरकारको यो हिंसात्मक क्रियाकलापले सत्तासीन पार्टी नेपाली कांग्रेसका सभापति तथा पूर्वप्रधानमन्त्री गिरिजाप्रसाद कोइराला, नेपालका सम्पूर्ण राजनैतिक पार्टीहरू, मानवअधिकारवादी तथा नागरिक समाजसमेत क्रुद्ध भएका छन् ।

यो घोषणाको विरुद्धमा गिरिजाप्रसाद कोइरालाले विराटनगरस्थित आफ्नो निवासमा वैशाख १५ गते पत्रकारहरूसँग भन्नुभयो- "सरकारले माओवादी नेताहरूको टाउकोको मूल्य तोकेर टाउको बुझाउनेलाई जुन पुरस्कार दिने घोषणा गऱ्यो, त्यो पूर्णतया दुर्भाग्यपूर्ण छ ।" त्यसभन्दा अगाडि 'माओवादीले सरकारलाई हातहतियार बुझाएपछि मात्रै सरकारले माओवादीसँग वार्ता गर्नुपर्छ' भन्ने विचार राख्दै आउनुभएका सभापति कोइरालाले त्यो दिन नयाँ विचार प्रकट गर्नुभयो । उहाँले भन्नुभयो- "माओवादीले हतियार बुझाएर वार्तामा आउनु भनेको त आत्मसमर्पण गर्नु हो । आत्मसमर्पण नै गरेपछि केको वार्ता ? वार्तामा नै नआई हतियार बुझाउने कुरा कसरी हुनसक्छ ? अहिलेको परिस्थितिमा वार्ताको लागि वातावरण बनाउनु आवश्यक छैन । विनावातावरण वार्तामा जान सकिन्छ । लड्नेहरू लड्दै गर्छन्,



गृहयुद्धबाट जनताहरु वाक्कदिक्क भैसकेका छन् । काठमाण्डौंमा हालै मानवअधिकार ऐक्यवद्धता समूहले शान्ति स्थापनाको माग राखेर आयोजना गरेको शान्ति ऱ्यालीको एक दृश्य

फोटो साभार : राजधानी

# टाउकोको मूल्य तोकाइविरुद्ध नेताहरू के भन्छन् ?



*सरकारले टाउको ल्याउन फोटो जारी गरेका माओवादी नेताहरु : डा. बाबुराम भट्टराई, प्रचण्ड, किरण र बादल*

वार्ता गर्नेहरू वार्ता गर्दै जानुपर्छ । वार्ता शुरू भएपछि नै के के कुरामा वार्ता गर्ने भन्ने एजेण्डा बनाउन सकिन्छ । यो काम सरकारको हो र सरकारले नै गर्नुपर्छ ।"

त्यस्तै, विपक्षी नेता माधवकुमार नेपालले पनि यो घोषणाले अहिले भइरहेको समस्या झन् जटिल भएको आरोप लगाउँदै भन्नुभयो- "हामी देशमा अहिले भइरहेको समस्याको समाधान राजनैतिक रूपबाट गर्नुपर्छ भनिरहेका छौं । तर अहिले सरकार टाउको काटेर ल्याउनेलाई पुरस्कार दिने घोषणा गर्छ । यो अत्यन्तै अप्रजातान्त्रिक र गैरजिम्मेवार कुरा हो । नेपालको संविधानले टाउको काट्ने र मृत्यदण्ड दिने कुरालाई अस्वीकार गरेको छ । र, यो अधिकार कसैलाई पनि संविधानले दिएको छैन । तर सरकार स्वयंले यस्तो कुरा घोषणा गर्नु संविधान विपरीत, अमर्यादित र मानवअधिकारविरोधी कुरा हो ।"

यसै सन्दर्भमा यही वैशाख १५ गते नेकपा (एमाले)को स्थायी समितिको वैठक बसेर एउटा प्रेस-वक्तव्य निकालेको छ । वक्तव्यमा भनिएको छ- "मुलुकका तमाम राजनीतिक दलहरू, मानवअधिकारवादी संस्थाहरू र नागरिक समाजले माओवादी समस्याको समाधान वार्ताको माध्यमबाट शान्तिपूर्ण रूपले खोजिनुपर्छ भनेर आह्वान गरिरहेको बेलामा सरकारद्वारा यस्तो संविधान, प्रजातान्त्रिक मूल्य र मानवअधिकार विपरीत निर्णय गरिनु अत्यन्त दुःखद् कुरा हो । सरकारको यो निर्णयले सिंगो राष्ट्रले व्यग्रतापूर्वक प्रतिक्षा गरिरहेको समस्याको शान्तिपूर्ण निकासको बाटो अवरुद्ध गरेको छ । यसबाट वर्तमान सरकार समस्यालाई राजनीतिक रूपबाट हल गर्न चाहँदैन भन्ने कुरा स्पष्ट हुन्छ । हाम्रो पार्टी सरकारको यस्तो गैरजिम्मेवार निर्णयप्रति गम्भीर असहमति जाहेर गर्दै विरोध प्रकट गर्दछ ।"

त्यस्तै गरेर नेकपा (एकता केन्द्र)ले पनि यही वैशाख ११ गते प्रेस-वक्तव्य प्रकाशित गरेको छ । त्यस वक्तव्यमा भनिएको छ- "हालैमात्र सरकारले ने.क.पा. (माओवादी)का अध्यक्षदेखि लिएर नेतृत्वका विभिन्न तहमा रहेका व्यक्तिहरूलाई जीवित तथा मृत बुझाउने व्यक्तिलाई रू. ५० लाखसम्मको पुरस्कार दिने निर्णय सार्वजनिक गरेको छ । यो निर्णय कुनै पनि प्रजातान्त्रिक भनिने सरकार र सभ्य समाजको लागि नसुहाउने वर्वर एवं फासिष्ट कदम त हुँदै हो, यसले वर्तमान संविधानको पनि नाङ्गो उलंघन गरेको छ । सत्तारूढ पार्टी ने.का.देखि संसदभित्र रहेका सबै पार्टीहरू, संसदबाहिर रहेका राजनैतिक पार्टीहरू, बौद्धिक समुदाय र नागरिक समाजबाट वार्ताको पक्षमा सशक्त आवाज उठिरहकै बेलामा सरकारबाट चालिएको यो वार्ताविरोधी कदम अत्यन्त दुःखदायी र विडम्बनापूर्ण छ । यस्तो कदमले देशमा विद्यमान संकटको समाधान गर्न कुनै सकारात्मक भूमिका खेल्न सक्तैन । यसले देशलाई गृहयुद्धबाट बचाउनेभन्दा गृहयुद्धको राँकोलाई झन् दन्काउने र नेपाली समाजमा रगतको खोलो बगाउने अवाञ्छित स्थितिको सिर्जना गर्नेछ । तसर्थ हाम्रो पार्टी ने.क.पा. (एकता केन्द्र) सरकारको यो गैरसंवैधानिक एवं गैरजिम्मेवार निर्णयको तीव्र भर्त्सना गर्दै यसलाई अविलम्ब फिर्ता लिन माग गर्दछ । हामी ने.का.लगायतका ६ पार्टीहरू, ९ 'वाम' समूह, अन्य राजनैतिक पार्टीहरू, मानव अधिकारवादीहरू, बौद्धिक समुदाय र सचेत नागरिकहरूलाई पनि जनतासँग प्रत्यक्ष सरोकार राख्ने सार्वजनिक सम्पत्ति र संरचनाको 'माओवादी'द्वारा गरिएको आगजनी र ध्वंसजस्ता गैरजिम्मेवार एवं ध्वंसकारी क्रियाकलापको एक स्वरले विरोध गरेजस्तै सरकारको यो निर्णयको पनि विरोध गर्न र यसलाई फिर्ता लिन दबाव दिन आह्वान गर्दछौं ।"

> "राष्ट्रमा शान्तिसुरक्षा कायम गर्नु श्री ५ को सरकारको कर्तव्य हो । तर त्यो शान्तिसुरक्षा कायम गर्ने क्रममा सरकारले आफ्नो देशको ऐन-कानून र संविधानलाई बिर्सन मिल्दैन ।"

यसै सन्दर्भमा नेकपा (मसाल)को पोलिट्ब्यूरोको वैठकपछि वैशाख १७ गते प्रेस-वक्तव्य प्रकाशित भएको छ । त्यस वक्तव्यमा लेखिएको छ- "हालै सरकारले माओवादी नेताहरूलाई जीवित वा मृत अवस्थामा पक्रेर सरकारसमक्ष बुझाउनेलाई दश लाखदेखि पचास लाखसम्म इनाम दिने भनी घोषणा गरेको प्रति हाम्रो ध्यान आकर्षित भएको छ । माओवादी समस्या राजनैतिक समस्या भएकोले राजनैतिक प्रकारले नै त्यसको समाधान गर्नुपर्छ र त्यसको लागि सरकार र माओवादी दुवै पक्षले देश र जनताको हितमा वार्ता गर्नुपर्छ भन्ने कुरामा हाम्रो पार्टीले जोड दिन्छ । तर सरकारको माओवादी नेताहरूलाई जिउँदै वा मृत अवस्थामा बुझाउनेलाई पुरस्कार दिने निर्णयले माओवादी समस्यालाई राजनैतिक रूपमा समाधान गर्ने नभै दमनबाट समाधान गर्ने कुरामा जोड दिन्छ । यसको साथै सरकारको उक्त निर्णय स्वयं यस संविधानको विरूद्धमा पनि छ । त्यसकारण सरकारले त्यो निर्णय तुरून्त फिर्ता लिन हाम्रो पार्टी जोडदार रूपमा माग गर्दछ ।"

त्यस्तै गरेर नेपाल मजदूर किसान पार्टीले पनि वैशाख २० गते एक प्रेस विज्ञप्ती जारी गरी संवैधानिक रूपमा नेपालमा मृत्युदण्ड उन्मूलन भइसकेतापनि सरकारले माओवादी नेताहरूको जीवित या मृत शरीर बुझाउनेलाई लाखौं रुपियाँ इनामको घोषणा गरेर नेपाल अधिराज्यको संविधान २०४७ को भावना र कानूनी राज्यको अवधारणा विपरीत काम गरेको आरोप लगाएको छ ।

सरकारको यस घोषणालाई राष्ट्रिय प्रजातन्त्र पार्टीका उपाध्यक्ष प्रकाशचन्द्र लोहनीले पनि संविधान विपरीत भएको कुरा स्वीकार्नुभएको छ । 'अहिले सरकारले माओवादी नेताहरूको टाउकोको मूल्य तोकेर टाउको लिएर आउने मानिसलाई जुन पुरस्कार दिने घोषणा गरेको छ, त्यस सम्बन्धमा तपाईंको के प्रतिक्रिया छ ?' भन्ने **मूल्यांकन**को प्रश्नमा उहाँले भन्नुभयो- "राष्ट्रमा शान्तिसुरक्षा कायम गर्नु श्री ५ को सरकारको कर्तब्य हो । तर त्यो शान्तिसुरक्षा कायम गर्ने क्रममा सरकारले आफ्नो देशको ऐन-कानून र संविधानलाई बिर्सन मिल्दैन । अहिले गरिएको घोषणा हेर्दा देशको संविधानलाई श्री ५ को सरकारले विर्सेको जस्तो देखिन्छ । आफ्नो देशको संविधानलाई आफैंले नै उपेक्षा गर्नु दुर्भाग्यपूर्ण कुरा हो ।"

यही प्रश्न सद्भावना पार्टीका कार्यवाहक अध्यक्ष बद्री मण्डलसमक्ष राख्दा उहाँले पनि यो घोषणाको विरोध गर्दै भन्नुभयो- "यो घोषणा अराजनैतिक र असंवैधानिक छ । यस किसिमको प्रतिक्रियाबाट माओवादी समस्या समाधान हुनसक्तैन ।"

यसरी श्री ५ को सरकारले माओवादी नेताहरूको टाउको ल्याउनेलाई पुरस्कार दिने घोषणा गरेकोमा राष्ट्रिय मानवअधिकार आयोगले पनि चिन्ता व्यक्त गरेको छ । यही १७ गते मंगलबार आयोगले विज्ञप्ती नै जारी गरेको छ । विज्ञप्तिमा भनिएको छ- सरकारले जारी गरेको उक्त घोषणाले नेपालमा मृत्युदण्डसम्बन्धी कानून नै नभएको अवस्थामा यसले मानवको बाँच्न पाउने अधिकार नै हनन भएको, २०४६ सालपछि स्थापित कानूनी राज्यको सिद्धान्तको उल्लंघन भएको कुरा उल्लेख गरिएको छ । सरकारको यो घोषणाले हत्या हिंसालाई मात्र बढवा दिने र मानवअधिकारसम्बन्धी मान्य राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मूल्य, मान्यता र अभ्यासलाई समेत निरूत्साहित पार्ने कुरा उल्लेख गर्दै विज्ञप्तीमा लेखिएको छ- "नागरिक तथा राजनैतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धी, सन् १९६६, जसमा नेपाल पक्षराष्ट्र भइसकेको छ, को धारा ४ ले व्यवस्था गरेको कुनै पनि अवस्थामा अहरणीय अधिकारहरूको पनि हरण हुनसक्दछ ।

यसरी संसदभित्रका पार्टीहरूले सरकारको त्यस घोषणालाई अवैधानिक भनी विरोध गर्दै त्यो घोषणा फिर्ता लिन माग गरिरहेको अवस्थामा रा. मानवअधिकार आयोगले पनि सरकारको त्यो घोषणा अवैधानिक र आपत्तिजनक भएको कुरा विज्ञप्तीमार्फत् सार्वजनिक गरेको छ । ❑

# आजको संकटको एकमात्र निकास

# 'संविधानसभा' नै किन ?

● प्रकाश

अन्तरिम सरकारको गठन र संविधान सभाको निर्वाचनको विषय अहिले नेपाली राजनीतिमा केन्द्रीय बहसको मुद्दा बनेको छ । देशमा विद्यमान गम्भीर संकटको न्यूनतम तत्कालीन राजनैतिक निकास अन्तरिम सरकार र संविधानसभाको निर्वाचन मात्र हुनसक्ने भएकाले देशलाई यतिबेला प्रारम्भ भैरहेको गृहयुद्धबाट बचाउने हो भने शान्तिपूर्ण राजनैतिक समाधानका रूपमा "अन्तरिम सरकार र संविधानसभा"मा सहमति कायम गरिनुपर्छ । परन्तु नेका र एमालेजस्ता प्रमुख संसद्‌वादी पार्टीहरू भने अझै यसको समर्थनमा आइसकेका छैनन् । ती दुवै पार्टीहरूमा यसको पक्षमा क्रमशः बहस शुरू हुन थालेको भए पनि, मुख्यतः एमाले नेतृत्वले अझै पनि संविधानसभाको विरूद्धमा आफूलाई उभ्याउने कसरत गरिरहेको छ ।

### 'अन्तरिम सरकार'को बारेमा

सरकार र संसदीय पार्टीहरूसहित वर्तमान राज्यसत्ताका अशियार सबै शक्तिहरूले "अन्तरिम सरकार"को गठनमा भने आफूहरू सहमत हुने विचार प्रकट गरेका छन् । तर यहाँ स्पष्ट हुनुपर्ने कुरा के हो भने सरकार र नेका, एमाले तथा अन्य ससदीय शक्तिहरूले सहमति जनाएको अन्तरिम सरकार मूलतः यही संविधान र परिपाटीअन्तर्गत अर्को आमचुनाव गराउनका लागि "माओवादी"सहित सबै प्रमुख राजनैतिक पार्टीहरूलाई समावेश गरी बनाइने चुनावी सरकार हो । तर वर्तमान संकटको सकारात्मक निकासको रूपमा संविधानसभाको निर्वाचनसँग जोडिएको अन्तरिम सरकार भने वर्तमान संविधानलाई विस्थापन गर्ने अग्रगामी नयाँ संविधान निर्माणका लागि संविधानसभाको निर्वाचन गर्न "माओवादी"सहित अग्रगामी परिवर्तनका निम्ति संघर्षशील राजनैतिक शक्तिहरू र वर्तमान शक्तिसन्तुलनले माग गरेका अन्य राजनैतिक शक्तिहरूलाई समुचित ढंगले प्रतिनिधित्व गर्ने गरी गठन गरिने सरकार हो । यस्तो अन्तरिम सरकार संविधानसभाको निर्वाचनको मुख्य कार्यभारका साथ सरकार बनेदेखि संविधानसभाले निर्माण गर्ने अग्रगामी नयाँ संविधानअनुसार नयाँ सरकार नबनुन्जेलको अन्तरिम अवधिका लागि क्रियाशील हुनेछ । त्यसैले यी दुई "अन्तरिम सरकार"हरूको बीचमा तात्विक अन्तर छ भन्ने कुरा स्पष्ट छ । तथापि संविधानसभाको निर्वाचनसँग अन्तरिम सरकारको प्रश्न यसको अभिन्न अंगको रूपमा गाँसिएका छ ।

### 'संविधानसभा'को आवश्यकता र औचित्यका बारेमा

आजको संकट मूलतः वर्तमान राज्यसत्ताले देश र जनताका समस्याहरू समाधान गर्न नसकी भ्रष्टाचार, महंगी, अभाव र बेरोजगारीले नेपाली समाजलाई जर्जर बनाएर राष्ट्रियता, जनअधिकार र जनजीविकाका समस्याहरू झन् विकराल हुन पुगेबाट पैदा भएको वस्तुगत संकट हो । यो वस्तुगत संकटको आधारभूमिमा "माओवादी जनयुद्ध" जन्म भई ६ वर्षदेखि चलिरहेको छ । "माओवादी जनयुद्ध"को विकास र सत्तापक्षद्वारा शान्तिपूर्ण राजनैतिक समाधानको सट्टा बलप्रयोग गरेर वर्तमान संकटलाई "हल" गर्ने नीतिको अवलम्बनले देश गृहयुद्धको प्रक्रियामा अघि बढिरहेको छ । गृहयुद्धको चर्कंदो स्थितिले प्रतिगमन र विदेशी हस्तक्षेपको खतरा पनि बढ्दै गएको छ । त्यसैले आजको राजनीतिक निकास त्यो नै हुनसक्दछ, जेले तीव्र हुँदै गएको वस्तुगत संकटको समाधान गर्न सक्दछ, जेले नेकपा (माओवादी)लाई पनि सहमतिमा ल्याई "माओवादी जनयुद्ध"लाई निकास प्रदान गर्न सक्तछ र जे ले गृहयुद्धलाई रोक्न सक्तछ । यो निकासका बारेमा निष्कर्ष निकाल्दा वर्तमान राष्ट्रिय र अन्तर्राष्ट्रिय परिस्थितिमा नेपाली समाजमा आज विद्यमान शक्तिसन्तुलनलाई पनि अगाडि राख्नु अनिवार्य हुन्छ ।

केबाट वर्तमान संकटको पछाडि रहेको मूल कारणलाई सम्बोधन एवं समाधान गर्न सकिन्छ र नेकपा (माओवादी)लाई सहमतिमा ल्याई "माओवादी जनयुद्ध"लाई निकास प्रदान गर्न सकिन्छ भन्ने कुरामा ध्यान नदिने हो भने त्यसरी खोजिने कुनै पनि निकास र विकल्पले वर्तमान संकट र समस्या समाधान गर्ने नभई झन् चर्काउने काम मात्र गर्नेछ । त्यसैगरी नेपाली समाजको वस्तुगत संकट र "माओवादी जनयुद्ध" जन्मनुको पछाडि रहेको जरो कारणको पूर्ण र अन्तिम समाधान नयाँ जनवादी क्रान्ति र आमूल परिवर्तनबाट मात्र हुनसक्ने भए पनि वर्तमान शक्तिसन्तुलनमा (२०४६ सालभन्दा प्रगतिको पक्षमा एक स्तर माथि उठेको शक्तिसन्तुलनमा) क्रान्ति नै सम्पन्न गर्न सकिने स्थिति नभएर एक स्तरको महत्त्वपूर्ण अग्रगामी परिवर्तन मात्र गर्न सकिने स्थिति छ भन्ने कुराप्रति ध्यान नदिइकन पनि राजनीतिक निकासको बारेमा सही र उपयुक्त निष्कर्षमा पुग्न सकिँदैन । बरू त्यसले प्रतिगमन र विदेशी हस्तक्षेपको खतरालाई बढाउनेछ । यस परिस्थितिमा उपरोक्त सबै पक्षहरूलाई सम्बोधन र समाधान गर्ने कार्य संविधानसभाको निर्वाचन र त्यसले निर्माण गर्ने संविधानमार्फत् हुने अग्रगामी परिवर्तनबाट मात्र संभव हुनेछ ।

२०४६ सालको जनआन्दोलनपछि जनतालाई सार्वभौमसत्तासम्पन्न भनिए पनि त्यतिखेरको शक्तिसन्तुलनमा निर्मित वर्तमान संविधान जनताद्वारा प्रत्यक्ष निर्वाचित प्रतिनिधिहरूले बनाएको संविधान होइन । आजको नयाँ शक्तिसन्तुलनमा अब जनतालाई नै आजको शासनव्यवस्थाको बारेमा फैसला गर्ने अधिकार दिइनुपर्दछ अर्थात् जनतालाई संविधान निर्माणको खास उद्देश्यका निम्ति आफ्ना प्रतिनिधिहरू चुन्ने र त्यस्ता प्रतिनिधिहरूको सभा-संविधानसभालाई संविधान निर्माण गर्ने अधिकार दिइनुपर्दछ । संविधानसभाले जनतालाई वास्तविक अर्थमा सार्वभौम बनाउनेछ ।

"माओवादी जनयुद्ध" जन्मनुको पछाडि रहेको वस्तुगत कारणलाई संबोधन गरी त्यसलाई निकास प्रदान गरेर गृहयुद्धलाई रोक्न र वर्तमान संकटको समाधान गर्न शान्तिपूर्ण रूपमा अग्रगामी परिवर्तन आवश्यक हुन्छ । आजको अवस्थामा गृहयुद्धलाई रोकेर अपेक्षित अग्रगामी परिवर्तन प्रदान गर्ने कार्य संविधानसभाबाट मात्र हुनसक्दछ ।

आज "माओवादी जनयुद्ध"ले प्रतिक्रियावादी सत्ताको संकटलाई तीव्र पार्न भूमिका खेलिरहेको छ र प्रतिक्रियावादी सत्ताले संकटकाल, सेना परिचालन, कथित आतंकवादविरोधी ऐन आदिमार्फत् दमनको बाटोबाट त्यसको समाधान गर्ने निरर्थक "प्रयत्न" अघि बढाइरहेको छ । फलस्वरूप देशमा गृहयुद्धको राँको झन् झन् दन्किँदै जान थालेको छ । यस अवस्थामा सरकार-माओवादी वार्ता र त्यससमार्फत् शान्तिपूर्ण राजनैतिक समाधान आजको आवश्यकता भएको छ । 'वार्ता'मा सहमति कायम हुनसक्ने त्यस्तो शान्तिपूर्ण राजनैतिक

निकास निश्चय पनि संविधानसभाको निर्वाचन नै हो । यसमा नेकपा (माओवादी)ले समेत सहमति जनाइसकेको छ ।

अग्रगामी परिवर्तनको विकल्प प्रतिगमन हुन सक्दैन भन्ने त स्पष्ट नै छ तर संविधान संशोधनजस्तो सामान्य सुधारको लिपापोतीबाट पनि आजको आवश्यकताअनुरूपको अग्रगामी परिवर्तन हुन सक्दैन । अहिले केहीले संविधानसभाको प्रश्नमा जनमतसंग्रह गर्ने कुरा पनि गरेका छन् । संविधानसभा स्वयं शासनव्यवस्था कस्तो निर्माण गर्ने भन्ने एक प्रकारको जनमतसंग्रह भएकोले त्यसको लागि जनमतसंग्रहको आवश्यकता किन ? जनमतसंग्रह नै गर्ने हो भने सिधै राजतन्त्र कि गणतन्त्र भन्ने प्रश्नमा गर्नु नै सान्दर्भिक हुनेछ । तर के दरबार यसको निम्ति तयार होला ? त्यस्तो नहुने हो भने "संविधानसभा" मा नै सबै आउनु बाहेक अरू कुनै विकल्प छैन ।

यसरी संविधानसभाले एकैसाथ, जनतालाई नै वास्तविक अर्थमा सार्वभौम बनाउने, "माओवादी जनयुद्ध"लाई निकास प्रदान गरेर गृहयुद्धलाई रोकी वर्तमान राजनीतिक संकटलाई शान्तिपूर्ण रूपले समाधान गर्ने र नेपाली समाजको अग्रगामी परिवर्तन गर्ने कार्य गर्नेछ । त्यसैले अहिलेको शक्तिसन्तुलनको स्थितिमा शान्ति र अग्रगामी परिवर्तनको आवश्यकतालाई संविधानसभा बाहेक अरू कुनै राजनैतिक नाराले प्रतिनिधित्व गर्न सक्दैन भन्ने कुरा एकदमै प्रष्ट छ ।

क्रान्तिकारी एवं वामपन्थी शक्तिहरूले थप के कुरा बुझ्नु जरूरी छ भने क्रान्ति नै सम्पन्न गर्न नसकिने अहिलेको अवस्थामा हामीले एकताबद्ध भएर संविधानसभामार्फत् अग्रगामी परिवर्तन हासिल गर्ने प्रक्रियाको कुशल नेतृत्वप्रदान गर्न सक्यौं भने यो परिवर्तनले जनताको सच्चा प्रजातन्त्रको स्थापना र नेपाली समाजको क्रान्तिकारी रूपान्तरणको निम्ति एक संक्रमणकालीन चरणको काम गर्न सक्ने संभावना पनि छ । त्यसैले सबै क्रान्तिकारी एवं वामपन्थी शक्तिहरूले संविधानसभाको निर्वाचन र त्यसको नेतृत्वको निम्ति आफूलाई तयार पार्नैपर्छ ।

### *संविधानसभाबाट कस्तो संविधान ?*

संविधानसभाले कस्तो संविधान निर्माण गर्ला वा 'संविधानसभा'का प्रस्तावकहरूले त्यसमार्फत् कस्तो संविधान निर्माण गर्न चाहेका हुन् भन्ने बारेमा धेरैको जिज्ञासा रहने गरेको पाइएको छ । कतिपयले त त्यसबारेको स्पष्टतापछि संविधानसभाको पक्षमा जान सकिने धारणा पनि व्यक्त गर्ने गरेका छन् । यस सम्बन्धमा सबभन्दा पहिले त सबैजना के कुरामा स्पष्ट हुनुपर्दछ भने संविधानसभाको निर्वाचन गर्नु भनेको जनताले चुनेका प्रतिनिधिहरूलाई संविधान निर्माण गर्ने अधिकार र जिम्मेवारी दिनु हो । कसैलाई संविधानसभाबाट निर्माण गरिने संविधानका बारेमा अहिल्यै शर्तबन्दी गराउने कार्य हुन सक्दैन, न त कसैले यसबारेमा ठेक्का नै लिन सक्दछ । त्यसैले संविधानसभामार्फत् निर्माण गरिने संविधानमा के कस्ता चीजहरू समावेश गरिएलान् भनी सबै अहिले नै किटान गर्नु संभव हुँदैन । सबै सामाजिक-राजनैतिक शक्तिहरूले आ-आफ्नो दृष्टिकोण, सैद्धान्तिक मान्यता र आजको परिस्थिति एवं आवश्यकताको विश्लेषणमा आधारित रहेर आफूले कस्तो संविधान निर्माण गर्न चाहेका हुन् भन्ने कुरा संविधानसभाको चुनाव प्रक्रियामा जनताकासामु राख्नेछन् । जनताले आफ्नो हित र आकांक्षाहरूको प्रतिनिधित्व गर्ने शक्ति र व्यक्तिहरूलाई संविधानसभाका निम्ति प्रतिनिधि छान्नेछन् । त्यसरी संविधानसभामा चुनिएका प्रतिनिधिहरूको शक्तिसन्तुलनको आधारमा नयाँ संविधान बन्नेछ । तर त्यसबारेमा दुईवटा कुराहरू भने अहिले नै स्पष्ट गर्न सकिन्छ : एक, वर्तमान संकटको समाधान वर्तमान संविधानभित्रबाट संभव नभएकाले संविधानसभाको निर्वाचन गरिने हुँदा संविधानसभाले आजको संविधानभन्दा अग्रगामी संविधान बनाउनु अनिवार्य छ । र दुई, वर्तमान शक्तिसन्तुलनले नयाँ जनवादी क्रान्तिसम्पन्न गर्न नसक्ने र नसकेको अवस्थामा तात्कालिक राजनैतिक निकासको रूपमा संविधानसभामा सहमति कायम हुने हुँदा संविधानसभाले निर्माण गर्ने नयाँ संविधानले यो सीमालाई पनि नाघ्न सक्दैन । अर्थात् त्यस्तो संविधान नयाँ जनवादी संविधान भने बनिहाल्ने स्थिति छैन ।

देशको वर्तमान शक्तिसन्तुलनको प्रतिबिम्ब नै संविधानसभामा आउने हुँदा उपरोक्त दुई कुराहरूका अतिरिक्त त्यसरी बन्ने संविधानको मूल राजनैतिक चरित्रका बारेमा पनि अनुमान गर्न सकिन्छ । एउटा संभावना हो, त्यस्तो संविधान गणतन्त्रात्मक संविधान हुनेछ । यो कुरा संविधानसभामा गणतन्त्रवादीहरूको उपस्थितिको अनुपात, 'संविधानसभा'को निर्णयको पक्षमा परिचालन गर्न सकिने जनदवाव, 'राजतन्त्र'को रवैया र देशभित्रको शक्तिसन्तुलनलाई प्रभावित पार्ने अन्य विभिन्न पक्षहरूमा भर पर्दछ । नेपालमा कम्युनिष्ट शक्तिहरू नै मुख्य गणतन्त्रवादी शक्ति भएकोले यहाँको गणतन्त्रले अन्ततः कस्तो गणतन्त्रको दिशा समात्ने संकेत गर्दछ भन्ने कुरा बुझ्न त्यति कठिनाइ पर्दैन । दोस्रो संभावना हो, त्यसरी बन्ने नयाँ संविधानले "संवैधानिक राजतन्त्र"लाई पूर्णता प्रदान गर्नेछ अर्थात् वास्तविक संवैधानिक राजतन्त्रको स्थापना गर्नेछ । संविधानतः संवैधानिक राजतन्त्र भनिए पनि ०४६ सालको परिवर्तनपछि संवैधानिक राजतन्त्रले पूर्णता पाउन नसक्नुको मूल कारण राज्यसत्ताको मुख्य अंग सेना दरबारको नियन्त्रणमा रहनु हो भने अर्को, संविधानमै पनि संवैधानिक राजतन्त्रको मान्यता प्रतिकूल कतिपय अधिकारहरू राजामा नै रहनु हो । 'संविधानसभा'मार्फत् बन्ने नयाँ संविधानले एक त सेनामाथिको सरकारको अधिकारलाई अझ स्पष्टरूपमा परिभाषित गर्नेछ । दोस्रो, "संविधानसभा"को निकासमा सहमतिको प्रक्रियाले अहिलेको सेनाको संगठनलाई नयाँ ढंगले व्यवस्थित पार्न अनिवार्य बनाउनेछ । संविधानसभामा हुने सहमति "माओवादी जनयुद्ध"को निकासको सहमति समेत हुने भएकाले त्यसले 'माओवादी जनसेना'को उचित व्यवस्थापनको माग गर्नेछ, जसबाट वर्तमान शाही सेनाको संरचना र बनौटमा परिवर्तन अनिवार्य हुनेछ । शाही सेनामा "माओवादी जनसेना"लाई समेत मिलाएर यसलाई नेपाली राष्ट्रिय सेनामा परिवर्तन गर्नु आवश्यक हुनेछ । यसले संवैधानिक राजतन्त्र वास्तविक अर्थमा संवैधानिक हुने मूल आधार तयार पार्नेछ । नयाँ बन्ने संविधानले त्यस अतिरिक्त, राजतन्त्रलाई पनि आलोचनाको भागिदार बनाउने, अन्य संवैधानिक राजतन्त्र भएका मुलुकमा जस्तै राजपरिवारलाई पनि करको दायरामा ल्याउने र राजगद्दी उत्तराधिकारी ऐनलाई पनि संसद्को अधिकार क्षेत्रभित्र ल्याउने कार्य गर्न सक्दछ । त्यसप्रकारको संवैधानिक राजतन्त्रले अन्ततः गणतन्त्रको ढोका खोल्न सक्नेछ । संविधानसभामार्फत् बन्ने नयाँ संविधानले जुनसुकै राजनैतिक चरित्र ग्रहण गरे पनि लिङ्ग, भाषा, जाति, धर्म, वर्ण र श्रमविभाजनका आधारमा गरिएका शोषण र भेदभावमूलक प्रावधानहरूलाई हटाई समानता, सम्मान र न्याय स्थापित गर्ने प्रावधान समावेश गर्ने विश्वास गर्न सकिन्छ ।

**नेपाली कांग्रेस र एमाले लगायतका संसद्वादी शक्तिहरु संविधानसभाको विरूद्धमा विभिन्न तर्क तेर्स्याएर संकीर्ण राजनीति र गुटस्वार्थमा रमाइरहेको देखिनु निश्चय नै गम्भीर चिन्ता र खेदको विषय हो**

### *संविधानसभाको विरूद्धमा अगाडि सारिएका तर्कहरूमा बारेमा*

संविधानसभाको अग्रगामी राजनैतिक निकासद्वारा देशलाई गृहयुद्धबाट बचाउने निर्णय लिनु वा त्यसको पक्षमा भूमिका खेल्नुको सट्टा नेपाली कांग्रेस र एमाले लगायतका संसद्वादी शक्तिहरू संविधानसभाको विरूद्धमा विभिन्न तर्क तेर्स्याएर संकीर्ण राजनीति र गुटस्वार्थमा रमाइरहेको देखिनु निश्चय नै गम्भीर चिन्ता र खेदको विषय हो । नेपाली कांग्रेस र एमालेजस्ता शक्तिहरूले यस सम्बन्धमा पेश गरेका तर्कहरूको संक्षिप्त विवेचनाले यसलाई राम्ररी स्पष्ट पार्नेछ ।

**संविधानमा प्रावधान छैन भन्ने तर्क :**

संविधानसभाको विपक्षमा तर्क गरिरहेका सत्तारूढ पार्टी नेपाली कांग्रेस र नेकपा (एमाले) लगायतका संसद्वादी शक्तिहरूले यस सम्बन्धमा प्रस्तुत गर्ने गरेको पहिलो र मुख्य तर्क हो- वर्तमान संविधानमा संविधानसभाको प्रावधान छैन । त्यसैले संविधानसभाको चुनाव गर्ने घोषणा गैरसंवैधानिक प्रक्रियाबाट

गरिनुपर्दछ । त्यसले गर्दा एक त जनताको प्रतिनिधिहरूमा आइसकेको शक्ति पुनः परम्परागत निरंकुश शक्तिलाई बुझाउने काम हुन्छ र दोस्रो, संविधान बाहिर गएर गरिने त्यसप्रकारको घोषणाको क्रियान्वयनप्रति विश्वस्त हुन सकिंदैन, बरू वर्तमान संविधान खारेज भएको अवस्थाको लाभ उठाएर पुनरूत्थानवादी प्रतिगामी निरंकुश शक्तिहरूले २०४६ सालको जनआन्दोलनबाट प्राप्त अधिकारलाई पनि अपहरण गरेर प्रतिगमन लाद्न सक्छन् ।

के कुरा सत्य हो भने अहिलेको संविधानमा संविधानसभाको प्रावधान छैन । के पनि त्यत्तिकै सत्य हो भने कुनै पनि संविधानमा (घोषित अन्तरिम संविधानबाहेक) त्यही संविधानलाई विस्थापित गर्ने अर्को संविधान निर्माण गर्नका लागि संविधानसभाको प्रावधान अग्रिम रूपमा राखिएको हुँदैन । कुनै पनि संविधानमा संविधान निर्माण गरिएको बखत राख्नै नमिल्ने र नसकिने प्रावधानलाई आड बनाएर देशमा विकास भएर गएको गम्भीर एवं विशिष्ट राजनैतिक परिस्थितिले माग गरेअनुसारको राजनैतिक निर्णय लिन नसकिने बताउनु आफूलाई पाँच दशक लामो प्रजातान्त्रिक संघर्षको इतिहास बोकेको भन्ने नेका र अहिलेसम्म पनि कम्युनिष्ट पार्टीकै नाम राखेर क्रियाशील नेकपा (एमाले)लाई सुहाउने कुरा होइन । यसबाट त ती शक्तिहरू देशलाई गृहयुद्ध बेहोर्नैपर्ने बाध्यात्मक स्थितिमा लैजान चाहन्छन् भन्ने बाहेक अर्को कुनै अर्थ लाग्दैन । किनकि उनीहरूका अनुसार वर्तमान संविधानको परिधिभन्दा बाहिर गएर कुनै पनि अग्रगामी परिवर्तन शान्तिपूर्ण रूपमा गर्नै सकिंदैन, त्यसको लागि पुरानो सत्तालाई ध्वंस गर्ने क्रान्ति नै चाहिन्छ । यदि नेपाल र नेपाली जनतालाई तात्विक अग्रगामी परिवर्तनका लागि क्रान्ति गर्ने नै चुनौती दिने हो भने गृहयुद्ध रोक्ने कुरा ढोङ बाहेक अरू केही हुनै सक्तैन ।

त्यसैले मुख्य कुरा देश र जनताका समस्याहरू समाधान गर्नका लागि आवश्यक अग्रगामी परिवर्तनको निम्ति राजनैतिक शक्तिहरूको बीचको सहमति र सम्झौता हो । वर्तमान संकटलाई समाधान गर्ने गरी सार्वभौम जनतालाई नै संविधान निर्माण गर्न दिने सहमति हुन्छ र राजनैतिक शक्तिहरूको बीचमा भएको उक्त सहमतिअनुसार अन्तरिम सरकारको गठनसाथ संविधानसभाको निर्वाचनको घोषणा गरिन्छ भने त्यो कदम सारतत्वमा प्रतिगामी नभएर अग्रगामी हुन्छ । त्यसले त बरू अहिले भैरहेको प्रतिगमनलाई रोक्ने काम गर्नेछ । वर्तमान संविधानअन्तर्गत नै अहिले संकटकाल, सेना परिचालन र कथित आतंकवादविरोधी ऐनको प्रक्रियाले एक स्तरको प्रतिगमन भैसकेको छ र संसद् तथा सरकार क्रमशः कठपुतली बन्दै गैरहेको छ । सरकार र संसदीय शक्तिहरूले यो यथार्थलाई नबुझ्ने हो र उल्टो यो प्रतिगमनको प्रक्रियालाई अझ समर्थन र प्रोत्साहन दिइरहने हो भने प्रतिगमनले अझ फड्को मार्न सक्ने छ । त्यसैले संवैधानिक प्रतिगमनको यो प्रक्रियालाई तोड्न निरंकुश शक्तिहरूलाई संविधानसभाको निर्वाचन गराउन बाध्य पारिन्छ भने त्यो कदम कसरी प्रतिगामी हुन्छ ?

तसर्थ, पहिलो कुरा त संविधानसभाको अग्रगामी राजनैतिक निकासमा सहमति कायम हुन्छ भने सारतत्वमा त्यसले अग्रगामी प्रक्रियाको प्रतिनिधित्व गर्ने हुनाले संविधानमा संविधानसभाको प्रावधान नभए पनि त्यसले खासै फरक पार्दैन । किनकि मुख्य कुरा राजनैतिक शक्तिहरूबीचको सहमति नै हो । पञ्चायती संविधानमा पनि बहुदल घोषणा गर्ने प्रावधान थिएन । न त जनमत संग्रह घोषणा गर्ने प्रावधान नै थियो । त्यसैले राजाले नै बहुदलको र जनमत संग्रहको घोषणा गरेको भए पनि त्यो राजाले दिएको नभएर जनआन्दोलनले ल्याएको परिवर्तन थियो । त्यतिखेर त राजामा सार्वभौमसत्तासमेत निहित थियो, त्यसैले त्यो घोषणामा संवैधानिक आधार थियो भन्ने हो भने वर्तमान संविधानले पनि जनतालाई सार्वभौम मानेको छ र संसदीय व्यवस्थामा जनताको सार्वभौमसत्ताको प्रयोग संसदले गर्ने भएकोले संसदले उक्त राजनैतिक सहमतिको औपचारिक घोषणा गर्नसक्ने आधार छँदैछ । दोस्रो कुरा, यदि संविधानसभाको राजनैतिक निकासमा सहमति कायम गरिन्छ र वर्तमान संविधानबाटै टेकेर त्यहाँ पुग्न पाए राम्रो हुनेथियो भन्ने चिन्ता प्रकट गरिन्छ भने त्यसलाई हामीले पनि सकारात्मक रूपमा लिन्छौं । उक्त राजनैतिक सहमतिका आधारमा संविधानको संशोधनद्वारा त्यसप्रकारको संवैधानिक निकास निकालेर नै अघि बढ्न सकिन्छ भने झनै राम्रो कुरा हो र त्यसो गर्न सकिन्छ पनि । हामी पनि यो कदमलाई वाञ्छनीय ठान्दछौं । हाम्रो आपत्ति त संवैधानिक प्रावधानको अभावको नाममा आजको राजनैतिक निकासको विरोध गरी देशलाई झन् झन् संकटग्रस्त पार्दै गृहयुद्धमा धकेल्ने अराजनैतिक हठका प्रति हो ।

त्यस अवस्थामा सामान्यतः संविधानमै संविधानसभाको प्रावधान नहुने भए पनि आजको गम्भीर राजनैतिक संकटको समाधान शान्तिपूर्ण ढंगबाट गर्न र देशलाई गृहयुद्धबाट बचाउन देशका राजनीतिक शक्तिहरूको बीचमा हुने सहमतिअनुसार वर्तमान संविधानलाई संशोधन गरी देशको गम्भीर एवं विशिष्ट राजनैतिक संकटको परिस्थितिमा संसद्ले संविधानसभाको निर्वाचनको निर्णय समेत गर्नसक्ने प्रावधान थपिनुपर्दछ । देश र जनताको हितलाई सर्वोपरि राखी प्रतिगमन तथा विदेशी हस्तक्षेपको खतरा एवं गृहयुद्धको पीडा तथा क्षतिबाट देशलाई बचाउन यसप्रकारको राजनैतिक निर्णय गर्न सकिन्छ । राजनैतिक सहमतिका आधारमा यस्तो संशोधन गरिने भएकाले ९०, ९५ प्रतिशतको बहुमतले यस्तो विशेष र असाधारण संशोधन गर्नसक्ने प्रावधान राखे भइहाल्छ । त्यसैगरी संविधान संशोधन गर्दा अन्तरिम सरकारको गठन र संविधानसभाले अर्को संविधान निर्माण नगर्दासम्मको लागि अन्तरिम विधान तर्जुमा गरिने प्रावधान पनि समावेश गर्नु उपयुक्त हुन्छ । त्यसो भएमा संविधानलाई नै टेकेर अगाडि बढ्ने काम पनि हुन्छ भने वर्तमान संविधान खारेज भई अर्को संविधान निर्माण नभइसकेको स्थितिको फाइदा उठाएर पुनरूत्थानवादी प्रतिगामीहरूले निर्णायक प्रतिगामी कदम चाल्न सक्नेछ भन्ने चिन्ताको पनि समाधान हुन्छ ।

**संविधानसभाको निर्वाचन भयो भने त्यसमा प्रतिगामी शक्तिको बहुमत हुन्छ भन्नुको मतलब त नेका र एमालेले संविधानसभाको निर्वाचन भयो भने त्यतिबेला हामी निरंकुश राजतन्त्रको पक्षमा मत दिन्छौं भन्नु हो**

### प्रतिगामीहरूले बहुमत कब्जा गर्लान् भन्ने तर्क :

"संविधानसभा"को निर्वाचनका निम्ति अहिलेसम्म पनि सहमति नजनाइसकेका शक्तिहरूको अर्को तर्क हो - संविधानसभाको बहुमत प्रतिगामीहरूले कब्जा गर्ने र संविधानसभाबाट बन्ने संविधान झन् निरंकुश र प्रतिगामी हुने संभावना हुन सक्दछ । त्यसैले संविधानसभामा जानु हुँदैन ।

यो तर्क पनि अत्यन्त गलत छ । यस्तो तर्क गर्ने नेपाली कांग्रेस र एमालेले नै गत कालमा सम्पन्न संसदीय आम चुनावमा बहुमत वा प्रतिपक्षको स्थान ओगटेका हुन् । अहिले पनि एमाले आफ्नो पार्टीले आगामी चुनावमा बहुमत हासिल गर्ने दावी गरिरहेको छ । चरित्रगत रूपमा नै आफ्नो खोसिएको अधिकारलाई विभिन्न ढंगबाट पूर्ति गर्न चाहने निरंकुश शक्तिले के संसद्मा आफ्नो प्रतिनिधित्व गराउने कुनै भूमिका खेलेको थिएन ? के नेका तथा एमालेको विश्लेषण त्यो हो ? के निरंकुश प्रतिगामी शक्तिकेन्द्रले संसद्मा आफ्नो प्रतिनिधि पठाउन नचाहेको कारणले गर्दा मात्र हामीले बहुमत वा प्रतिपक्षको स्थान ओगट्न सफल भएका हौं भन्ने लाछी कुरा उनीहरूको हो ? त्यसो होइन भने संविधानसभाको चुनावमा निरंकुश प्रतिगामी शक्तिको बहुमत आउँछ भन्ने कुरा कहाँबाट आउँछ ? त्यसमाथि पनि थप जेष्ठ १९ गतेको काण्डपछि निरंकुश प्रतिगामी शक्तिकेन्द्र जनप्रभावको कोणबाट अत्यन्त कमजोर भएको यथार्थबाट प्रतिगामी बाहुल्यताको संविधानसभाको हौवा आफैंमा निराधार भएको पुष्टि हुँदैन र ?

दोस्रो कुरा, नेका र एमाले दुवैले आफूलाई संवैधानिक राजतन्त्रको पक्षधर बताइरहेका छन् । यस अवस्थामा ने.का., एमालेका अतिरिक्त नेकपा (माओवादी), अन्य वामपन्थी एवं जनपक्षीय शक्तिहरू र सचेत नागरिक समाजको संविधानसभाको निर्वाचनमा हुने भूमिकाले के कुरामा शंका रहँदैन भने संविधानसभाबाट बन्ने नयाँ संविधानले कम्तीमा पनि संवैधानिक राजतन्त्रलाई पूर्णता दिनेछ । संविधानसभाको निर्वाचन भयो भने त्यसमा प्रतिगामी शक्तिको बहुमत हुन्छ भन्नुको मतलब त नेका र एमालेले संविधानसभाको निर्वाचन भयो भने त्यतिबेला हामी निरंकुश राजतन्त्रको पक्षमा मत दिन्छौं भन्नु

हो । होइन र उनीहरू संवैधानिक राजतन्त्रको प्रतिबद्धताप्रति इमानदार छन् भने संविधानसभाबाट झन् निरंकुश र प्रतिगामी संविधान बन्नै सक्तैन । वास्तविकता त के हो भने आजको नयाँ शक्तिसन्तुलनले एक स्तरको अग्रगामी फड्कोलाई प्रतिनिधित्व गर्ने नयाँ संविधान निर्माण गर्ने प्रष्ट संभावना छ ।

तेस्रो कुरा, वर्तमान संविधानको परिधिभित्रबाट समस्याको समाधान संभव नभएकाले नयाँ संविधान निर्माण गर्न संविधानसभाको निर्वाचन गरिने हुँदा संविधानसभाले आजको भन्दा प्रतिगामी संविधान बनाउनै सक्तैन । वर्तमान गम्भीर संकटको शान्तिपूर्ण अग्रगामी राजनैतिक निकासको रूपमा संविधानसभाको निर्वाचन हुने भएकोले संविधानसभाले अग्रगामी संविधान निर्माण गर्नु अनिवार्य छ । किनकि त्यसो नभएमा संकट यथावत रहनेछ । र, त्यो कुनै न कुनै रूपमा पुनः विद्रोहको रूपमा विष्फोट हुनेछ ।

## संशोधनबाटै संविधानसभाको काम गर्न सकिन्छ ?

संविधानसभाको विरूद्धमा तेर्स्याइएको अर्को तर्क हो- संविधान संशोधनबाट नै संविधानसभाले गर्ने काम गर्न सकिन्छ, त्यसैले संविधानसभा आवश्यक छैन ।

पहिलो कुरा त सार्वभौमसत्ता भनिएको जनतालाई नै संविधान निर्माण गर्ने अधिकार प्रदान गर्नु र वर्तमान संविधानलाई संशोधन गर्नु तात्विक रूपमा नै फरक प्रकृतिका कुरा हुन् । दोस्रो कुरा, वर्तमान संविधानमा संवैधानिक राजतन्त्र लगायतका कतिपय पक्षहरूलाई अपरिवर्तनीय रूपमा राखिएको छ । जबकि जनता नै सार्वभौम हो भने जनताको सार्वभौमसत्ता बाहेक अरू कुनै चीज अपरिवर्तनीय हुनु हुँदैन । त्यसैले वर्तमान संविधान स्वयं ०४६ सालको जनआन्दोलनको सबभन्दा ठूलो उपलब्धि भनिएको "जनतामा सार्वभौमसत्ता हस्तान्तरण"को विरूद्धमा छ । वर्तमान संविधानले निर्धारित गरेको संविधान संशोधनको प्रक्रियाबाट यसलाई परिवर्तन गर्न सकिंदैन । तेस्रो कुरा, संविधान संशोधन गर्न भनी वर्तमान संसद्का राजनैतिक पार्टीहरूद्वारा प्रस्तावित बुँदाहरू देश र जनताका हितहरूसँग कम र संकीर्ण सत्ता राजनीतिसँग बढी सम्बन्धित छन् । त्यस्तो संशोधनले देशको वर्तमान समस्या किमार्थ हल गर्न सक्तैन । चौथो र मुख्य कुरा, संविधान संशोधनबाट चालु "माओवादी जनयुद्ध"ले निकास प्राप्त गर्न सक्तैन । त्यसैले संविधानसभाको विपक्षमा गरिएको यो तर्क पनि निराधार छ ।

## सरकारसँग वार्ता गरेर संविधानसभा कसरी प्राप्त हुनसक्छ ?

के पनि तर्क गर्ने गरिन्छ भने वार्ता सरकारसँग गर्ने हो र सरकारसँग वार्ता गरेर संविधानसभा कसरी प्राप्त हुनसक्छ ? सरकारले संविधानसभा दिनै सक्तैन र सरकार बाहेक अरूलाई वार्ता गर्ने संवैधानिक अधिकार छँदैछैन । यहाँ बुझ्नु पर्ने कुरा के हो भने वर्तमान संवैधानिक प्रक्रियाअन्तर्गत 'माओवादी'सँग सरकारले नै वार्ता गर्ने भए पनि यो वार्ता वस्तुतः वर्तमान राज्यसत्ता र संविधान पक्षधर शक्तिहरू र यसलाई परिवर्तन गर्न चांहने शक्तिहरूको बीचको वार्ता हो । त्यसैले सरकारले वर्तमान संस्थापन पक्ष अर्थात् वर्तमान "संवैधानिक राजतन्त्रात्मक" संसदीय व्यवस्थाको प्रतिनिधित्व गर्नुपर्दछ । त्यसको लागि राजतन्त्र र संसद् वा संसदीय शक्तिहरूको आपसी समन्वय र समझदारी कायम गर्ने र त्यसलाई प्रतिनिधित्व गर्ने काम सरकारले गर्नुपर्दछ । तसर्थ, सरकार-माओवादीबीचको वार्ता औपचारिक रूपमा ती दुई पक्षहरूको बीचमा भए पनि (यद्यपि वार्तामा अन्य सबै पक्षहरूलाई सामेल गर्न पनि सकिन्छ) वास्तवमा त्यो सम्पूर्ण राजनैतिक शक्तिहरूको बीचको वार्ता हुनेछ । वर्तमान राजनैतिक शक्तिसन्तुलनलाई प्रभावित पारिरहेका सम्पूर्ण राजनैतिक शक्तिहरूको बीचमा हुने सहमतिलाई नै सरकार-माओवादी वार्ताले औपचारिक रूप दिनेछ ।

## 'गणतन्त्र'को माग फिर्तापछि संविधानसभाको आवश्यकता नरहेको तर्क :

संविधानसभाको आवश्यकता छैन भन्नेहरूले नेकपा (माओवादी)ले वार्ताको टेबुलबाट 'गणतन्त्र'लाई फिर्ता गरिसकेकाले पनि संविधानसभाको आवश्यकता नरहेको तर्क समेत अगाडि सार्ने गरेका छन् । माओवादीले 'गणतन्त्र'को मागलाई छोडेको नभई सिधै गणतन्त्रको घोषणा गरियोस् भन्ने अडानलाई वार्ताको कार्यसूचिबाट हटाई संविधानसभाबाट फैसला गरियोस् भनी चुनौती प्रस्तुत गरेका हुन् । त्यसैले संविधानसभाको चुनावमा नेकपा (माओवादी) लगायतका क्रान्तिकारी वामपन्थीहरूले गणतन्त्रात्मक संविधानकै पक्षमा आफूलाई प्रस्तुत गर्नेछन् भन्ने कुरा स्पष्ट छ । गणतन्त्रको मुद्दालाई हाम्रो पार्टीले शुरूदेखि नै प्रस्तावित गरे झैं पछि आएर नेकपा (माओवादी)ले पनि संविधानसभालाई फैसला गर्न दिने मुद्दा बनाएको हो ।

## संविधानसभा : क्रान्तिसम्पन्न भएपछि मात्र अपनाइने प्रक्रिया ?

कतिपय वामपन्थी समूहहरू संविधानसभालाई क्रान्तिसम्पन्न भएपछि मात्र अपनाइने प्रक्रियाको रूपमा प्रस्तुत गरेर अहिलेको अवस्थामा संविधानसभाको नारा दिनु गलत हुन्छ भनिरहेका छन् । यो क्रान्तिकारी मार्क्सवादलाई समग्रमा र गतिमा नबुझ्ने अधिभूतवादी जड चिन्तनबाहेक केही होइन । यस्तो चिन्तनले क्रान्तिको माला जप्दै तमासे बन्नुबाहेक वास्तविक जीवनमा क्रान्तिप्रक्रियालाई कहिल्यै नेतृत्व प्रदान गर्न सक्तैन । देश, जनता र क्रान्तिको हित जे गर्दा हुन्छ र जे जसरी वास्तविक जीवनमा क्रान्तिप्रक्रियालाई अघि बढाउन सकिन्छ, त्यही गर्नु क्रान्तिकारी मार्क्सवाद हो । क्रान्तिकारी मार्क्सवादले कहीं कतै र कहिल्यै संविधानसभा क्रान्तिपछि मात्र लागू गरिने प्रक्रिया हो भनेर भनेको छैन । स्वयं लेनिनले क्रान्ति अघि नै यो नारालाई क्रियात्मक रूपमा अघि सार्नुभएको थियो र यो नाराको आधारमा क्रान्तिप्रक्रियालाई तीव्र पार्ने कार्य गर्नुभएको थियो भन्ने कुरालाई हाम्रा ती वामपन्थी मित्रहरूले स्मरण गर्नुपर्ने हो ।

तसर्थ, माथिको छलफलबाट के स्पष्ट हुन्छ भने ने.का. र एमाले लगायतका शक्तिहरूले जे जति तर्कहरू अगाडि सारेर "संविधानसभा"को विरोध गरिरहेका छन्, तिनीहरू गलत छन् । त्यसका आधारमा संविधानसभाको विरोध गर्नुको कुनै औचित्य छैन ।

## ने.का. एमालेका सामु रहेका बाटाहरू :

आफूलाई "प्रजातान्त्रिक समाजवाद"प्रति प्रतिबद्ध बताउने नेपाली कांग्रेसले किन 'संविधानसभा'लाई स्वीकार गर्न हिच्किचाइरहेछ ? पहिलो त कुरा त संविधानसभाको नारा पूँजीवादी प्रजातन्त्रवादीहरूकै नारा हो । बुर्जुवा प्रजातन्त्रको सैद्धान्तिक मूल आधार र सर्वोच्च नारा नै संविधानसभा हो । दोस्रो कुरा, नेपाली कांग्रेसले २००७ सालदेखि संविधानसभाको नारा उठाएको हो । ऐतिहासिक रूपले पनि नेकाको यो नारासँग सम्बन्ध रहिआएको छ । तेस्रो कुरा, नेकाले आफूलाई संवैधानिक राजतन्त्रको पक्षपाती बताउँदा बताउँदै पनि राजतन्त्रबाट यसले बारम्बार धोखा पाइरहेको छ । संविधान सभामार्फत् नेकाले पनि राजतन्त्रलाई वास्तविक अर्थमा संवैधानिक बनाउने अवसर प्राप्त गर्न सक्दछ । र, चौथो कुरा, 'संविधानसभा'मा सहमतिबाट वर्तमान संकटको समाधानमा सकारात्मक भूमिका खेल्न सकिन्छ । नेकाले यसलाई गम्भीरतापूर्वक लिनु आवश्यक छ । नेकपा (एमाले)का लागि पनि अब दुईभन्दा अर्को बाटो छैन । एमालेले कि त संकटकाललाई अनुमोदन, सेना परिचालनमा सहमति र कथित आतंकवादविरोधी विधेयकलाई पारित गर्न गरेको सहयोग जस्ता जनविरोधी नीति-निर्णयहरूलाई अझ अघि बढाएर निरंकुशतावादी प्रतिगामी-फासीवादी शक्तिहरूको पूर्ण सहयोगी बन्ने दिशा समात्नु पर्दछ कि त गत कालका गलत निर्णयहरूलाई सच्याएर संविधानसभामा सहमति कायम गरी देशमा विद्यमान गम्भीर संकटको शान्तिपूर्ण समाधानमा प्रभावकारी भूमिका खेल्नुपर्दछ । पहिलो प्रक्रियाले एमालेको औचित्य र भूमिका समाप्त पारिदिनेछ, दोस्रोले एमालेलाई बचाउने छ र नेपाली समाजको अग्रगामी परिवर्तनमा उल्लेखनीय भूमिका प्रदान गर्नेछ ।

त्यसैले नेपाली कांग्रेस र एमाले लगायतका राजनैतिक शक्तिहरूले पनि 'संविधानसभा'को पक्षमा सहमति कायम गरी शान्तिपूर्ण राजनैतिक निकासद्वारा वर्तमान गम्भीर संकटको समाधान गरेर देशलाई गृहयुद्धबाट बचाउने निर्णय लिनु आजको आवश्यकता हो । क्रान्तिलाई केन्द्रमा राख्ने वामपन्थी शक्तिहरूले त झन् जडता, कुपमण्डुकता र घिसेपिटेपनबाट माथि उठेर नेपाली समाजको क्रान्तिकारी रूपान्तरणको प्रक्रियालाई तीव्र पार्न तात्कालीन ठोस सन्दर्भमा संविधानसभाको पक्षमा भूमिका खेल्नैपर्दछ । सम्पूर्ण मानवअधिकारवादीहरू, बुद्धिजीवीहरू र नागरिक समाजले पनि यसको पक्षमा अझ सशक्त भूमिका निर्वाह गर्ने अग्रसरता देखाउनै पर्छ । 'युद्धविराम', 'वार्ता' र संविधानसभाको शान्तिपूर्ण राजनैतिक निकासले मात्र देशलाई भीषण गृहयुद्धबाट बचाउन सक्दछ । त्यसैले यसको पक्षमा चौतर्फी अग्रसरता आजको ज्वलन्त आवश्यकता हो । ❑

*लेखक ने.क.पा. (एकताकेन्द्र)का महासचिव हुनुहुन्छ– सं.*



# यसरी ओरालो लाग्दैछ नेपाली अर्थतन्त्र

विनोद ढुंगेल

अहिले संसारको निर्धनतम राष्ट्र इथियोपियासँग निर्धनताको प्रतिस्पर्धामा उत्रेको छ- हाम्रो मुलुक । संसारभरि नै आर्थिक शिथिलता देखापरिरहेको वर्तमान सन्दर्भमा आन्तरिक कारणहरूले नेपालको आर्थिक वृद्धि दर इथियोपियाको हाराहारीमा पुग्ने संकेतहरू देखिएका छन् । अफ्रिकी राष्ट्र इथियोपियाको कूल गार्हस्थ उत्पादनको बृद्धिदर औसत २ प्रतिशत छ भने विगत दुई वर्षदेखि ओरालो लागेको नेपालको आर्थिक बृद्धिदर पनि यो वर्ष साढे तीन प्रतिशतमा झर्ने प्रक्षेपण गरिएको छ । सन् २००० मा ६.१ प्रतिशत रहेको आर्थिक बृद्धिदर गत वर्ष ५ प्रतिशतमा आइपुगेको थियो ।

यो डरलाग्दो तथ्य एशियाली विकास बैंकले हालै सार्वजनिक गरेको हो, जसमा देशभित्र उत्पन्न जटिल परिस्थितिहरूका कारण आर्थिक शिथिलता देखापरेको उल्लेख छ । गत वर्षको जेठमा भएको राजदरवार हत्याकाण्ड र भदौमा अमेरिकामाथि भएको आक्रमणपछि विश्वव्यापी रूपमा नकारात्मक मोड लिएको अर्थतन्त्रको प्रभाव नेपालमा परेको थियो नै । त्यसको लगत्तै मंसिरदेखि लागु गरिएको संकटकालले नेपालका आर्थिक अंगहरूलाई ध्वस्त बनाएको छ ।

यसै पनि कृषि क्षेत्रको प्रगति अत्यन्त कमजोर थियो । नेपाल राष्ट्र बैंकले चालु आर्थिक वर्षको माघसम्मको आर्थिक समीक्षा गर्ने क्रममा पनि तरकारी तथा फलफूल, घ्यू, तेल, पेय पदार्थ, मसला, खाद्यान्न, चिनी तथा चिनीजन्य पदार्थहरूको दश प्रतिशतसम्म मूल्य बृद्धि भएको उल्लेख गरेको छ । मुद्रास्फीति १.८ बाट झण्डै तीन गुणा बढेर ३.२ हुनपुगेको छ । यस्तो समयमा नेपालमा फैलिएको माओवादी विद्रोह र राजदरवार हत्याकाण्डका कारण पर्यटन उद्योग र व्यापारमा परेको गम्भीर असरले गर्दा नेपाल इथियोपियाको आर्थिक बृद्धिको नजिक पुगेको एशियाली विकास बैंकले जनाएको छ ।

सरकारले संकटकाल घोषणा गर्नुअघि माओवादीको चन्दाआतंक व्यापक रूपमा फैलिएको थियो । कतिपय उद्योग-धन्दाहरू पनि माओवादी प्रहारका निशाना भएका थिए । त्यों अवस्थामा सरकारले संकटकाल घोषणा गर्दा उद्योगी व्यापारीहरूले केही शान्ति कायम हुने आशा राखेका थिए । र, संकटकाल मुलुकको अर्थतन्त्रको सुधारको निम्ति सहायक हुने विचार सार्वजनिक गरेका थिए । तर, परिणाम त्यसको ठीक उल्टो देखापरेको छ ।

संकटकालपछि पनि माओवादी आक्रमणमा कुनै कमी आएको छैन । 'चन्दा' मागेर लाने विषय थियो भने अहिले देशव्यापी सशस्त्र आक्रमण जारी ती विकासका संरचनाहरू, जसले युद्धमा रणनीतिक महत्व राख्दैनन्, ती पनि ध्वस्त पारिँदैछन् । सरकार प्रतिरक्षामा पनि असफल हुँदैछ । संकटकालपछि पनि सरकार राजधानी र सदरमुकामहरूभन्दा खासै व्यापक हुनसकेको छैन । जबकि, माओवादी आक्रमण सदरमुकामदेखि राजधानीसम्म भइरहेकै छ । यही स्थितिमा आएर एशियाली विकास बैंकले 'एशियाली विकास परिदृश्य- २००२' मा कृषि क्षेत्रको बृद्धिदर अनावृष्टिका कारण गत वर्षको चार प्रतिशतबाट तीन प्रतिशतमा झर्ने प्रक्षेपण गर्दै भनेको छ- नेपालमा फैलिएको विद्रोह र वाह्य कारणहरूले गर्दा उद्योग तथा कृषि क्षेत्रको बृद्धिदर गत वर्षको क्रमशः २.५ प्रतिशत र ७.३ प्रतिशतबाट करीब ३ प्रतिशतमा झर्ने स्थिति छ ।

'वर्ल्ड फ्याक्ट बुक- २००१' मा समेटिएको तथ्याङ्कलाई गलत सावित गरेर मुलुकको आर्थिक सुधार गर्ने दिशामा कुनै प्रयास भएका छैनन् । 'अवस्था जस्ताको तस्तै छ', नेपाल उद्योग वाणिज्य महासंघका प्रवक्ता राजेन्द्रकुमार खेतान भन्नुहुन्छ- "सामान बढी बिक्री हुने, पर्यटक संख्या बढ्ने, निर्यात बढ्ने केही भएन, आन्तरिक ढुवानी तथा पारवहन सेवा र आपूर्ति व्यवस्थामा कुनै सुधार भएन । रात्री व्यवसाय ठप्प भयो । हरेक वर्ष हुने बृद्धि त कता हो कता, भएको बृद्धि पनि घट्यो ।"

सामान बढी बिक्री हुने कुरै छैन, आर्थिक गतिविधि नै ठप्प भएपछि । खुद्रा व्यापार संघका अध्यक्ष गंगाबहादुर मानन्धरका शब्दमा "दैनिक उपभोग्य वस्तुको मूल्य तीनसय प्रतिशतसम्म बढेको छ ।" होटेल संघ नेपालका अध्यक्ष



घट्दो पर्यटक संख्या

**अहिले संसारको निर्धनतम राष्ट्र इथियोपियासँग निर्धनताको प्रतिस्पर्धामा उत्रेको छ - हाम्रो मुलुक**

नरेन्द्र बज्राचार्य गत वर्षको दाँजोमा यस वर्ष पर्यटक आगमन प्रत्येक महिना ५०-६० प्रतिशतका दरले कम भएकोले पर्यटनको क्षेत्रमा भयावह स्थिति देख्नुहुन्छ । नेपाल राष्ट्र बैंककै अनुसार पनि कूल निर्यातमा झण्डै ७ प्रतिशत र कूल आयातमा झण्डै १० प्रतिशतले ह्रास आएको छ । तसर्थ, विदेशी मुद्रा संचिति भएकोमा दङ्ग पर्नुपर्ने आधार छैन ।

संकटकालको आरम्भमै नकारात्मक संकेतहरू देखापरिसकेका थिए । संकटकाल घोषणाको हप्ता दिनभित्रै एक हजारभन्दा बढी पर्यटकले नेपाल भ्रमण रद्द गरेका थिए । संकटकालले पर्यटकहरूलाई कुनै असर नगर्ने जानकारीसहितको सरकारी र गैरसरकारी वेबसाइट सूचनालाई पर्यटकले पत्याएका थिएनन् । 'हामीले जति बुझाउन खोजे पनि केही न केही गोलमाल नभई संकटकाल लागु भएको छैन भन्ने महशूस पर्यटकले गरिहाल्दा रहेछन्' -एशिया प्यासिफिक ट्राभल्र्स एशोसियसन, नेपाल च्याप्टरका अध्यक्ष अशोक पोखरेलको यो भनाइ अहिले पनि सान्दर्भिक छ । नेपाल पर्यटन बोर्डका निर्देशक टेकबहादुर डाँगीका अनुसार त्यतिखेर 'संकटकालको मनोवैज्ञानिक असर पर्यटकमा परेको' बताइए पनि अहिलेसम्म त्यो असर ज्यूँकात्यूँ छ । सरकारले निर्णय गरेबमोजिम यथाशीघ्र पर्यटन उद्योगहरूलाई उपलब्ध गराउने भनिएको आर्थिक प्याकेज र रूग्ण उद्योगहरूलाई उपलब्ध गराउने भनिएको वित्तीय प्याकेज एक महिनाभित्र उपलब्ध नगराउने हो भने धेरैजसो तारे होटलहरू बन्द हुने अवस्था छन्', -होटेल संघका अध्यक्ष नरेन्द्र बज्राचार्य त्यस्ता प्याकेज अविलम्ब उपलब्ध गराउन माग गर्दै भन्नुहुन्छ ।

संकटकाल लागेर पनि अपेक्षित सुधार नभएपछि उद्योग व्यवसाय क्षेत्र दोहोरो मारमा परेको छ । होटल व्यवसायमा करीब ३०-४० अर्बको लगानी छ । त्यसमध्ये धेरैजसो वित्तीय संस्थाको लगानी हो । तसर्थ, होटल डुब्नु भनेको वित्तीय संस्था तथा बैंकहरूसमेत डुब्नु हो । फलतः समयमै आवश्यक कदम नचाल्ने हो भने यसले

**कूल निर्यातमा झण्डै ७ प्रतिशत र कूल आयातमा झण्डै १० प्रतिशतले ह्रास आएको छ । तसर्थ, विदेशी मुद्रा संचिति भएकोमा दङ्ग पर्नुपर्ने आधार छैन ।**




*अर्थमन्त्री : महत*

मुलुकको आर्थिक व्यवस्थालाई डावाँडोल पार्ने खतरा छ । तैपनि सरकारले सुधारका सकारात्मक उपाय अपनाएको देखिंदैन । विकास खर्चमा २५ प्रतिशत कटौती गरी सुरक्षा खर्च बढाइएको छ । आर्थिक अध्यादेश जारी गरी बन्दूक र गोली किन्ने खर्च जनताबाट उठाउने प्रयास गरिएको छ ।

राजस्व संकलनको अवस्था पनि कमजोर छ । एशियाली विकास बैंकका अनुसार, सन् २००१ मा कर प्रशासनको सुधारका कारण आन्तरिक राजस्व संकलन बृद्धिदर १६ प्रतिशत पुगेको भएपनि २६ प्रतिशतले बढेको सार्वजनिक खर्चले यसलाई निराशाजनक बनाइदिएको छ । २ अर्ब रूपियाँ बढी राजस्व उठाउन अन्तःशुल्क बढाइयो, तर यसबाट राजस्व प्रशासनका विकृतिमात्र बढे । असफल सावित हुँदै गएको मूल्य अभिबृद्धि करमा सुधार गरिएन । अर्थतन्त्रमा मन्दी देखापरेको बेला सुधार र राहतका कार्यक्रम संचालन गर्नुको उल्टो करका दरहरू परिवर्तन गरेर सजिलो बाटोमात्र खोजिएन, जिम्मेवारीविहीन र तदर्थवादी नीति अख्तियार गर्ने काम पनि भयो ।

तर सरकारी अधिकारीहरू भने ढुक्कजस्तै देखिन्छन् । आन्तरिक राजस्व उठ्तीको ८२ प्रतिशत लक्ष्य पूरा भएको, गत वर्षको यही अवधिको तुलना गर्दा आर्थिक बृद्धि सामान्य रहेको, सरकारी साधन र आयकर ८० प्रतिशत र मूल्य अभिबृद्धि कर ७९ प्रतिशत उठेको र आयको स्वयं घोषणा कार्यक्रममार्फत् उठेको ६० करोडबाट निक्कै धानिएको दावी आन्तरिक राजस्व विभागका उप-महानिर्देशक अवनेन्द्रकुमार श्रेष्ठको छ । तर, आयात, बिक्री, होटल व्यवसाय कमजोर भएकोमा उहाँकैमात्र स्वीकारोक्ति होइन, प्रधानमन्त्रीका सल्लाहकार अर्थविद् डा. प्रकाशशरण महतको यो भनाइले सरकारी आर्थिक संकटलाई सार्वजनिक गर्छ- "माओवादीहरूले विकासका संरचनामाथि आक्रमण

**'संकटकालको मनोवैज्ञानिक असर पर्यटकमा परेको' बताइए पनि अहिलेसम्म त्यो असर ज्यूँकात्यूँ छ**



थालेपछि डर त्रासका कारण आर्थिक क्षेत्रमा नकारात्मक असर परेको छ, आतंकबाट सबैलाई चूप लगाउने रणनीतिका कारण उत्पन्न असर केही समय रहन्छ नै ।"

डा. महत एशियाली विकास बैंकद्वारा गरिएको आर्थिक बृद्धिको प्रक्षेपणलाई स्वीकार्नु हुन्न । ५-६ प्रतिशत आर्थिक बृद्धिको अपेक्षा गरिएकोमा कृषिमा सो अनुपात नघट्ने तर उद्योग धन्दामा 'केही गिरावट' आउने उहाँको विश्लेषण छ । 'संकटकाल नलगाइएको भए कति जनधनको क्षति हुन्थ्यो भन्ने पनि अड्कल गर्न सकिन्छ', उहाँको तर्क छ- "यो अवधिमा जवर्जस्ती चन्दा संकलन गरी कति रकम लैजान्थे, त्यो रोकिएको छ । यसलाई पनि आर्थिक सूचकहरूमा देखाउन सक्नुपर्छ ।" तर, उहाँले भनेजस्तो स्थिति छैन । चन्दा संकलनको साटो लूटपाट जारी छ भने विकासका संरचनामाथि भएको आक्रमणको क्षतिलाई सरकारले रोक्न सकेको छैन ।

संकटकालकै कारण चलचित्र उद्योगमा ५० प्रतिशतभन्दा बढी ह्रास आएको छ भने संगीत उद्योग ४०-५० प्रतिशतले घटेको छ । राष्ट्र बैंकको सात महिने समीक्षामै उल्लेखनीय शिक्षा तथा मनोरञ्जन सेवाको मूल्यमा आएको १.७ प्रतिशत ह्रास अहिले अझ बढेको छ । धितोपत्र बजारमा ९ प्रतिशतभन्दा बढी संकुचन आएको बताइएको छ भने श्रावणदेखि माघसम्ममा मात्रै वाणिज्य बैंकहरूको विदेशी मुद्राको तरलता कम रहेपछि राष्ट्र बैंकले विदेशी मुद्रा बजारमा हस्तक्षेप गरी करीव ९८ करोड रूपियाँ बराबरको विदेशी मुद्रा प्रवाह गरेको थियो ।

आयात निर्यातको स्थिति पनि निक्कै कमजोर छ । राष्ट्र बैंकको समीक्षा अवधिमा बाह्य क्षेत्रतर्फ कूल निर्यात ६.८ प्रतिशतले ह्रास भएको छ, जब कि गत वर्ष यसमा २२.३ प्रतिशतले उच्च बृद्धि रहेको थियो । त्यसमध्ये भारततर्फको निर्यातमा नाममात्रको बृद्धि भए पनि तेस्रो मुलुकतर्फको निर्यातमा गत वर्षको तुलनामा ३७.३ प्रतिशतले ह्रास आएको देखिएको छ ।

तेस्रो मुलुकतर्फ निर्यात हुने प्रमुख वस्तुहरूमा गरगहना २८ प्रतिशतको उच्च बृद्धिमा रहेको बाहेक पस्मिना ७४.९, प्रतिशत दाल

७७.६, प्रतिशत तयारी पोशाक ३८.८, प्रतिशत उनी गलैंचा २३.१ प्रतिशत गरी निक्कै ठूलो ह्रास माघसम्ममा देखिएकोमा अहिले झन् बढेको राष्ट्र बैंकका अधिकारीहरू बताउँछन् । भारत निर्यातमा केही सकारात्मक स्थिति देखिनुमा भने वनस्पति घ्यू, जूटका सामान, दाल, अलैंची, चाउचाउ, तामाको तार, प्लाष्टिकका सामान, पोलिष्टर धागो, कागज, एमएस पाइपजस्ता वस्तुहरूको निर्यात बृद्धि कारक रहेका छन् ।

कूल आयातमा पनि माघसम्म ९.३ प्रतिशतले ह्रास भएको थियो, जब कि गत वर्ष सोही अवधिमा त्यति नै प्रतिशतले बढेको थियो । भारतबाट हुने आयातमा ०.६ प्रतिशत र तेस्रो देशबाट हुने आयातमा १४.६ प्रतिशतको उच्च दरले ह्रास भएकोमा अहिले त्यो ह्रास झन् बढेको बताइन्छ ।

राष्ट्र बैंककै अनुसार, कूल सरकारी खर्चमध्ये साधारण खर्च ११.१ प्रतिशतले बृद्धि भएको र विकास खर्च ११.६ प्रतिशतले घटेको माघसम्मको स्थिति थियो । 'शान्ति सुरक्षाको बढ्दो खर्च धान्न विकास खर्च नियन्त्रण गर्नु' नै यसको कारण रहेको बैंकले जनाएको छ । समष्टिगत आर्थिक गतिविधिमा मन्दी र सुरक्षाका कारण लगानी क्षेत्र उत्साहित नहुनुका कारण बैंकिङ्ग क्षेत्रबाट निजी क्षेत्रलाई जाने कर्जाको बृद्धिमा पनि शिथिलतामा देखापरेको छ । आर्थिक क्रियाकलापमा मन्दी आएका कारण राजस्व संकलनमा समेत ह्रास आएको पनि नेपाल राष्ट्र बैंकले नै बताइसकेको छ । यसबीचमा बजेट घाटा नै करीव ७ प्रतिशतले बढेको छ । संकटकालका कारण बैंकहरूको लगानी करीब-करीब ठप्प भएको छ ।

'लगानीकर्तालाई राम्रो सन्देश गएन, आन्तरिक व्यापार कुण्ठित भयो, अपेक्षित शान्ति सुरक्षा कायम हुनसकेन', -वरिष्ठ अर्थविद् डा. युवराज खतिवडा अमेरिकी घटना, नेपाल-भारत वाणिज्य सन्धि आदि केही पुराना कारण भए पनि संकटकाल लागु गर्दाको औचित्य आर्थिक क्षेत्रबाट पुष्टि हुन नसकेको बताउनुहुन्छ ।

अवसरहरूको समान वितरण नभएपछि मूलतः निराशाले जन्माएको विग्रह थियो- माओवादी जनयुद्ध । यसलाई समस्याको जरोमा पुग्ने र समाधान खोज्ने प्रयास भएन । गाउँ र शहरको आय असमानताको त कुरै छोडौं, काठमाण्डौको २६ हजार र अन्य नगरपालिकाको १२ हजार रूपैयाँको आय असमानतालाई मेट्ने प्रयास पनि भएन । अहिलेको २ सय अर्ब विदेशी ऋण घटाउँदै राष्ट्रिय अर्थतन्त्र बलियो पार्ने प्रयास भएन, बरू ऋण गरेर हतियार लिने प्रवृत्ति देखापर्दैछ, ५५ अरबभन्दा बढीको आन्तरिक ऋण पनि छँदैछ ।

कूल श्रमशक्तिको ६ प्रतिशतसम्म बेरोजगार रहेको सात वर्षअघिको स्थिति पनि अब रहेन । १४ प्रतिशत बेरोजगारी पुगेको छ । त्यही युवा बेरोजगारी माओवादीको निम्ति मलिलो ठाउँ भएको छ । सन् १९९० मा आन्तरिक श्रोतबाट विकास बजेटको आधा हिस्सा धानिन्थ्यो भने अहिले त्यो मुस्किलले ३५ प्रतिशतमा अडेको छ । गरीबी अथाह रूपले बढ्दैछ । बृद्धि र बल दुवैथरिको विदेशी पलायन तीव्र छ । कूल गार्हस्थ उत्पादनको ११ प्रतिशत बचतमध्ये ७ प्रतिशत त विदेशी ऋण तिर्नमै गइरहेको छ । यो दुर्दशाको परिदृश्यको सन्दर्भमा डा. गुणनिधि शर्मा भन्नुहुन्छ- "नकारात्मक आर्थिक स्थितिमा सुधार गर्ने र राष्ट्रिय अर्थतन्त्रलाई सबल पार्ने कुनै प्रयास संकटकालपछि देखापरेका छैनन् ।"



*पश्मिना : ७४.९ प्रतिशतले निर्यातमा ह्रास*

**कूल आयातमा पनि माघसम्म ९३ प्रतिशतले ह्रास भएको थियो, जब कि गत वर्ष सोही अवधिमा त्यति नै प्रतिशतले बढेको थियो ।**

रोजगारी बढाउने र आर्थिक संकट व्यवस्थापन गर्ने कार्यक्रम नल्याउने हो भने दशौं योजनाको डंका पिटाइले कुनै सफलता दिलाउन सक्दैन । टाट पल्टदै गएको अर्थतन्त्रलाई जोगाउन खर्च नियन्त्रण र राजस्व बृद्धिका कार्य जरूरी छ । भीमकाय मन्त्रीमण्डलदेखि सेतो हात्ती सावित भइरहेका परियोजनाहरू घटाउनैपर्छ । 'जनजाति, उपेक्षित जातिहरू तथा महिलाका लागि कार्यक्रम चाहियो', -राष्ट्रिय योजना आयोगका पूर्वसदस्य डा. डिल्लीराज खनाल भन्नुहुन्छ- "गरीबसँग विश्वेश्वरजस्तो २० प्रतिशतमात्र जनताको बीचमा पुग्ने कार्यक्रम हुनु भएन ।"

दक्ष जनशक्ति उत्पादन गरी तिनलाई स्वदेशमै रोजगारको अवसर उपलब्ध गराउने सरकारी प्रयास र दृष्टिकोण देखिंदैन । आन्तरिक श्रोतहरूलाई सबल पार्नुको सट्टा यसलाई ध्वस्त पार्ने र व्यवस्थाप्रति जनताको आशा भरोसा जगाउने काम हुन सकिरहेको छैन ।

सुरक्षा स्थितिमा सुधार आएमा सेप्टेम्बर ११ को अमेरिकी घटनापछि विश्व अर्थतन्त्रमा देखिएको शिथिलता हट्दै गएको र छिमेकी मुलुक भारतको अर्थतन्त्रमा निरन्तर आइरहेको सुधारजस्ता कारणहरूले आगामी वर्ष सन् २००३ मा नेपालले पुनः ५ प्रतिशत बृद्धिदर हासिल गर्नसक्ने एशियाली विकास बैंकको मूल्यांकन पूरा हुने संभावना देखिंदैन । डा. खनाल दुई महिना पहिला केन्द्रीय तथ्यांक विभागले आर्थिक बृद्धिदर २.५ प्रतिशतमा झर्ने बताएको, राष्ट्रिय योजना आयोगको अवधारणापत्रले २.३ प्रतिशत भनेको सन्दर्भ उल्लेख गर्दै संकटकालमा सुधार नभएमा इथियोपियाको भन्दा तल अर्थात् १.८ देखि १.५ प्रतिशतसम्म झर्ने डरलाग्दो दावी सुनाउनुहुन्छ ।

एशियाली विकास बैंकले पनि सन् २००१ मा नेपालको वैदेशिक सहायतामाथिको निर्भरता अत्यन्तै बढेको जनाएको छ । बैंकका अनुसार, पाँच वर्षअघि वैदेशिक ऋण र अनुदानले ४७ प्रतिशतमात्र ओगट्ने गरेकोमा गत वर्ष ५८ प्रतिशतमा पुगेको छ । वैदेशिक ऋण र सहायतामाथिको निर्भरता हटाउँदै लैजान सो बैंकका नेपालका लागि देशीय निर्देशक डा. रिचार्ड भोक्सले पनि देशको आर्थिक उत्थान ग., शान्ति सुरक्षाको स्थितिमा सुधार गर्नुपर्ने सुझाव दिइसक्नुभएको छ ।


'फैलिदो विद्रोह, विस्तारै क्षति पुग्दै गएको अर्थतन्त्र र बढ्दो वित्तीय संकटजस्ता प्रमुख चुनौतिहरूलाई नेपालले क्रमिक रूपमा सम्हाल्दै लानुपर्ने देखिन्छ' -सो बैंकले यसअघि पनि एक विज्ञप्तिमार्फत् सुझाव सार्वजनिक गरेको थियो । डा. भोक्सको पनि सल्लाह छ- "व्यापक रूपमा फैलिएको गरीबी पनि विद्रोहको प्रमुख कारक भएकोले कानूनी शासनको पुनर्वहालीका लागि हातमा हात मिलाएर विशेष गरी तल्लो तह र दुर्गम क्षेत्रसम्म विकास गतिविधिहरूलाई सबल बनाउँदै लैजानुपर्ने आवश्यकता छ ।"

यसरी नेपाली अर्थतन्त्रमाथि किटानीका साथ विदेशी सुझाव र निर्देशकहरू एकातिर आइरहेका छन्, भने तिनलाई सरकारले स्वागत गरिरहेको छ । अमेरिकी विदेशमन्त्री कोलिन पावेलदेखि नेपालका लागि अमेरिकी राजदूत मालिनोव्स्कीसम्मका अभिव्यक्तिहरू आर्थिक हस्तक्षेपकै रूप थिए । तर तिनलाई सरकारले 'आतंकवादका विरूद्ध मित्रवत् सल्लाह'को रूपमा मात्र स्वागत गर्‍यो । यही स्थिति रहिरहेमा मुलुक संचालनका मुख्य हर्ताकर्ताहरू विदेशी नै हुनेछन् र तिनका कठपुतली सरकारहरूले नेपालीमाथि शासन गरिरहने छन् । तसर्थ, इथियोपिया र पराधीनताउन्मुख नेपाली अर्थतन्त्रलाई काबुमा राखेर स्वाधीन अर्थतन्त्रको निर्माणमा लाग्न ढिलो भइसकेको छ । ❑

*(ढुंगेल नेपाल समाचारपत्र राष्ट्रिय दैनिकका सह-सम्पादक हुनुहुन्छ- सं)*

# अर्जेन्टिना : डिसेम्बर जनविद्रोह

राजेन्द्र महर्जन



*हालै दिनहरुमा अर्जेन्टिनामा भइरहेको ब्यापक असन्तोषको सन्दर्भमा तोड्फोड र आगजनीमा ब्यस्त एक क्रूद्ध युवक*

## बेरोजगार मजदूरहरूको आन्दोलनको गाथा

संसारका सबैभन्दा शक्तिशाली साम्राज्यवादी शक्तिहरू प्राकृतिक ग्याँस र तेलको विशाल भण्डारमाथि एकाधिकार जमाउन एशियामा गिद्धहरूझैं लुछाचुँडी गरिरहेको बेला ल्याटिन अमेरिकामा पूँजीवादी र साम्राज्यवादी लूटमारविरूद्ध जनविद्रोहको ज्वारभाटा उर्लेको छ । पूँजीवादी र साम्राज्यवादीहरूको लूटको संसारमाथि चुनौती खडा गर्दै अर्जेन्टिनालगायत ल्याटिन अमेरिकाका सबैजसो देशका जनताले कयौं सफल जनविद्रोहको क्रममा संसारभरिका जनतालाई स्पष्ट रूपमा देखाएका छन्- 'फेरि पनि निर्णायक शक्ति भनेका जनता नै हुन्, जनविद्रोहको ज्वारभाटाका अगाडि जस्तोसुकै खुँखार पूँजीवादी शासकहरू पनि टिक्न सक्दैनन् ।'

जनविद्रोहको केन्द्रविन्दुको रूपमा विकसित भएको ल्याटिन अमेरिकाका जनताले १९९८ देखि यता सडक संघर्षको सिलसिलामा देशव्यापी विद्रोह गर्ने क्रममा संसद भवनसमेत कब्जा जमाएर इक्वेडरका दुई दुईवटा सरकारहरूलाई ढालिसकेका छन् । त्यस्तै ब्राजिलका २४ वटा राज्यहरूमध्ये २३ वटा राज्यहरूमा बलियो जनशक्ति प्रदर्शन गरिरहेको रूरल ल्याण्डलेस वर्कर्स अफ ब्राजिल (MSI) र ब्राजिलका आधाभन्दा बेसी नगरपालिकाहरूमा शासन गर्ने वर्कर्स पार्टी अफ ब्राजिल (PBI) मार्फत् अभिव्यक्त जनसंघर्षहरू विश्वकै उल्लेखनीय आन्दोलन भइरहेका छन् । कोलम्बियाको रिभोल्यूशनरी आर्म्ड फोर्सेस (FARC) देखि मेक्सिकोको जापातिस्ता मुभमेन्टले चलाइरहेको आदिवासी र किसानहरूको सशस्त्र संघर्ष यही जनविद्रोहको एउटा कडी हो । अरू कडीका रूपमा छन्- बोलिभिया, पाराग्वे, डोमिनिकन रिपब्लिक र भेनेजुयलाका गरिखाने जनताका ठूल्ठूला आन्दोलनहरू ।

यी सबै सशस्त्र र निःशस्त्र जनआन्दोलनहरूका बीच क्यूबा चाहिँ ल्याटिन अमेरिकाकै प्रतिरोधको प्रकाशपुञ्जको रूपमा चम्किरहेको छ भने विश्व क्रान्तिका नायक अर्नेष्टो चे ग्वेभाराको मुलुक अर्जेन्टिनाचाहिँ पछिल्लो जनविद्रोहको जिउँदोजाग्दो प्रतीकको रूपमा उभिएको छ । देशव्यापी जनविद्रोहको क्रममा अर्जेन्टिनाका बेराजगारलगायत सम्पूर्ण गरिखाने विद्रोहीहरूले पटक पटक राष्ट्रपति भवन कब्जा गरी १० दिनभित्र ५ पटक राष्ट्रपति परिवर्तन गर्न बाध्य पारेपछि अर्जेन्टिना विश्वकै जनआन्दोलनको एउटा महत्वपूर्ण खम्बाको रूपमा स्थापित भएको छ । निहत्था विद्रोहीहरूले राजधानी ब्यूनसआयर्सस्थित राष्ट्रपति भवनमाथि अभूतपूर्व ढंगले कब्जा गरेपछि राष्ट्रपति फर्नाण्डो डे ला रूवा जब ज्यान जोगाउन हेलिकोप्टर चढेर भागे, बेरोजगारलगायत गरीखाने विद्रोहीहरूको सफल जनविद्रोह विश्वभरि प्रख्यात भएको छ । र, पूँजीवाद-साम्राज्यवादको हिंस्रक लूटमारविरूद्ध संघर्षरत विश्वभरिका जनतालाई जनविद्रोहका लागि यसले बुलन्द आह्वान गरेको छ ।

अर्जेन्टिनालगायत ल्याटिन अमेरिकी जनआन्दोलनहरूका गहन अध्येता जेम्स पेट्रासका अनुसार, अर्जेन्टिनाको डिसेम्बर जनविद्रोहको चालक शक्ति भनेको विशाल मात्रामा चलिरहेको बेरोजगार मजदूरहरूको आन्दोलन (MTD) हो, जसले व्यापक जनगोलबन्दी गर्ने काम गरिरहेको छ । मूलतः यूरोपीय शैलीका ठूल्ठूला औद्योगिक शहरहरूमा केन्द्रित शहरीया बेरोजगार मजदूरहरूको यो आन्दोलनका मुख्य विशेषताहरू हुन्- लोकप्रिय जनसभा (पपुलर नेबोरहूड असेम्बली) हरू संगठित गर्नु, त्यसमार्फत् प्रत्यक्ष प्रजातन्त्र लागू गर्नु, वैकल्पिक जनसत्ता निर्माण गर्नु र पूँजीवादी शोषण-उत्पीडनका केन्द्रहरूमाथि प्रत्यक्ष कारवाही गर्नु ।

'हामीहरू पेरोनिष्टहरू होइनौं, न त रेडिकल पार्टीका कार्यकर्ता वा सोशलिष्टहरू नै हौं । हामी त केवल भोका-नाङ्गा जनतामात्रै हौं, पहिलोपटक हामीले आफूहरूलाई संगठित गर्यौं र हामी आफ्नै सांगठनिक शक्तिको भरमा सडकमा उत्रेका हौं ।' -ब्यूनस आयर्सको

नेबोरहुड असेम्बलीका एक नेताको सडक संघर्षको क्रममा व्यक्त विचारबाट यो आन्दोलनको राजनैतिक प्रकृति बुझ्न सकिन्छ । निश्चित रूपमा यो आन्दोलन कुनै राजनैतिक पार्टीको भातृ संगठन होइन । यो त स्वायत्त, स्वतन्त्र जनसंगठन हो, जसले गरीखाने जनतालाई खुला बजार नीतिविरूद्ध कसरी सशक्त ढंगले जुध्ने र सामाजिक परिवर्तनलाई दिगो पार्ने भन्ने विषयमा नयाँ बाटो बनाइरहेको छ । समाज-व्यवस्थाको आमूल परिवर्तन राजनीतिक नेता र नोकरशाहहरूबाट संभव छैन भन्ने विश्वासमा दृढ भइसकेको यस आन्दोलन भन्छ : सामाजिक परिवर्तन 'ग्रास रूट डेमोक्रेसी' (भुईंतहको प्रजातन्त्र) र 'डाइरेक्ट एक्शन' (प्रत्यक्ष कारवाही) बाट मात्र संभव छ ।



• डिसेम्बर विद्रोहको क्रममा ब्यूनस आयर्सको सडकमा उर्लेको जनलहर प्रहरीसँग मुठभेड गर्दै, जसमा बेरोजगार मजदूरहरूको सक्रिय सहभागिता थियो ! •

## *पृष्ठभूमिमा के छ ?*

नयाँ अर्जेन्टिनाको सिर्जनाका लागि संघर्षरत बेरोजगार मजदूरहरूको आन्दोलन (एमटीडी)को यो पछिल्लो सफलता कैयौं वर्षको थकित र निरूत्साहित पार्ने खालको राजनैतिक पृष्ठभूमि र ट्रेड यूनियन आन्दोलनका बीच शुरू भएको हो । अधिकांश राजनैतिक पार्टीहरूदेखि लिएर ट्रेड यूनियनभित्रसमेत 'मालिक र दासको जस्तो अन्तरसम्बन्ध' रहेको देखेर यसले चुनावी पार्टीका बोसहरू र ट्रेड यूनियनका नोकरशाहहरूबाट पन्छिएर स्वायत्त, स्वतन्त्र र आत्मनिर्भर संगठनको ढाँचा निर्माण गरेको थियो ।

अर्जेन्टिनाका प्रमुख शासकीय पार्टीहरू रेडिकल सिभिक यूनियन र पेरोनिष्टहरूको जस्टिशियालिष्ट पार्टीभित्र त सामान्य पूँजीवादी प्रजातन्त्रसमेत लागू भइरहेको छैन । त्यहाँ एक व्यक्तिको तानाशाही चल्छ र पार्टीभित्रका नोकरशाहहरूले सबै कुरा नियन्त्रित गर्छन् । समाजवादी, त्रात्सकीवादी र मार्क्सवादी भनिएका पार्टीहरू पनि यी विकृति र विसंगतिहरूबाट मुक्त छैनन् ।

विभिन्न रंगका वामपन्थी पार्टीहरूको सम्पूर्ण ऊर्जा संसदीय संघर्षको सेरोफेरोमै समाप्त भइरहेको छ । निर्वीर्य संसदको चुनावमा आफ्ना सांसदहरूलाई जिताउन भरमग्दुर प्रयत्न गर्ने यस्ता पार्टीहरू नयाँ सोच, नौलो प्रक्रिया र भिन्न शैलीमा जनआन्दोलन उठाउन र उठेको आन्दोलनलाई नेतृत्व दिन अहिलेसम्म सफल भएको दृष्टान्त छैन । वर्कर्स पार्टी (PO), यूनाइटेड लेफ्ट (कम्युनिष्ट पार्टी र सोशलिष्ट वर्कर्स मुभमेन्ट) (MST), रिभोल्यूशनरी सोशलिष्ट लीग (LSR) र सोशलिष्ट वर्कर्स फ्रन्ट (FOS) जस्ता वाम पार्टीहरू पनि स्वस्फूर्त रूपमा हुने आन्दोलनहरूका पिछलग्गू मात्रै भइरहेका छन् ।

अत्यन्त लामो परम्परा भएको ट्रेड यूनियन आन्दोलनमाथि पनि यस्ता विकृति र रोगहरू विद्यमान छन् । यहाँका तीनवटा प्रमुख ट्रेड यूनियन फेडरेशनहरूमध्ये रोडोल्फो दायरको नेतृत्वमा संचालित जनरल वर्कर्स कन्फिडरेशन (सीजीटी) तानाशाही शासनदेखि लिएर जुनसुकै पूँजीवादी सरकारसँग पनि साझेदारी गर्ने संगठन हो । सीजीटीलाई सरकारसँग अनैतिक गठनबन्ध गरेको आरोप लगाएर अलगिएको सीजीटी-मोयानो समूहका नोकरशाहहरू समाज व्यवस्था र राजनीतिक ढाँचामा कुनै फेरबदलको सट्टा सरकारमाथि दबाब दिएर आफ्ना अनुयायीहरूलाई सानोतिनो छूट वा सहयोग दिन पाए सन्तुष्ट हुने खालका छन् । ह्यूगो मोयानो नामक आफ्ना नेताको नाममा स्थापित यस विद्रोही समूहले धेरैजसो आमहड्ताल गर्छ र पपुलिष्ट नाराहरू उछाल्छ । बहुसंख्यक श्रमिकहरूलाई अँध्यारोमा राखेर यसले झिनामसिना सवालहरूमा सरकारसँग सम्झौता गर्ने र केही छूट लिने काम गर्छ ।

तेस्रो शक्तिको रूपमा रहेको अर्जेन्टाइन वर्कर्स सेन्ट्रल (सीटीए)को काम कारवाही धेरै हदसम्म प्रगतिशील देखिन्छ । स्टेट वर्कर्स यूनियनको नेतृत्वमा संचालित यस संगठनले बेरोजगारहरूसँग काम गर्ने र ढाँचागत समायोजन कार्यक्रम (SAP) ले जन्माएका समस्याहरू पनि उठाउने काम गरिरहेको छ । तालाबन्दी र छँटनीबाट सबैभन्दा बेसी पीडा भोगिरहेका सार्वजनिक क्षेत्रका कर्मचारीहरूबीच सबैभन्दा बेसी प्रभाव भएको यस संगठन अरूभन्दा धेरै सक्रिय र प्रगतिशील भएकोले प्रगतिशील संघर्षहरूलाई पनि साथ दिएको छ । तर पूँजीवादी व्यवस्थाविरूद्ध कहिले पनि आवाज उठाएको छैन । शुरूमा जुझारू खालका कारवाहीहरू थाल्ने, पछि अचानक हात झिकीदिने र संझौता गर्ने त यसको बानी नै भइसकेको छ । नेतृत्वमा सरकारी कर्मचारीहरूको बाहुल्यता भएकोले यो संगठन राज्यसँगको सम्झौतामै बेसी अल्झिन्छ र अन्य तप्काका मजदूरहरूको बारेमा केवल शब्दमात्रै खर्च गर्छ, संघर्ष चाहिँ गर्दैन ।

सार्वजनिक क्षेत्रका कर्मचारीहरू र शिक्षकहरूको यूनियनका केही शक्तिशाली तप्काले भने जनकारवाहीहरूमा भाग लिएको, धेरै घाइते भएको र केहीले ज्यानै गुमाएको तथ्य यहाँ उल्लेखनीय छ । सीटीए र केही हदसम्म मोयानो ग्रुपका राष्ट्रिय नेताहरू र कार्यकर्ताहरूबीचको फरकलाई पनि नजरअन्दाज गर्न मिल्दैन । जेम्स पेट्रासका अनुसार तिनका कार्यकर्ताहरू, विशेषगरी टाढा टाढाका प्रान्तका कार्यकर्ताहरूदेखि लिएर नेताहरूसमेत धेरै नै लडाकू छन् । संघर्षको स्वरूपको मामिलामा

> अर्जेन्टिनाका प्रमुख शासकीय पार्टीहरू रेडिकल सिभिक यूनियन र पेरोनिष्टहरूको जस्टिशियालिष्ट पार्टीभित्र त सामान्य पूँजीवादी प्रजातन्त्रसमेत लागू भइरहेको छैन ।



**फर्नाण्डो डे ला रुवा** : जनताको आन्दोलनद्वारा गलहत्याइएका राष्ट्रपति



**रामोन पुएर्ता** : ४८ घण्टे अन्तरिम राष्ट्रपति



**अदोल्फो रोद्रिग्वेज सा** : ७ दिने अन्तरिम राष्ट्रपति



**एदुआर्दो क्याम्यानो** : जनतासँग क्षमा माग्न विवश राष्ट्रपति



**एदुआर्दो दुहाल्दे** : खै कसरी थाम्ने जनविद्रोहको लहर ?

धेरैजसो प्रमुख ट्रेड यूनियनहरू फितला देखिन्छन् । आम हड्तालको परम्परा आमरूपमा ब्याप्त यस देशमा आम हड्ताल भनेको ट्रेड यूनियनका नोकरशाहहरूद्वारा जनताभित्र गुम्सिरहेको घृणा र आक्रोशलाई निकालेर फ्याँक्नका लागि गरिने कसरतको रूपमा बदनाम छ । उनीहरूले एक दिन औपचारिक रूपमा आम हड्ताल घोषणा त गर्छन्, तर, त्यतिखेर मजदूरहरूलाई सक्रिय रूपमा गोलबन्द गर्दैनन्, कुनै कारखानामाथि कब्जा जमाई बलियो दवाब पनि दिँदैनन् । मजदूर वर्गको आलोचनात्मक क्रियाशील सहभागिता बृद्धि गर्ने र उनीहरूको वर्ग चेतना जागृत गर्ने काममा सिन्को पनि नभाँच्ने संगठनहरूद्वारा आयोजना गरिने यस्ता आम हड्तालहरू करिव-करिव निरर्थक र प्रभावहीन भइसकेका छन् । कति हदसम्म भने आम हड्ताल आयोजना गर्ने निर्णय, आह्वान र नीति-निर्देशन माथिबाटै हुन्छ र फिर्ता लिने काम पनि माथिबाटै हुन्छ, तलका कार्यकर्ताहरू कठपुतलीझैं बनाइन्छन् । र, कारखानाका मालिकहरू र सरकारलाई समेत यस्ता आम हड्तालको फितलो प्रकृतिबारे राम्ररी थाहा भइसकेको छ । त्यसैले आम हड्तालको एक दिनपछि स्थिति सामान्य भइहाल्छ भन्ने कुरामा विश्वस्त भएर उनीहरू एकदिन चाहिँ चूपचाप बस्छन् ।

यसरी राजनैतिक पार्टीका मालिकहरू सत्ताको लुछाचुँडीमा र ट्रेड युनियनका हाकिमहरू सत्ताको चाकडीमा लागिपरिरहेकै स्थितिमा बेरोजगार मजदूरहरूको जुझारू आन्दोलन शुरू भएको हो । र यस आन्दोलनले शुरूदेखि नै श्रम मन्त्रालयका मन्त्री र हाकिमहरूसँग आधाघण्टे मिटिङ्गका लागि 'अप्वाइन्टमेन्ट' लिने कामलाई भन्दा संगठनलाई जुझारू र संगठित गर्ने कामलाई महत्व दिन थाल्यो । सरकार, मालिक र ट्रेड यूनियनका हाकिमहरूको 'त्रिपक्षीय कमिटी'को निर्माण गरी मालिक र सरकारहरूलाई टेवा दिनुको सट्टा यसले जल्दाबल्दा समस्याहरूमा प्रत्यक्ष कारवाही गर्नमा रूचि देखायो । अनि संगठन र संघर्षको कौशल र क्षमता पनि हासिल गर्‍यो ।



ब्यूनस आयर्सबाट ३० कि.मी. टाढा रहेको रोजारियो शहरमा भोका-नांगा जनताले खाद्यान्न भण्डारमा लुटपाट मच्चाउँदै गरेको दृश्य

**जनसंख्याको ८० प्रतिशत मानिसहरू शहरमा बस्ने अर्जेन्टिनाजस्तो औद्योगिक देशमा आज संसारमा सबैभन्दा बेसी औद्योगिक बेरोजगारहरू छन्**

## *कस्तो छ बस्तुगत परिस्थिति ?*

जनसंख्याको ८० प्रतिशत मानिसहरू शहरमा बस्ने अर्जेन्टिनाजस्तो औद्योगिक देशमा आज संसारमा सबैभन्दा बेसी औद्योगिक बेराजगारहरू छन् । अमेरिकाद्वारा निर्देशित हुने अन्तर्राष्ट्रिय मुद्राकोषको 'प्रेस्क्रीप्शन' अन्तर्गत लागू गरिएका खुला बजारनीति र उदारीकरणको फलस्वरूप ५० प्रतिशतभन्दा बेसी मानिस गरीबीको रेखाभन्दा मुनि छन् र क्षेत्रअनुसार ३० देखि ८० प्रतिशतसम्म श्रमशक्ति बेरोजगार र अर्द्धबेरोजगारको स्थितिमा छन् । त्यसैको फलस्वरूप आज अर्जेन्टिनामा विश्वमै सबैभन्दा बेसी संगठित र जुझारू खालको बेराजगार मजदूरहरूको आन्दोलन चलिरहेको छ ।

जेम्स पेट्रासको आँखाबाट हेर्दा यस आन्दोलनका लागि अत्यन्त अनुकूल वस्तुगत परिस्थिति अर्जेन्टिनामा विद्यमान छ । बेरोजगार औद्योगिक मजदूरहरूको अति नै बाक्लो उपस्थिति सँगसँगै कहिले पनि रोजगार नपाएका युवाहरू र महिलाहरूको हालीमुहाली चल्ने परिवारहरू भएका बस्तीहरूको घनीभूत उपस्थिति पनि त्यहाँ छ । तिनीहरूमध्ये सामूहिक संघर्ष र यूनियनका गतिविधिहरूको अनुभव भएका व्यक्तिहरू पनि बस्ती बस्तीमा छन् । अर्थतन्त्रमा छाएको दीर्घकालीन संकटको परिणामस्वरूप घर-परिवार भताभुंग भएका महिलाहरू यस्ता संघर्षहरूमा सबैभन्दा बेसी जुझारूपनाका साथ उभिएका छन्, र युवाहरू पनि । बेरोजगार मजदूरहरूका बस्तीहरू धेरैजसो प्रमुख राजमार्गका छेउछाउमा भएकाले उनीहरूको सडक बन्दको कार्यक्रम सफल भइरहेको छ ।

बेरोजगार मजदूरहरूको आन्दोलनको प्रकृति नौलो र अनौठो छ । उनीहरूको सांगठनिक पद्धति धेरै हदसम्म प्रजातान्त्रिक छ । अनुकूल बस्तुगत परिस्थितिको सही पहिचानपछि उनीहरू प्रजातान्त्रिक सांगठनिक पद्धति र नौलो एवं अनौठो आन्दोलनको प्रकृतिसहित सफलताको शिखरतिर चढ्दैछन् ।

## *राजमार्ग बन्द गर्ने नौलो पद्धति*

उनीहरूले पनि पहिले पहिले विभिन्न राजनैतिक पार्टी र ट्रेड यूनियनहरूले जस्तै संघर्षको फितलो पद्धति अपनाएका थिए । नगरपालिका, क्षेत्रीय र संघीय सरकार तथा राज्य समक्ष ज्ञापनपत्र बुझाउने, अल्टिमेटम दिने, अलिअलि धर्ना र घेराउसमेत गर्ने कार्य गरेका थिए । उनीहरूका सबै संघर्षहरू शान्तिपूर्ण हुन्थे, तर तलदेखि माथिसम्मका सरकारहरू सशस्त्र थिए, हिंस्रक थिए । उनीहरूका माग र संघर्षको बेवास्ता गर्ने, निःशस्त्र आन्दोलनमाथि हिंस्रक दमन गर्ने कार्य पटक पटक भएपछि उनीहरूले संघर्षको नौलो र अनौठो पद्धति अपनाए । उनीहरूले प्रत्यक्ष कारवाहीको अभियान चलाउने क्रममा राज्य र नगरपालिकाका कार्यालयहरूमाथि जनबलको आधारमा कब्जा गर्ने, दमनको स्थितिमा आगो लगाइदिने काम पनि गर्न थाले । बाटो बन्द गर्ने र विशाल जनताको शक्तिका साथ जुझारू ढंगले धर्ना र घेराउ (पिकेटिङ)का तरिकाहरू अपनाउन थालियो । जून, १९९६ र अप्रिल १९९७ मा कुत्रोल को र प्लाजा हुइंकालजस्ता शहरहरूमा यी तरिकाहरू सफल भएपछि यसलाई झन् घनीभूत र विस्तृत पारियो । पछि त उनीहरू 'पिकेटेरोस' (धर्नाकारी)का रूपमा प्रख्यात हुनथाले ।

शुरू शुरूमै संघर्षको नयाँ पद्धति अपनाउनेहरूमा क्षेत्रीय सदरमुकाम जुजुयेका बेरोजगार मजदूर पनि हुन् । पहिले चिनी, तमाखु, खानी उत्खनन् र स्टीलसम्बन्धी सरकारी र सरकारआश्रित उद्योगका लागि प्रख्यात जुजुये शहर नजिकै एकेरोस जाप्ला नामक विशाल सरकारी कम्पनी छ । सरकारले निजीकरणको अभियान अन्तर्गत यसलाई कौडीको भाउमा अमेरिकी कम्पनी-सिटीकोर्पलाई बेचेपछि यहाँका ५ हजार मजदूरहरूको बेहाल शुरू भयो । अत्यधिक नाफा कुम्ल्याउन ४३ सय मजदूरहरूलाई निष्काशन गरिएपछि उनीहरू पूर्ण बेरोजगार भए । सरकारले कल्याणकारी व्यवस्था हटाउने र नयाँ रोजगारी सिर्जना नगर्ने भएपछि उनीहरू काम मामका लागि नराम्ररी भौंतारिए ।

निजीकरण र छँटनी विरूद्ध उनीहरूले आवाज उठाए । ज्ञापनपत्र र अल्टिमेटम दिने, शान्तिपूर्ण प्रदर्शन गर्ने कामबाट कुनै ठोस उपलब्धि भएन । तब उनीहरूले पहिलोपटक राजमार्ग बन्द गर्ने नयाँ पद्धति अपनाए । मे ७, १९९७ को राति अर्जेन्टिनाबाट बोलिभिया जाने प्रमुख राजमार्गको होरासियो गुजमान इन्टरनेशनल ब्रिजमाथि ठूलो धर्ना बसेर सडक जाम गर्न थालेपछि त्यसको चौथो दिनसम्ममा त्यस प्रदेशभरि सडक बन्दको संघर्ष विस्तार भयो ।

सरकारले हिंसाद्वारा संघर्षको जवाफ दिने क्रममा सैनिकहरूमार्फत्

सयौं मजदूरहरूलाई गोली प्रहार गऱ्यो । गोली, अश्रुग्याँस र ब्यारिकेडबाट पनि धर्नाकारीहरू पछि हट्न तयार नभएपछि प्रान्तीय सरकार १२ हजार ५०० नयाँ रोजगारी सिर्जना गर्न र बेरोजगार-हरूलाई सहयोग दिन विवश भयो ।

जुजुयेको राजमार्ग बन्दको नौलो पद्धति सफल भएपछि यो पद्धति कोर्डोबा, रोजारियो, नेउक्वीन र ब्यूनस आयर्सजस्ता औद्योगिक शहरहरूमा दावानल सरी फैलियो । त्यसपछि पिकेटेरोस (पिकेटिङ गर्नेहरू)का नाममा प्रख्यात हुन थालेका बेरोजगार मजदूरहरूले ला मोन्टाजा नामक शहरमा सबैभन्दा ठूलो र प्रभावशाली ढंगले राजमार्ग बन्दको कार्यक्रम गरेको देखिन्छ । २० लाख जनसंख्या भएको र टेक्सटाइलदेखि अटोमोबाइलसमेत निर्माण हुने कलकारखानाहरूले भरिएको यस शहरमा भएको राजमार्ग बन्द कार्यक्रमपछि एमटीडीको शक्ति र कौशलको राम्रो प्रदर्शन भएको थियो । ४-४ वटा सरकार ढाल्ने हदसम्मको डिसेम्बर जनविद्रोहको मेरूदण्डको रूपमा देखापरेका ला मोन्टाजाका पिकेटेरोसहरू अचेल एमटीडीका पनि मेरूदण्ड भइरहेका छन् ।

विशाल संख्यामा बेरोजगार मजदूरहरू र तिनका समर्थक सहयोगी जनताहरूको उपस्थितिमा राजमार्ग बन्द गर्ने नौलो पद्धति निकै प्रभावशाली देखिन्छ । एमटीडीको अभूतपूर्व सफलताको पछाडि लुकिरहेको एउटा मुख्य रहस्य राजमार्ग बन्द गर्नका लागि गरिने धर्नाको कार्यक्रम हो । राजमार्ग छेउछाउका बेरोजगारहरूद्वारा गरिने यस्ता संघर्षका कार्यक्रमहरू राज्य र पूँजीपतिहरूलाई निष्क्रिय पार्न सफल भएका छन् । मानिस बोक्ने यातायात सेवालाई बन्द नगर्ने, तर कच्चा पदार्थदेखि उत्पादित सामानहरूसमेतको आवत-जावत चाहिं पुरै बन्द गर्ने कार्यबाट पूँजीपतिहरूको नाफा कुम्ल्याउने कार्यमा सिधै धक्का पुग्ने र उनीहरूको सरकारलाई समेत आच्छुआच्छु पार्ने खालको स्थिति निर्माण हुन पुग्दोरहेछ ।

यस्तो खालको संघर्षको सफलताबाट बेरोजगार मजदूर र सामान्य जनताले धेरै नै उपलब्धि हासिल गरिसकेका छन् । उनीहरूले सकेसम्म उपलब्धिमूलक बनाउने कार्य गरेका छन् । र, उनीहरूले एक व्यक्तिको पितृतुल्य तानाशाही र भ्रष्ट नेतृत्व स्थापित हुने पद्धति, प्रक्रिया, संरचना फेर्ने र एकल नेतृत्वको सट्टा सामूहिक नेतृत्व स्थापित गर्ने काम गरेका छन् ।




*ब्यूनर्स आयर्समा विभिन्न वर्गका गरीखाने जनता थरीथरीको आन्दोलन गरेर विरोध गर्दै*

जेलमा बन्द आफ्ना लडाकू साथीहरूलाई रिहा गराउने र दमनका लागि बस्ती-बस्ती पसेका प्रहरीहरूलाई फिर्ता पठाउनेदेखि लिएर केही मात्रामा खाद्यान्न, रोजगारी, उचित ज्याला, बेरोजगारी भत्ताको अधिकार आफ्ना हातमा पारिसकेका छन् । र, स्वास्थ्य सेवा, खानेपानी, सडक निर्माण र सुधारदेखि लिएर शिक्षा र विद्युतीकरणमा सरकारी लगानी बढाउने कार्यमा समेत उनीहरूले सफलता हासिल गरिसकेका छन् ।

सरकारसँगको संघर्षको क्रममा गरिने संभौताद्वारा प्राप्त हुने उपलब्धिहरू धेरैजसो अति आवश्यक भएका व्यक्ति, समूह र समुदायलाई न्यायोचित ढंगले वितरण गरिन्छ । जस्तो, राज्यद्वारा लगानी गरिएका कामहरूमा अल्पकालीन रोजगारी पाउने संभौता भयो भने सामूहिक छलफलद्वारा अति आवश्यक व्यक्ति र संघर्षमा उसको सक्रिय सहभागितालाई प्राथमकिता दिइन्छ । कामभन्दा बेरोजगारीहरूको संख्या कम भएमा रोजगारीको व्यवस्था पालैपालो दिने व्यवस्था मिलाइन्छ । र, अरू उपलब्धिहरू पनि यसरी नै बाँडिन्छ ।

बेरोजगार मजदूरहरूले लामो संघर्षको अनुभवपछि थाहा पाएका छन्- यस्तो जुभारू संघर्षमा संभौताको आवश्यकता हुन्छ र संभौता-वार्ता चाहिं बन्द गरिएको राजमार्गमै वा त्यसको छेउछाउमै हुनुपर्छ । सरकारी प्रतिनिधिहरूलाई संघर्षको स्थलमै आउन बाध्य पारेर संभौता-वार्ता गर्ने प्रक्रियाले गर्दा सबै पिकेटेरोसहरू निर्णय प्रक्रियामा सहभागी हुन पाउँछन् । अतः जुभारू बेरोजगार मजदूरहरूको मागअनुसार धेरैजसो संभौता-वार्ताहरू संघर्षको स्थलमै भएका छन् । र, सरकार आन्दोलनकारीहरूसँग प्रत्यक्ष भडप होला भन्ने डरले जहिले पनि संभौता-वार्ता गर्न तत्पर भएको देखिन्छ ।

संभौता-वार्ताका लागि आन्दोलनकारी बेरोजगार मजदूरहरूले कहिले पनि सरकारी कार्यालयहरूमा डेलिगेशन टिम पठाएको देखिँदैन । कुनै व्यक्ति विशेषलाई वार्ताकारका रूपमा पठाउने काम त भूलवश पनि गरिएको पाइँदैन । उनीहरूका नेताहरू भन्छन्- 'वार्ताकारहरूलाई रोजगारी, पद र पैसाले किन्ने काम भएका उदाहरणहरू धेरै छन् ।'

विभिन्न पार्टी र ट्रेड यूनियनका नेताहरू संघर्षको क्रममा व्यक्तिगत रूपमा वार्ता गर्दा बिकेका र वार्ताका उपलब्धिहरूको रूपमा आउने रोजगारीहरूलाई आफ्ना नातेदारहरू, भाइबन्धुहरू र आफ्ना मतियारहरूलाई बाँडेका उदाहरणहरू छ्याप्छ्याप्ती छन् । यो दृश्य देखेरै बेरोजगार मजदूरहरूले संभौता-वार्तालाई पनि सम्पूर्ण आन्दोलन-कारीहरूको सहभागितामा धर्नास्थलमै सम्पन्न गरी

## प्रजातान्त्रिक प्रक्रियाको नमूना

बेरोजगार मजदूरहरूको आन्दोलन (एमटीडी) धेरै नै प्रजातान्त्रिक प्रक्रिया भएको भुइँतहको आन्दोलन हो । नगर-शहर र त्यस वरिपरिका भुपडपट्टीका गरीब गरीखाने जनताहरूको यो आन्दोलनको सांगठनिक ढाँचा निकै नै विकेन्द्रीकृत छ । प्रत्येक नगरपालिका र बस्तीमा हुने अलग अलग संगठनका शाखाहरू धेरै नै स्वायत्त हुन्छन् । तिनका नेताहरू औपचारिक रूपमा छानिएका वा चुनावद्वारा चुनिएका हुँदैनन् । अनौपचारिक नेतृत्व वा सक्रिय कार्यकर्ताको प्रभाव बेसी हुन्छ । प्रत्येक नगरपालिकाका संगठनहरूले टोल टोलमा छरछिमेकमा नेगबोरहूड असेम्बली नामक जनसभाहरू आयोजना गर्छन् । र, ती सभाहरूमा सबै सदस्यहरूको सक्रिय आलोचनात्मक सहभागिता हुन्छ ।

यो आन्दोलनभित्र नीति-निर्णय गर्ने काम माथिल्लो तहका नेताहरूले गोप्य रूपमा कदापि गर्दैनन्, गर्न नै पाउँदैनन् । यो काम मूलतः नेबोरहूड असेम्बलीहरूले गर्छन् र केन्द्रले संयोजनमात्रै गर्छ । तिनले राजमार्ग बन्द गर्नका लागि आम धर्ना दिनेदेखि नारा तय गर्ने र रणनीति-कार्यनीति निर्माण गर्ने कार्य गर्छन् । ती असेम्बलीका सबै सदस्यहरूको सक्रिय आलोचनात्मक सहभागितामा गरिने यस्ता नीति-निर्णयहरूको सफल क्रियान्वयनकै आधारमा एमटीडी आज यतिविधि सफल भइरहेको छ ।

सामूहिक निर्णयपछि राजमार्ग बन्द गर्ने घोषणा हुनासाथ धर्ना

**यस्तो खालको संघर्षको सफलताबाट बेरोजगार मजदूर र सामान्य जनताले धेरै नै उपलब्धि हासिल गरिसकेका छन्**

दिइने प्रमुख राजमार्गका नाकाहरू वरिपरिका जनतासँगको परामर्शको क्रमलाई अगाडि बढाइन्छ । अनि हजारौं हजार पुरूष र महिलादेखि बाल-बालिकाहरूसमेत राजमार्गमा धर्ना बस्छन् । बस्ने, खाने र सुत्ने व्यवस्थासमेत मिलाएर हप्तौं दिनसम्म गरिने यस्ता जुभारू र नौलो खालका संघर्षहरू निकै कममात्रै असफल भएका उदाहरणहरू छन् ।

प्रहरी र सैनिकहरूले गिरफ्तार गर्ने, दमन-उत्पीडन र हिंसा गर्ने क्रम बढाएमा त्यसको सशक्त प्रतिकार गरिन्छ । यस्ता भडपहरूमा आन्दोलनकारीहरूको मृत्य पनि हुन्छ । दमनको स्थितिमा राजमार्ग छेउछाउका भुपडपट्टी र गरीव वस्तीहरूबाट मानव-सागर ओइर्याउने कार्य भएपछि सरकार प्रत्यक्ष भडपबाट जहिले पनि पछि हट्न बाध्य हुन्छ ।

बेरोजगार मजदूरहरूको आन्दोलनले नीति-निर्णय र क्रियान्वयनमा व्यापक जनसहभागिता बढाउने काम सँगसँगै जनचेतना अभिबृद्धि गर्ने अभियान राजमार्ग बन्दको स्थलमा समेत गरेको देखिन्छ । जनरल मोस्कानी नामक विशाल शहरका गरिखाने जनताहरू शुरू शुरूमा आफूमाथि भइरहेका चरम शोषण-उत्पीडनविरूद्ध मुख खोल्न डराउँथे । बेराजगार मजदूरहरूको आन्दोलनका समर्थक हुँदाहुँदै पनि उनीहरू स्वयं नै सडकमा खुलेआम आएर आफ्ना मागहरू राख्न भयभीत थिए । तर एमटीडीले चेतना, संगठन र संघर्षको कार्यक्रम एकसाथ बढाएपछि उनीहरू राजमार्ग बन्दको कार्यक्रममा सहभागी भएका छन् । नजिकबाट हरहिसाबले सहयोग गर्न सक्ने जनसमुदायको सहयोगमा व्यापक बृद्धि भएपछि खाना, लत्ताकपडा, उपचारदेखि प्रहरी दमन हुँदा सुरक्षा र लुक्ने व्यवस्था सुगम भएको छ ।

> *विश्वका धेरैजसो वामपन्थी पार्टी, आन्दोलन र सशस्त्र संघर्षहरुको ठूलो अभाव हो- वैकल्पिक भिजन, भिजनसहितको जनसत्ताको अभ्यास ।*

## *वैकल्पिक जनसत्ताको अभ्यास*

विश्वका धेरैजसो वामपन्थी पार्टी, आन्दोलन र सशस्त्र संघर्षहरूको ठूलो अभाव हो- वैकल्पिक भिजन, भिजनसहितको जनसत्ताको अभ्यास ।

बेरोजगार मजदूरहरूको आन्दोलन (एमटीडी)ले वैकल्पिक भिजनसहितको स्थानीय स्तरमा जनसत्ताको अभ्यास गरिरहेको छ । 'नेबोरहूड पपुलर एसेम्बली'मार्फत् जनसत्ताको अभ्यास गर्ने क्रममा यसले आलोचनात्मक र सक्रिय जनसहभागिता एवं प्रजातान्त्रिक आचरणको पालना गरिरहेको छ ।

हरेक थोत्रा-पुराना विधि, परम्परा, प्रक्रिया र व्यवस्थाको सही, वैज्ञानिक र न्यायपूर्ण विकल्पको खोजी र खोजपछिको अभ्यास यसको विशेषता हो । जनरल मोस्कानी शहरमा गरिएको वैकल्पिक जनसत्ताको अभ्यासैलाई ज्वलन्त उदाहरणको रूपमा लिन सकिन्छ । त्यहाँका आन्दोलनकारी नेताहरूले अचेल ३०० भन्दा बेसी वैकल्पिक प्रोजेक्टहरू संचालन गरिरहेका छन् । रोजगारीदेखि खाद्यान्नसम्मका प्रोजेक्टहरूमा बेकरी, जैविक खेतीपाती, जल प्रशोधन शाला, प्राथमिक स्वास्थ्य सेवा प्रणाली, प्रजातान्त्रिक शिक्षा व्यवस्था र सुरक्षा व्यवस्थामा समेत उनीहरूले हात हालिरहेका छन् । यस्ता प्रोजेक्टहरू धेरैजसो प्रारंभिक चरणमा रहेतापनि अधिकांशको कार्यान्वयन सफलतापूर्वक भइरहेको छ ।

जेम्स पेट्रास र अन्य ल्याटिन अमेरिकी जनसंघर्षसम्बन्धी अध्येताहरूका अनुसार, बेरोजगार मजदूरहरूको आन्दोलनले वैकल्पिक जनसत्ताको निर्माण गर्न थालेको छ । केही शहरहरूमा स्थानीय बेरोजगार मजदूरहरूको कमिटी र नेगबोरहूड असेम्बलीहरूले अघोषित रूपमा 'डि-फ्याक्टो सरकार' चलाउन थालेका छन् । र, स्थानीय नगरपालिकाका पदाधिकारी र कर्मचारीहरू निरीह हुन थालेका छन् । केही गरिखाने गरीवहरूको बाहुल्यता भएका टोल, बस्ती र इलाकालाई बेरोजगार मजदूरहरूको आन्दोलनले अर्ध-मुक्त इलाकाको रूपमा विकास गरिसकेको छ । ती स्थानहरूमा केन्द्रीय सत्ताको उपस्थिति नगण्य भइसकेको छ र नगरपालिकाका पदाधिकारी र कर्मचारीहरूले आफ्नो वैधता गुमाइसकेका छन् । त्यसैले पुरानो सत्तासँग एमटीडीको संगठन र संघर्षको अगाडि भुक्नेबाहेक अर्को विकल्प नभएको स्थिति देखा परिसकेको छ ।

वैकल्पिक जनसत्तासँगै सीमित मात्रामा शुरू गरिएको 'समानान्तर अर्थतन्त्र'ले स्थानीय जनताको व्यापक समर्थन र सहयोग पाउन थालेको छ । यसले संगठन विस्तार र जनसंघर्षको व्यापकतालाई टेवा दिइरहेको छ । योभन्दा ठूलो र महत्वपूर्ण कुरा के हो भने जनतालाई आफ्नो भाग्य आफैं कोर्न, आफ्नो जिन्दगी, टोल, छिमेक र बस्तीको जीवनको सु-संचालन, सुव्यवस्था र आमूल परिवर्तनका लागि हामी आफैं सक्षम, योग्य र कुशल छौं भन्ने सन्देश पनि यसले दिइरहेको छ ।

◉ बाँकी अर्को अंकमा


नववर्ष २०५९ सालको सुखद् उपलक्ष्यमा सम्पूर्ण जिल्लाबासीहरुमा

**हार्दिक मंगलमय शुभकामना**

व्यक्त गर्दछौं ।



**बालकृष्ण बुढाथोकी**

सभापति तथा

**सुर्खेत जिल्ला विकास समिति परिवार**

नववर्ष २०५९ सालको सुखद् उपलक्ष्यमा सम्पूर्ण नगरबासीहरुमा

**हार्दिक मंगलमय शुभकामना**

व्यक्त गर्दछौं ।



**सूर्यबहादुर कुँवर**

नगरप्रमुख तथा

**महेन्द्रनगर नगरपालिका परिवार**

# शिशु स्याहारको बानीले घिस्रने जन्तु डायनासोरलाई उड्ने चरामा विकास गरायो

• तुल्सीदास महर्जन •

टेलिभिजनमा रामायणको हिन्दी टेलिश्रृंखला आउँदा मूल कथाअनुसार त्यसका केही भागहरूमा गरूड चरालाई पनि एक महत्वपूर्ण पात्रको रूपमा देखाइएको पाइन्छ । तर तपाईलाई अचम्ममा पार्ने कुरो भनेको त्यहाँ त्यस चरालाई मान्छेले जस्तै मान्छेको भाषा बोल्ने तुल्याइएको छ, यथार्थमा चराले मान्छेको भाषा बोल्दैन । तिनीहरूमा संचारको लागि प्राकृतिक तरिकाको स्वभाविक सांकेतिक प्रक्रिया हुन्छ, जुन उनीहरूले जन्मजात नै प्राप्त गरेका हुन्छन्, मानिसहरूमा जस्तो जन्मेपछि परिवार वा समाजले सिकाएको हुँदैन । त्यसैले त्यो चेतना वा आत्माको उपजको रूपमा रहेको छैन, जस्तो मानिसमा रहेको छ ।

सबै प्राणीहरूको आत्मा हुन्छ भन्ने प्राचीन समयको गलत अवधारणामा आधारित भएर रचिएको साहित्यबाट निर्माण गरिएको त्यस टेलिश्रृंखलामा त्यस्तो दृश्य देखाइनु कुनै अनौठो रहेन । किनकि सबैमा आत्मा हुने र सबैको आत्मा एउटै किसिमको हुन्छ भन्ने अवधारणाले नै मान्छे र चरा वा अन्य प्राणीहरूमा कुनै फरक देखाउँदैन ।

यथार्थमा चेतना वा आत्मा मान्छेमा मात्र हुन्छ । आत्मा र चेतनाको कारणले गर्दा नै मान्छे अरू जनावरबाट अलग रहेको छ । वैज्ञानिक खोज र व्याख्याले गर्दा अब के कुरामा सन्देह रहेन भने समयको विकास क्रमबाट नै हजारौं वर्ष पहिले श्रम गर्ने बानीको विकासले एउटा खास किसिमको जन्तुमा चेतनाको विकास हुन पुग्यो । र, त्यही बिन्दुबाट त्यो जन्तु अन्य तमाम जन्तुहरूभन्दा भिन्न र विकसित हुन पुग्यो । आज हामी समस्त मानव जाति त्यही जन्तुका सन्तानहरू हौं ।

त्यसैले गरूड चरामा मान्छेमा जस्तो चेतना र त्यही चेतनाबाट विकसित हुन पुगेको भाषा हुनु सम्भव छैन । टेलिफिल्ममा देखाइएको दृष्य पूर्णतः अज्ञानी कल्पनाबाट सिर्जित साहित्यको उपज हो । तर गरूड चरालाई मान्छेको आकारमा मान्छेकै साइजमा जस्तो देखाइयो, त्यो बडो रूचिपूर्ण देखिन्छ । किनकि वैज्ञानिकहरूले अब के कुरामा विवाद गर्न छाडेका छन् भने चराहरू ठूला होउन् या साना, तिनीहरू सबै करोडौं वर्ष पहिले एक प्रकारको घस्रने ठूलो खालको डायनासोर नामक सरिसृप जन्तुबाट विकसित भएका हुन् । त्यसैले रामायणमा देखाएजस्तै पृथ्वीमा मानिसको उपस्थित भइसकेपछि नभए पनि मानिस यो धर्तीमा विकसित हुनुभन्दा करोडौं वर्ष पहिले चराहरू धेरै ठूला नै थिए । करोडौं वर्ष पुराना जीवावशेषहरूले यही कुरा बताउँछन् । ठूलो साइजकै कुरा गर्ने हो भने अहिले पनि ओस्ट्रिच चरा सानो सानो पाडो जत्तिको ठूलो साइजको देखिन्छ । तर सरिसृपको एउटा पुर्खाबाट चरामा विकसित हुँदाको शारीरिक बनौट र अहिले ओस्ट्रिच चराको शारीरिक बनौटमा आकाश पातलको फरक भएको तथ्य जीवावशेषहरूले दिएका छन् ।

'करोडौं वर्ष पहिले एक खालको सरिसृपबाट चराको पुर्खा विकसित भयो' भन्ने कुरामा वैज्ञानिकहरूबीच धेरै वर्ष पहिले नै विवाद टुङ्गिएको कुरा माथि उल्लेख भयो । तर त्यो प्रक्रिया कसरी पूरा भयो भन्ने कुरामा भने उनीहरूबीच एउटै मत हुन सकेको छैन । अहिलेसम्म त्यस सम्बन्धमा मुख्य रूपमा जम्मा दुई वटा सिद्धान्तहरू नै चर्चामा रहँदै आइरहेका थिए । तर अहिले फेरि पहिलेका ती दुईभन्दा अझ भन् नितान्त भिन्न अर्को नयाँ सिद्धान्त अगाडि आएको छ ।

हालैमात्र अमेरिकाको क्यालिफोर्निया विश्वविद्यालयका वैज्ञानिक *जेम्स क्यारी*ले अहिले एउटा अनौठो विचार अगाडि ल्याएका छन् । उनका अनुसार एक खालका सरिसृपहरूले आफ्ना शिशुहरूलाई शत्रुबाट बचाउन र राम्ररी हुर्काउन स्याहारका विभिन्न उन्नत तरिकाहरू अपनाउँदै जाँदा नै पछि तिनीहरूका पछिल्ला पुस्ताहरू उड्ने चरामा विकसित हुन पुगे ।

उनी भन्छन्- 'उपलब्ध प्रमाणहरूबाट यो देखिन्छ कि चराहरूका प्वाँख र पखेटालगायत सबै शारीरिक गुण तथा स्वभावहरू, विकसित अभिभावकीकरण र शिशु स्याहारका गुणहरूबाट नै विकसित हुन पुगे ।'

उनका अनुसार शुरूको चराको पुर्खा जब उड्ने अभ्यासमा आइपुग्यो, तब उडान र शिशु स्याहारबीचको वातावरणीय अन्तर्सम्बन्ध (ecological interplay) मा एकले अर्कोलाई भन् पछि भन् थप सशक्त तुल्याइदिएको हुन्थ्यो । र, ती दुबै गुणहरूको लगातार विकास तथा त्यसले पाएको उच्च गतिले नै आधुनिक चराको शारीरिक बनौटलाई जन्म दियो ।




*मेसोज्वाइक युगका टेरोसोरस नामक उड्ने खालको डायनासोर जो उड्ने पहिलो जन्तुको रूपमा वैज्ञानिकहरू विश्वास गर्छन्*

चरा-जीवविज्ञान तथा सम्पूर्ण विकासवादी सिद्धान्तमा चराको उड्ने गुणको उदय एक महत्वपूर्ण विषयको रूपमा रहेको छ ।

धेरै वैज्ञानिकहरूले चराको विकासको

प्रमाणको रूपमा करोडौं वर्ष पुरानो एक उड्ने जीव आर्केयप्ट्रिक्स् (Archaeopteryx)को जीवावशेषलाई लिने गरेका छन् । त्यो जीवावशेष अहिलेसम्म भेटिएका मध्ये सबभन्दा पुरानो चराको जीवावशेष हो, जुन करोडौं वर्ष पहिले नै पृथ्वीबाट लोप भइसकेको थियो । अर्को कुरो, त्यो चरा सरिसृप र चराबीचको अन्तरिम अवस्थाको जीव मानिन्छ । किनकि त्योसँग उड्नलाई पखेटा र जीउमा प्वाँख भएतापनि आधुनिक चरामाभन्दा फरक मुखमा दाँत र जीउको पछिल्लो भागमा हाड भएको पुच्छर रहेका छन् । वास्तवमा दाँत र हाड भएको पुच्छर हुनुले सरिसृपको शारीरिक बनौट झल्काउँछ । त्यसैले यसलाई अन्तरिम जीवको रूपमा लिइएको हो ।



सरिसृपबाट चराको विकास भयो भन्ने पहिलेका प्रचलित दुई सिद्धान्तहरूमा एउटा 'आर्बोरिअल सिद्धान्त' (the arboreal theory) हो भने अर्को 'कर्शरिअल सिद्धान्त'(the cursorial theory) हो ।

'आर्बोरिअल सिद्धान्त' अनुसार चराको प्रारम्भिक पुर्खा रूखमा बस्थ्यो र त्यो एक हाङ्गाबाट अर्कोमा हाम्फाल्दै हिँड्थ्यो । त्यसरी हाम्फाल्दा तिनीहरू रूखबाट खस्दै गर्थे । तर खस्दा अगाडिका हातजस्ता दुई खुट्टा फैलाउँने अभ्यास गर्दै जाँदा तिनीहरूले जमिनमा खस्ने गति कम भएको पाए । यो प्रक्रिया सम्भवतः लाखौं र करोडौं वर्षसम्म चलेपछि तिनीहरूमा बिस्तारै उड्ने पखेटाको विकास भई आधुनिक चराको विकास हुन पुग्यो ।

तर 'कर्शरिअल सिद्धान्त'ले अलि भिन्नै किसिमले व्याख्या गर्छ । यस सिद्धान्तअनुसार चराको पुर्खा रूखमा नभई जमिनमा नै बस्थ्यो । यो एक चारखुट्टे सरिसृप नै थियो । यसको शरीरमा अन्य सरिसृपहरूमा झैं कत्लाहरू थिए । तर यसमा बिस्तारै अगाडिका दुई खुट्टाका कत्लाहरू प्वाँखमा परिणत भए । हुनसक्छ, यति हुन लाखौं वर्ष लाग्यो होला । र, त्यसरी कत्लाहरू प्वाँखमा परिणत भएपछि त्यो जीव दगुर्दा हावाको चाप तलबाट माथि पर्न गई त्यसको जीउ माथि उचालिन पुगी उड्ने क्षमताको विकास हुन पुग्यो ।

तर यी दुबै सिद्धान्तहरूप्रति वैज्ञानिक जेम्स क्यारी सहमत छैनन् । उनी के तर्क गर्छन् भने यदि आर्बोरिअल सिद्धान्त सही हो भने चराको पुर्खाबाट आधुनिक चराजस्तो होइन कि बरू उड्ने लोखर्के वा चमेरोजस्तो चराको विकास हुन्थ्यो, जोसँग अगाडि र पछाडिका खुट्टाहरू जोड्ने पातलो छाला रहेको हुन्छ । त्यस्तैगरी यदि कर्शरिअल सिद्धान्त सही हो भने चराको पुर्खाको रूपमा रहेको चारखुट्टे सरिसृप र आधुनिक चराको बीचमा त्यस्ता थुप्रै रूपका जीवहरू हुनुपर्थ्यो जोसँग सकारात्मक गुणहरू सजिलै देख्न सकिने हुन्छ ।

*धेरै वैज्ञानिकहरूले चराको बिकासको प्रमाणको रूपमा करोडौं वर्ष पुरानो एक उड्ने जीव आर्केयप्ट्रिक्सको जीवावशेषलाई लिने गरेका छन् ।*

## उड्ने जीव चराको उदयबारे वैज्ञानिकहरुको पछिल्लो खोज

वैज्ञानिक जेम्स क्यारीका अनुसार 'अभिभावकीय शिशु स्याहार सिद्धान्त'(the parental care theory)ले चराको विकासको श्रृंखलाबद्ध व्याख्या गर्न सक्छ । उनका अनुसार शारीरिक तथा स्वभावमा आएको लगातारको परिवर्तनले शुरूमा भीमकाय शरीरका डायनासोरहरूलाई पखेटा भएका डायनासोरहरूमा विकास गरायो । र, लाखौं करोडौं वर्षपछि तिनीहरू आजका चराहरूमा विकसित भए ।



*सन् १९९५ मा मंगोलियाको गोबी मरूभूमिमा ओविराप्टर नामक डायनासोरका अण्डाहरूको एक थुप्रो फेला पर्‍यो । त्यस अण्डाको थुप्रोलाई हेरी एक कलाकारले कोरेको त्यस डायनासोरले फुल पार्दाको काल्पनिक चित्र । धेरै वैज्ञानिकहरू डायनासोर र आधुनिक चराको बीच स्वभावगत नाता (behavioural link) रहेको कुराको प्रमाण उक्त भेटिएको अण्डाको थुप्रोले दिन्छ भन्ने कुरा व्यक्त गर्दछन् ।*

वैज्ञानिकहरूका अनुसार चराको पुर्खाको रूपमा रहेको सरिसृपले शुरूमा जमिनमा गुँड बनाएर त्यसलाई सुरक्षा प्रदान गर्न थाल्यो । यो स्वभाव आधुनिक गोहीहरूसँग मिल्छ । धेरै समय बितेपछि त्यस जीवको अण्डामा खास परिवर्तन आयो । अर्थात् अण्डामा नरम छालाको सट्टामा कडा खोलको विकास हुन थाल्यो । अर्को कुरो, तिनीहरूको शरीरले स्थायी किसिमको तापमान ग्रहण गर्ने क्षमता विकास गऱ्यो । यसले गर्दा तिनीहरूले आफ्ना हुर्कंदै गरेका शिशुहरूलाई बढी मात्रामा स्थिर तापमानको वातावरण दिन सके ।

विकासको क्रममा चराका ती पुर्खाहरूमा शरीरमा रहेका कल्लाहरू क्रमशः प्वाँखमा बदलिएर गए । यसबाट तिनीहरूले एकातिर शत्रुबाट आफ्ना शिशुहरूलाई बचाउन छोपेर लुकाउन सके भने अर्कोतिर त्यसले शरीरमा ताप कुचालकको काम गरिदिनाले जीउलाई वातावरण अनुकूल बनाउन तिनीहरू सक्षम भए ।

समय बित्दै गएअनुसार चराको पुर्खाले जमिनमा रहेको गुँडमै राखेर आफ्ना शिशुहरूलाई आफ्नो मुखमा जम्मा गरेर लगिएका तरल वा साना



*चराको पुर्खामा उड्ने क्षमताको विकासले उनीहरूलाई आफ्ना शिशुहरू हुर्काउन रूखको उँचो भागमा सुरक्षित गुँड बनाउन र वातावरण अनुकूल टाढा टाढासम्म बसाईं सराइ गर्न पनि सक्षम तुल्यायो ।*

साना आकारका खाद्य पदार्थहरू तिनीहरूको मुखमै पम्प गरेर वा मुखभित्रसम्म पसाएर ख्वाउन थाल्यो । त्यस्तैगरी त्यसले झन् पछि झन् साना अण्डा पार्ने तथा बढी भन्दा बढी आमाबाबुप्रति निर्भर सन्तानहरू उत्पादन गर्न थाल्यो । र, त्यसपछि बिस्तारै चौरबाट झाडीमा, झाडीबाट सानो सानो रूखमा र त्यहाँबाट पनि अग्लो रूखमाथि गुँड सारिन थालियो ।

यही क्रममा त्यस जीवका अगाडिका दुई खुट्टाहरू बिस्तारै प्वाँखयुक्त पखेटाको रूपमा विकसित हुन पुगे । यसले गर्दा एकातिर त्यसले अझ बढी आफ्ना अण्डाहरूलाई सुक्षा प्रदान गर्न सक्यो भने अर्कोतिर गुँड भएको रूखबाट तल जमिनमा झर्दा त्यसको शरीर एकै पटक बजि्रन नगई बिस्तारै कागज खसे जस्तै तल पुग्ने भयो ।

वैज्ञानिक क्यारीका अनुसार चराको पुर्खाको मुखमा चुच्चोको विकासले पनि त्यसका शिशुहरूलाई खाना ख्वाउन नै सजिलो तुल्यायो । स्तनधारी जन्तुमा स्तनको मुन्टोको विकासले शिशुलाई दूध चुस्न सजिलो तुल्याएजस्तै चराको पुर्खामा चुच्चोको विकासले शिशुको मुखमा खाना सजिलोसित हालिदिन बढी सहज तुल्यायो ।

चराको पुर्खामा उड्ने क्षमताको विकासले उनीहरूलाई आफ्ना शिशुहरू हुर्काउन रूखको उँचो भागमा सुरक्षित गुँड बनाउन सक्षम तुल्याएको मात्र नभई उनीहरूलाई वातावरण अनुकूल टाढा टाढासम्म बसाईं सराइ गर्न पनि सक्षम तुल्यायो । साथै उनीहरूलाई यसले टाढा टाढासम्म गई उन्नत प्रकारको खाना खोज्न पनि सक्षम बनायो । र,यसले गर्दा उनीहरूको खाना खोज्ने ठाउँको क्षेत्रफल धेरै बढ्यो ।

वैज्ञानिक क्यारीले आर्केयप्ट्रिक्सको जीवावशेषबाट चराको विकासको मुख्य प्रेरक शक्ति भनेको नै 'पारेन्टल केर' भएको देखिएको कुरा बताएका छन् । र, उनको यो सिद्धान्त अहिले वैज्ञानिक जगतमा निकै नै चर्चाको विषय बनिरहेको छ । ❑

*सन्दर्भ स्रोतः*

*The Hindu र विभिन्न web site हरू*

नववर्ष २०५९ सालको
सुखद् उपलक्ष्यमा
सम्पूर्ण जिल्लावासीहरुमा
**हार्दिक मंगलमय**
**शुभकामना**
व्यक्त गर्दछौं ।

**चित्रबहादुर श्रेष्ठ** — उपसभापति
**भरतबहादुर शाह** — सभापति
तथा
**बर्दिया जिल्ला विकास समिति** परिवार

नववर्ष २०५९ सालको
सुखद् उपलक्ष्यमा
सम्पूर्ण नगरवासीहरुमा
**हार्दिक मंगलमय**
**शुभकामना**
व्यक्त गर्दछौं ।

**खेमराज पाण्डे**
नगरप्रमुख तथा
**धनगढी नगरपालिका** परिवार




# बाहिरी रूप प्रजातान्त्रिक भित्र घोरैको अपारदर्शी, तानाशाही

अनिल भट्टराई

**विश्व व्यापार संगठन : यसको संरचना र काम कारवाही कत्तिको प्रजातान्त्रिक छ त ?**

विश्वमा अर्थव्यवस्थाबारे निर्णयहरू गर्ने र हस्तक्षेप गर्ने मुख्य तीनवटा बहुपक्षीय निकायहरू रहेका छन् : विश्व बैंक, अन्तर्राष्ट्रिय मुद्रा कोष तथा विश्व व्यापार संगठन । यी तीनमध्ये सवभन्दा शक्तिशाली अन्तर्राष्ट्रिय निकायको रूपमा विश्व व्यापार संगठनको उदय भएको छ । संरचनागत रूपले हेर्दा अघिल्ला दुई भन्दा यो विश्व व्यापार संगठन बढी प्रजातान्त्रिक पनि देखिन्छ । विश्व बैंक तथा अन्तर्राष्ट्रिय मुद्रा कोषमा सदस्य राष्ट्रहरूको मताधिकार उनीहरूले तिनमा लगानी गर्ने पैसाको अनुपातमा निर्धारित गरिन्छ । त्यसैले विश्व बैंकमा अमेरिकी तथा युरोपेली राष्ट्रहरूको बोलावाला हुन्छ र अरू साना तथा गरीव राष्ट्रहरू निरीह द्रष्टा मात्र हुन्छन् । यसका उच्च पदाधिकारीहरू यिनै देशहरूले छान्दछन्, लगानी तथा अरू नीतिगत निर्णयहरू पनि यसै अनुरूप हुने गर्दछन् ।

तर विश्व व्यापार संगठन फरक छ । यसमा कानूनी रूपमा सबै सदस्य राष्ट्रहरूको मताधिकार बराबर हुन्छ । कानूनी संरचनाको हिसाबले यसमा सदस्य रहेको अफ्रिकी मुलुक वा अरू कुनै मुलुकको र युरोप तथा अमेरिकाको बराबरी मताधिकार छ । यसै कारणले यसलाई एक प्रजातान्त्रिक अन्तर्राष्ट्रिय निकाय हो भन्ने गरिन्छ । तर जति संरचनागत रूपमा यो प्रजातान्त्रिक देखिन्छ, यसका विगत सात बर्षको व्यवहारलाई केलाउँदा यो उत्तिकै अपारदर्शी तथा अप्रजातान्त्रिक पनि रहेको छ भन्ने थाहा हुन्छ ।

यसरी यसको बाहिर देखिने प्रजातान्त्रिक छवि तथा वास्तविक व्यवहारमा रहेको अपारदर्शिता अहिले यसको सबभन्दा गहिरो विरोधाभाषको रूपमा रहेको छ । यस लेखमा यसको संरचनागत स्वरूपलाई केलाउने प्रयास गरिनेछ ।

## *संरचनागत स्वरूप*

विश्व व्यापार संगठनको सर्वोच्च निकाय मन्त्रिस्तरीय सम्मेलन (Ministerial Conference) हो । यसमा सबै सदस्य राष्ट्रहरू रहेका हुन्छन् । यसको भेला कम्तिमा पनि हरेक दुई दुई बर्षमा गरिने गर्दछ । यो नै बहुपक्षीय व्यापार संभौताहरूसम्बन्धी सबै अन्तिम निर्णयहरू लिने सर्वोच्च निकाय हो ।

तर यसको दैनिक कार्य संचालन गर्नका लागि विभिन्न विभागहरू तथा सहायक निकायहरूको व्यवस्था गरिएको छ । दैनिक कार्य संचालनको लागि यसमा साधारण परिषद (General Council) को व्यवस्था गरिएको छ । यसमा विश्व व्यापार संगठनका सबै सदस्यहरू रहेका हुन्छन् । यस अन्तर्गत दुई महत्वपूर्ण विभागहरू रहेका छन् ।

◆ विवाद समाधान निकाय (Dispute Settlement Body)

◆ व्यापार नीति समीक्षा निकाय (Trade Policy Review Body)

विवाद समाधान निकायले सदस्य राष्ट्रहरूवीच भएको व्यापार विवादको निर्क्योल गर्ने काम गर्दछ भने व्यापार नीति समीक्षा निकायले चाहिं नियमित रूपमा सदस्य राष्ट्रहरूका व्यापार नीति नियमहरू विश्व व्यापार संगठनको संभौताहरू अनुकुल छन् कि छैनन् भन्ने कुराको समीक्षा गर्दछ । विभिन्न देशहरूको विभिन्न समयावधिमा व्यापार नीतिहरूको समीक्षा गरिन्छ । अमेरिका तथा युरोपेली देशहरूको हरेक दुई दुई बर्षमा गरिन्छ भने, विकासशील देशहरूको चाहिं ६ बर्षमा गर्ने व्यवस्था गरिएको छ ।

विश्व व्यापार संगठन यसभन्दा पहिला कायम रहेको भन्सार महशूल सम्बन्धी साधारण संभौता (General Agreements on Trade and Tariffs-GATT) को विकसित रूप भएतापनि यसमा ग्याटभन्दा अरू ११ वटा संभौताहरू थप गरिएका छन् । ग्याट अन्तर्गत खाली वस्तु व्यापार, भन्सार महशुल तथा कोटासम्बन्धी कुराहरू पर्दथे भने, विश्व व्यापार संगठनको उरूग्वे राउन्डमा अबलम्बन गरिएका संभौताहरूमा अरू ११ वटा कुराहरू थपिएका थिए । तिनीहरूमा सेवा व्यापार, खाद्यान्नको गुणस्तर, वातावरणीय तथा अरू मापदण्डहरू, कृषि, अनुदानहरू, बौद्धिक सम्पदा, लगानी नियमहरू तथा सरकारी खरीद जस्ता कुराहरू पर्दछन् । यी सबै क्षेत्रमा अहिले संभौताहरू कार्यान्विन भैसकेका छैनन्, तर सन् १९९६ मा सिंगापुरमा भएको सम्मेलन तथा सन् २००१मा दोहामा भएको सम्मेलनमा केही संभौता कार्यान्वयन विषयहरू थपिएका छन्, जस अन्तर्गत कृषि उपजमा दिइने अनुदान, सरकारी खरीद तथा लगानीसम्बन्धी नियमहरू पर्दछन् ।

यी सबै संभौताहरूको केन्द्रमा विश्वभरि व्यापार विस्तारको लागि भएका रोकावटहरू हटाउने कुरा रहेका छन् । सरकार तथा राज्यले व्यापार विस्तारमा रोकावट ल्याउने कुनै पनि नियमहरू बनाउन पाउँदैन । सरकारी खरिद सम्बन्धी संभौता कार्यान्वयन भयो भने, सरकारले गर्ने खरीद पनि अन्तर्राष्ट्रिय टेन्डरबाट गर्नु पर्ने हुन्छ र यसले आफ्नो देशको उद्योगलाई बढावा दिन स्वदेशकै उत्पादन खरीद गर्दछु भन्न पाउँदैन ।

अहिले साधारण परिषद अन्तर्गत अरू तीनवटा विषयगत सह-परिषदहरू रहेका छन् ।

- बस्तु व्यापार परिषद (Concil for Trade in Goods)
- सेवा व्यापार परिषद (Council for Trade in Services)
- बौद्धिक सम्पदा परिषद (Coun-

> **विश्व बैंकमा अमेरिकी तथा युरोपेली राष्ट्रहरूको बोलावाला हुन्छ र अरू साना तथा गरीव राष्ट्रहरू निरीह द्रष्टा मात्र हुन्छन्**

cil for Trade-Related Aspects of Intellectual Property -TRIPS)

यी परिषदहरूले विश्व व्यापार संगठनका सम्बन्धित संझौताहरू अन्तर्गत रहेर कार्य गर्दछन् । यसका साथै मन्त्रीस्तरीय सम्मेलनले अरू तीन वटा निकायहरूको पनि व्यवस्था गरेको छ ।

- व्यापार तथा विकास समिति (Committee on Trade and Development),
- भुक्तान सन्तुलनसम्बन्धी समिति (Committee on Balance of Payments)
- बजेट समिति (Committee on Budget)

त्यसैगरी बायु सेवा, सरकारी खरीद बिक्री, दुग्ध उत्पादन तथा मासुसम्बन्धी चार भिन्नै सम्झौताहरू पनि छन्, जसका लागि छुट्टै व्यवस्थापन निकायहरू गठन गरिएका छन् र तिनीहरूले सिधै मन्त्रिस्तरीय सम्मेलनमा प्रतिवेदन पेश गर्दछन् ।

यसरी विश्व व्यापार संगठन एउटा विस्तृत संरचनागत ढाँचा भएको संस्थाको रूपमा विकसित हुँदै गएको छ । यसमा व्यापार संभौतामा नयाँ नयाँ विषय बस्तु थपिँदै जाँदा त्यससम्बन्धी निकायहरू पनि थपिँदै जान्छन् ।

यसमा सदस्य राष्ट्रका प्रतिनिधिहरूले काम गर्ने गर्दछन् । तर वास्तविक रूपमा भने ठूला ठूला कम्पनीहरू तथा व्यापारीहरूले व्यापार नीतिका प्रमुख कार्यसूचीहरू तयार गरेका हुन्छन् । केही देशहरू यसमा संयुक्त रूपमा आफ्ना कुराहरू अघि सार्दछन् । क्षेत्रीय आर्थिक गुटहरू यसका उदाहरण हुन् । यसमा सबभन्दा प्रभावशाली गुटको रूपमा युरोपेली समुदाय रहेको छ, जुन आँफै पनि एउटा सदस्य हो भने यस अन्तर्गतको अरू १५ देशहरू पनि यसका सदस्य रहेका छन् ।

### *यसमा कसरी निर्णय लिइन्छ ?*

ग्याटमा जस्तै यसमा पनि सर्वसम्मतिको आधारमा धेरैजसो निर्णयहरू गर्ने गरिन्छ । तर जहाँ सर्वसम्मति हुँदैन, त्यस्तो अवस्थामा मतदानबाट पनि निर्णयहरू लिने व्यवस्था गरिएको छ । खासगरी चार विभिन्न अवस्थामा मतदानबाट निर्णय लिने व्यवस्था गरिएको छ । पहिलो, बहुपक्षीय व्यापार सम्झौताको व्याख्यालाई मान्य हुनका लागि तीन चौथाईको बहुमतले पारित हुने व्यवस्था गरिएको छ । दोश्रो, त्यति नै बहुमतले मन्त्रिस्तरीय सम्मेलनले कुनै सदस्य राष्ट्रमाथि रहेको दायित्व फुकुवा गर्न सक्दछ । तेश्रो, बहुपक्षीय सम्भौता संशोधन गर्ने निर्णयलाई दुई तिहाईको बहुमतले पारित गर्न सक्दछ । र, चौथो चाहिँ कुनै नयाँ सदस्यता दिनका लागि कम्तिमा दुई तिहाई बहुमतको स्वीकृति चाहिने व्यवस्था छ ।

**_अहिलेसम्मको अनुभवले के देखाएको छ भने, जुन देशसँग मुद्दा दायर गर्ने तथा मुद्दा लड्ने पैसा छ, त्यसै देशले मात्र मुद्दा जितेका छन् ।_**

यसमा सबभन्दा महत्वपूर्ण निर्णय विवाद समाधान निकायले लिने गर्दछ । तर यसको गठन तथा यसको निर्णय प्रकृया नै अपारदर्शी छ । व्यापारसम्बन्धी समस्याहरू आइपरेमा कुनै पनि सदस्य राष्ट्रले अर्को राष्ट्रको सरकार, वा प्रान्तीय सरकार वा स्थानीय सरकारका नियमहरू विश्व व्यापार संगठनको संभौता विपरीत छन् भनेर मुद्दा हाल्न सक्छ । यसरी मुद्दा हालेपछि जुन देशको विरूद्ध मुद्दा हालिन्छ, त्यस देशको नियम कानून बदल्नका लागि मुद्दा हाल्ने देशले केही अवधिको लागि समय दिन्छ । त्यो अवधिमा नियम कानून परिवर्तन गरिएन भने औपचारिक रूपमा मुद्दा हाल्ने काम हुन्छ । अहिलेसम्मको अनुभव कस्तो देखिएको छ भने धनी देशले गरीव देशहरूको नियम बदल्नका लागि उजुरी हाल्दा गरीव देशहरूले आफ्ना नियमहरू बदल्ने गरेका छन् । धनी धनी देशहरू बीच पनि यस्ता व्यापार झगडाहरू हुने गरेका छन्, जस्मा औपचारिक मुद्दा हाल्ने तथा त्यसमा निर्णय गर्ने गरिएका छन् ।

औपचारिक मुद्दा हालिसकेपछि तीनजना व्यापार विशेषज्ञहरू रहेको विवाद समाधान आयोगले यसमाथि निर्णय गर्दछ । विश्व व्यापारलाई विस्तार गर्ने तथा खुला बजारको वकालत गर्ने खाले व्यक्तिहरू मात्रै यस आयोगमा रहन सक्ने गरी सदस्य छनौटको मापदण्ड राखिएको छ । यस मापदण्ड अनुसार, यस आयोगको सदस्य हुनका लागि चार वटा उपायहरू रहेका छन् ।

कुनै पनि व्यक्ति-

- पहिला ग्याटमा काम गरेको भए,
- वा ग्याट वा विश्व व्यापार संगठनमा कुनै देशको प्रतिनिधित्व गरेको भए,
- वा आफ्नो सरकार अन्तर्गत व्यापारसम्बन्धी उच्च ओहोदामा बसेर काम गरेको भए
- वा अन्तर्राष्ट्रिय कानून कितावहरूमा आफ्ना लेखहरू प्रकाशित गर्न सक्षम वकिल भए मात्रै यस आयोगमा सदस्य हुन सक्दछ ।

यो तीन सदस्यीय आयोगले एकदमै गोप्य ढंगले काम गर्दछ । विवाद समाधान प्रकृयामा संलग्न गरिएका सबै कागजातहरू, माइन्युटहरू तथा छलफलहरूलाई गोप्य राखिन्छ ।

यस आयोगले गरेको निर्णय बाध्यात्मक हुन्छ र सर्वसम्मतिले मात्र यसलाई उल्ट्याउन सक्छ । हार्ने देशले आफ्नो नियमकानूनहरू जित्ने देशले भने अनुरूप १५ महिनाभित्र बदलीसक्नु पर्दछ, नत्र उसको विरूद्ध व्यापार नाकावन्दीको घोषणा गरिन्छ ।

अहिलेसम्मको अनुभवले के देखाएको छ भने, जुन देशसँग मुद्दा दायर गर्ने तथा मुद्दा लड्ने पैसा छ, त्यसै देशले मात्र मुद्दा जितेका छन् । सन् २००१ सम्ममा दायर जम्मा २४ मुद्दाहरू मध्ये तीनवटा बाहेक अरू सबैमा मुद्दा दायर गर्नेले नै जितेको छ । ❑


"शैक्षिक, प्रशासनिक र पर्यटकीय केन्द्र वीरेन्द्रनगर !
सफा, स्वच्छ र समुन्नत पार्ने हाम्रो रहर !!"



नयाँ वर्ष २०५९ को अवसरमा
समस्त नगरबासीहरुमा
हार्दिक मंगलमय शुभकामना
व्यक्त गर्दछौं ।

**बालाराम शर्मा**
नगरप्रमुख तथा


**वीरेन्द्रनगर नगरपालिका**
परिवार

प्रगतिशील साहित्यको क्षेत्रमा सुपरिचित साहित्यकार डि. आर. पोखरेलको सद्य प्रकाशित पुस्तकको नाम हो : *यथार्थवादी समालोचनाको गोरेटोमा* । दुई खण्डमा विभाजित यस पुस्तकभित्र मूलतः कृतिगत समालोचनाहरू संग्रहित छन् । साथै, पुस्तकभित्र दुईवटा वैचारिक लेख, एउटा चितवनको पत्रकारितासम्बन्धी लेख र पारिजात तथा गोकुल जोशी सम्बन्धमा लेखिएका व्यक्तित्वपरक समीक्षाहरू पनि संग्रहित छन् ।

यस पुस्तकमा पारिजातबारे लेखिएका रचनाहरू सबभन्दा बढी छन् । स्रष्टा पारिजातको समग्र मूल्यांकनसहित पारिजातको उपन्यास *अनिदो पहाडसँगै*, पारिजातकै अर्को उपन्यास *उसले रोजेको बाटो* र पारिजातको समग्र साहित्यिक मूल्यांकन गरी यस विषयमा चारवटा समीक्षात्मक रचनाहरू पुस्तकमा छन् । ती रचनाहरूमार्फत् लेखकले पारिजातको लेखनका मूल प्रवृत्तिहरूलाई केलाउनु भएको छ र प्रगतिशील साहित्यमा पारिजातको स्थान निक्यौंल गर्नुभएको छ । थुप्रै प्रगतिवादी समालोचकहरूभन्दा भिन्न डि. आर. पोखरेलले पारिजातको बहुचर्चित उपन्यास *शिरीषको फूल*लाई स्वच्छन्दतावादी धाराको सार्थक उपन्यसको श्रेणीमा राख्नुभएको छ । उहाँले आफ्ना र पारिजातका पाठकहरूलाई प्रश्न गर्नुभएको छ : *"शिरीषको फूल*ले अस्तित्ववादी, निराशावादी, विसंगतिवादी, अनास्थावादी जीवनविरोधी स्वर उरालेको छ । के यसको अर्थ यो पारिजातको स्वाभाविक अभिव्यक्ति होइन ? स्वच्छन्दतावादी साहित्यिक धाराबाटै विकास भएको र उदास जीवनको यथार्थ कहानी होइन ?"

यस पुस्तकमा पारिजातको रचनाको मूल्यांकन गर्दा पारिजातको चेतनाको ऐतिहासिक विकासक्रम र परिवेशमाथि दृष्टि दिनुपर्छ भन्ने विचारलाई लेखकले विशिष्ट प्रकारले प्रस्तुत गर्नुभएको छ ।

# समीक्षाको सार्थक पुस्तक




पुस्तकमा रहेको अर्को उल्लेखनीय समीक्षा मोदनाथ प्रश्रितको काव्य *देवासुर संग्राम*माथि गरिएको समीक्षा हो । यस समीक्षामा लेखकले प्रश्रितको *देवासुर संग्राम*मा समाजशास्त्रीय त्रुटीहरू रहेको कुरा केही उदाहरणहरू सहित प्रष्ट पार्नुभएको छ । *देवासुर संग्राम*बारे लेखिएको यो समीक्षा नै संभवतः यस पुस्तकबारे आजसम्म लेखिएका सबै समीक्षाहरूभन्दा बढी वस्तुनिष्ठ र सटिक समीक्षा हो ।

त्यस्तै, पुस्तकमा खगेन्द्र संग्रौलाको कथा *मई दिवस*बारे अर्को उल्लेख्य समीक्षा गरिएको छ । त्यस समीक्षामार्फत् लेखकले सर्वहारा चेतना त्यस वर्गमा स्वतः पैदा हुने कुरा नभएर प्रवेश गराइनु पर्ने विषय हो भन्ने धारणा प्रष्टतापूर्वक अघिसार्नु भएको छ ।

बंगलादेशकी लेखिका तसलीमा नशरीनको बहुचर्चित पुस्तक *लज्जा*बारे लेखिएको समीक्षा पनि यस पुस्तकको अर्को महत्वपूर्ण रचना हो । यस समीक्षाभित्र *लज्जा*को कथासारसहित वैचारिक दृष्टिले यसको सकारात्मक पक्षहरूबारे लेखकले थुप्रै कुराहरू भन्नुभएको छ । तथापि ऐतिहासिक घटनाक्रमहरूका तिथिहरूको आधिक्य र कथाभित्रैबाट बोलिनुपर्ने विचारलाई अधिकांश ठाउँमा लेखकद्वारा भनिएकोले यो उपन्यास कलात्मक रूपमा हुनसक्ने जति स्तरीय नभएको कुरा पनि लेखकले प्रष्ट पार्नुभएको छ ।

पुस्तकको दोस्रो खण्डमा संग्रहित रचनाहरू भने पहिलो खण्डको सापेक्षतामा कमजोर छन् । *कला कलाको लागि : एक भ्रान्त धारणा, जनसाहित्यमा सरलीकरण र स्तरीयताको प्रश्न* जस्ता साहित्यसम्बन्धी वैचारिक लेखहरू सरलीकृत र खुकुलो धारणा प्रक्षेपित गर्ने अधूरा विचारहरूका बाहक रचनाहरू हुन् । दोस्रो खण्डमा रहेको पारिजात र गोकुल जोशीसम्बन्धी लेखहरूमध्ये पारिजातसम्बन्धी लेख बहसको विषय हुनसक्ने लेख हो भने गोकुल जोशीबारे लेखिएको रचना प्रगतिशील साहित्यको प्राथमिक तहका विद्यार्थीहरूका लागि उपयोगी रचना हो ।

चितवनको व्यावसायिक पत्रकारिताबारे लेखिएको लेख यस पुस्तकको प्रकृति सुहाउँदो लेख होइन । तैपनि यसले संचार माध्यममा काम गर्ने वा रूचि राख्ने पाठकहरूलाई सुशिक्षित हुन सघाउनेछ ।

पुस्तकभित्रका अरू रचनाहरू त्यति उल्लेखनीय छैनन् । तैपनि उल्लेखनीय, गंभीर र नयाँ दृष्टिसहितका केही रचनाहरूको वजनले गर्दा *यथार्थवादी समालोचनाको गोरेटोमा* उपयोगी पुस्तक सावित भएको छ ।

पुस्तकमा छपाइसम्बन्धी त्रुटीहरू थुप्रै छन् । व्याकरणगत अशुद्धि पनि रहेका छन् । पुस्तकभित्र भाषिक शुद्धाशुद्धि हेर्ने सुअवसर प्राप्त गर्नुभएका भागवतशरण न्यौपानेको योगदान पाठकले फेला पार्दैन । पुस्तकको आगामी संस्करणमा पुस्तकको साजसज्जादेखि लिएर भाषा र व्याकरण समेत सुधार गर्नु जरूरी देखिन्छ ।

संक्षेपमा भन्दा थोरै कमजोरीहरू सहितको सार्थक पुस्तक हो- *यथार्थवादी समालोचनाको गोरेटोमा* । तसर्थ यसका लेखक डि. आर. पोखरेल र प्रकाशक साहित्य संगम चितवन दुवै नै प्रगतिशील साहित्यकर्मीहरूका निम्ति धन्यवादका पात्र छन् ।

❑ *गोविन्द वर्तमान*

## ◀ उल्लेख्य




### साहित्यिक सन्दर्भ : चर्चा र टिप्पणीहरू

विधा : समालोचना संग्रह
लेखक : डा. रविलाल अधिकारी
प्रकाशक : जनमत प्रकाशन, बनेपा, काभ्रे
पृष्ठ : १००+८
मूल्य : रु. १००/-



### महिला मुक्ति आन्दोलन
(प्रथम भाग)

विधा : लेख संग्रह
प्रकाशक : अखिल नेपाल महिला संघ केन्द्रिय कार्यालय, बुटवल
पृष्ठ : ३३६+४
मूल्य : रु. १५०/-




### बनचरीको गीत

विधा : बाल साहित्य/गीत संग्रह
लेखक : शरद पौडेल
प्रकाशक : आत्तनिर्भर विकास मंच, काठमाण्डौ
पृष्ठ : ३६
मूल्य : रु. १८/-



### गणेशलाल सुब्बा
(व्यक्तित्व कृतित्व)

विधा : जीवनी
लेखक : डा. मोहन पी. दाहाल
प्रकाशक : मुक्ति प्रकाशन, जलपाईगुडी
पृष्ठ : ७६+४
मूल्य : रु. ४०/-




### प्राथमिक उपचार
जान्नुपर्ने कुरा

लेखक : डा. जीम डफ/डा. पीटर गोम्ली
अनुवाद : वसन्त थापा/मोहन मैनाली
प्रकाशक : हिमाल किताब, हिमाल एशोसिएसन, पाटनढोका
पृष्ठ : १३६+२०
मूल्य : रु ५०/-

# बौद्धिकता कि दासता ?

चन्द्रदेव नेपाली

गत वैशाख ७ गते प्रगतिशील लेखक संघले काठमाण्डौमा गरेको 'वर्तमान अवस्थामा अभिव्यक्ति स्वतन्त्रता र बुद्धिजीवीहरूको भूमिका' विषयक अन्तर्क्रिया-गोष्ठीमा थुप्रै महत्वपूर्ण कुराहरू उठे । ती कुराहरूमध्ये स्वतन्त्र बुद्धिजीवी र पार्टीप्रतिवद्ध बुद्धिजीवीका बारेमा उठेको विवाद निक्कै रोचक एवं घोचकसमेत रह्यो । कवि ईश्वर बल्लभ र कथाकार खगेन्द्र संग्रौलालगायत वौद्धिकहरू नरहरि आचार्य, डा. मथुराप्रसाद श्रेष्ठ, मल्ल के. सुन्दर, मञ्जुश्री थापा, मोदनाथ प्रश्रित, यादव खरेल, श्याम श्रेष्ठ, सिन्धुनाथ प्याकुरेल र निनु चापागाईंले वर्तमान समयमा अभिव्यक्ति स्वतन्त्रता कुण्ठित भएकोमा आ-आफ्ना कोणहरूबाट विचार व्यक्त गर्नुभएको सो समारोहमा आज देशका बुद्धिजीवीहरूको विशेष भूमिका हुनुपर्ने कुरामा मतैक्यता देखियो । राजनैतिक पार्टीहरूले मात्र आज देशको समस्या हल गर्न नसकिरहेको स्थितिमा वुद्धि र ज्ञानको आधारमा वर्तमान समस्या हल गर्न वौद्धिकहरू प्रभावकारी ढंगमा आउनुपर्नेमा त्यस्तो पनि हुन नसकेकोमा त्यहाँ चित्त दुखाइ व्यक्त गरियो ।

वौद्धिकहरूबाट त्यसरी प्रभावकारी ढंगको पहल हुन नसक्नुमा धेरैजसो वुद्धिजीवीहरूले पार्टीको अन्ध समर्थन गर्ने र अझ, पार्टीको दास सरहको भूमिका निर्वाह गर्ने विद्यमान प्रवृत्ति प्रमुख कारण हो भन्ने ठहर एकथरिले जाहेर गरे । अर्काथरिले त्यसको प्रतिवाद गरे । पार्टीको निर्णय जति नै खराब भए पनि त्यसलाई त्यो आफ्नो पार्टी भएकोले, त्यो रिसाएर आफ्नो पद, सुविधा र सम्भावनाहरू गुम्लान् भन्ने डरले र लालचले सत्य नबोल्ने वुद्धिजीवीहरूलाई पार्टीका 'रबर-स्ट्याम्प, ध्वजावाहक वा दास' सम्म नै भन्ने काम त्यहाँ केही वक्ताहरूले गरे । त्यसलाई प्रतिवाद गर्नेहरूले चाहिं निरपेक्ष रूपमा आफूलाई प्रस्तुत गरे ।

यो त एक गोष्ठी विशेषको प्रसंग भयो । हाम्रो समाजमा गोष्ठीहरूबाहिर व्यवहारिक जीवनमा पनि यस्तै हुने गरेको छ । कुनै पार्टीमा संलग्न रहेको वा त्यस पार्टीसँग नीकट रहेको आधारमा वास्तवमा बुद्धिजीवी पार्टीको भाटगिरी नै गर्छ । यस्तो भाटगिरीलाई 'दासता' भन्नु विल्कूलै गलत हुँदैन । तर कतिपय पार्टीसंलग्न बुद्धिजीवीहरू यस कुराको पनि प्रतिकार गर्छन् । उनीहरू यसलाई पार्टी प्रतिवद्धताकै विरोध गरेको ठहर पेश गर्छन् ।

वास्तवमा पार्टी प्रतिवद्ध हुनु राम्रो कुरा हो । कारण, संगठित प्रयत्नले मात्र समाजमा सार्थक रूपान्तरणको प्रकृयालाई तुलनात्मक रूपले ज्यादा मजबूत पार्न संभव हुन्छ । यस अर्थमा असंगठित रहनुभन्दा संगठित रहनु धेरै राम्रो हो । तर कुरा असंगठित वा संगठितको हैन, कुरा त स्वतन्त्रता र दासताको हो । ज्ञान र वुद्धिको आधारमा सत्य बोल्न बन्देज लाग्ने वा बन्देज स्वीकार्नु पर्ने हो भने त्यो संगठितपन लाभदायक हैन, हानीकारक नै हुन्छ । त्यस्तो प्रवृत्तिको विरोध हुनैपर्छ । त्यस्तो प्रवृत्ति कुनै समूह विशेषले अँगालेको छ भने त्यसका विरूद्ध पनि आवाज उठाउनै पर्छ । यस्तोमा संगठन विशेषको विरोध हुन्छ भन्ने नाममा मौन बस्नु गलत हुन्न र ?




*प्रलेसंघको कार्यक्रमको एक दृश्य*

आज देशमा विभिन्न नामका प्रजातान्त्रिक वा वामपन्थी बुद्धिजीवीहरूका रंगीचंगी संगठनहरू छन्, तिनमा थुप्रै बुद्धिजीवीहरू क्रियाशील पनि छन् । तर आज प्रमुख प्रमुख पार्टीहरूले दिनदिनै गलत काम गरिरहँदा, गलत नीति अख्तियार गरिरहँदा वा सही र ठीक काम नगरिहँदा ती बुद्धिजीवीहरू 'चुँ'सम्म पनि बोलिरहेका छैनन् । बुद्धि र ज्ञानको खोजी गरी समस्याका उन्नत निकासहरू दिनेभन्दा ज्यादा उनीहरू 'लाभ' का ठाउँहरूको खोजीमै आफूलाई सीमित गरिरहेछन् ।

"त्यै त भन्या, हेर्नुस् न हाम्रो पार्टीले एकदमै गलत गरिरहेछ । तर के गर्ने ? हामीले यसबारे बोल्नु मिल्दैन । हामी त पार्टीमा छौं ।"

-"त्यसो त हो, तर के गर्ने ? - हामीले बोल्नु मिल्दैन, हामीले लेख्नु मिल्दैन, हामीले आउनु मिल्दैन ।" आदि आदि

❑ आफ्नो संगठनले ठाडो अन्याय गर्छ, तर बुद्धिजीवी पार्टीको नाममा मौन रहन्छ ।

❑ आफ्नो संगठनले अनर्थ गर्छ । तर बुद्धिजीवी मौन रहन्छ ।

❑ आफ्नो संगठन निष्क्रिय रहन्छ । तर बुद्धिजीवी मौन रहन्छ ।

हो, यस्तो हुँदै आएको छ । भैरहेको छ ।

यसो गर्नेहरू त 'दास' नै हुन् नि ! यस्तो 'दासता' लाई संगठित अनुशासनको नाममा 'निष्ठा' ठान्नु बेठीक हुन्छ ।

हो, केही बुद्धिजीवीहरू संगठनभित्र रहँदारहँदै पनि स्वतन्त्र मतहरू प्रस्तुत गर्ने र अडान राख्ने प्रवृत्तिका पनि नभएका हैनन्, तर ती एकदमै कम संख्यामा छन् । कतिपय अवस्थामा तिनले संगठनभित्र र बाहिर पनि आफ्ना स्वतन्त्र र भिन्न मतहरू जाहेर गरेका छन् । सांगठनिक कारबाही भोग्न र गलत मतहरूसँग जुध्न उनीहरूले डर नमान्ने गरेको पनि देखिएको छ ।

के सबैजना यस्तो हुन संभव छैन ?

जरूर संभव छ, तर त्यसका निम्ति पद र लाभको लोभ त्याग्ने आँट व्यक्तिमा हुनुपर्छ ।

"त्यै त भन्या, हेर्नुस् न हाम्रो पार्टीले एकदमै गलत गरिरहेछ । तर के गर्ने ? हामीले यसबारे बोल्नु मिल्दैन । हामी त पार्टीमा छौं ।"

यसबाहेक अर्को जरूरी चीज हो- न्यूनतम बौद्धिक सक्षमता । छिपछिपे ज्ञानका भरमा बुद्धिजीवीमा नाम दर्ता गर्न पुगेका टापटिपे र सतही बुद्धिजीवीहरू आफूमा बौद्धिक दृढता र गहनताको अभावका कारण पनि कायर ढंगमा प्रस्तुत हुन बाध्य हुँदारहेछन् ।

उनीहरू इमान्दार भएपनि उनीहरूको बौद्धिक छिपछिपेपनको सीमाका कारण उनीहरू संगठनभित्र जाली र बाढा-टाठाहरूको जालोभित्र फस्न पुग्दारहेछन् । 'हो मा हो' मिलाउनुबाहेक अन्य व्यवहार उनीहरूको सामर्थ्यकै कारण पनि संभव हुँदोरहेनछ ।

यो कुरालाई यसरी नै स्वीकार्नु हाम्रा 'संगठित' भनिने कतिपय मित्रहरूलाई किन गाह्रो परेको हो ? बुझ्न सकिएको छैन । 'दासतापूर्ण' व्यवहार विद्यमान छ भने के त्यसको विरोध हुनु जरूरी छैन र ? यसो गर्दा के संगठित तर स्वाभिमानी व्यक्तिहरूलाई चोट पर्नु जरूरी छ र ? उनीहरू तर्सिनु जरूरी छ र ?

हो, संगठित हुनु र दास हुनु पर्यायवाची हैनन् । कोही दासताको विरूद्ध प्रवृत्तिगत रूपमै संगठित हुन्छ भने त्यो त झन् राम्रो कुरा पो हो ।

तर यहाँ यसरी बुझ्ने गरिएको छैन । हाल संख्यामा ती संगठित 'दास' हरू ज्यादा छन्, तर असंगठित 'दास' हरू पनि त हुनसक्छन् । तिनको पनि विरोध हुनुपर्छ । 'दास' प्रवृत्ति बोकेकाहरू जो कोहीको पनि आलोचना त हुनैपर्छ । असंगठितहरूका पनि विभिन्न थरि संगठित वा असंगठित मालिकहरू हुन सक्छन् । तिनका पक्षमा र तिनीहरूद्वारा प्राप्त हुने पद र लाभका पक्षमा तिनले दासतापूर्ण र अराजक व्यवहार नगर्लान् भन्न सकिन्न । हाम्रो समाजमा यस्ता 'दास' हरू पनि नभएका हैनन् । के तिनको विरोध कसैले गर्छ भने असंगठित बुद्धिजीवीहरू सबैले त्यसको प्रतिवाद गरिरहनु जरूरी छ र ?

विरोध दासताको हो, संगठित वा असंगठितपनको हैन ।

संगठित भएर पनि सत्यनिष्ठ र असंगठित भएर पनि अनुशासित कोही छन् भने के उनीहरू प्रशंसाका पात्र नै ठहरिंदैनन् र ? ☐


**HIMALAYAN GENERAL INSURANCE CO. LTD.**

DURBAR MARG, GPO BOX 148, KATHMANDU, NEPAL
TEL : 231788, 231581, FAX : 00977-1-223903, E-mail : ktm@hgi.com.np

**YOUR SECURITY, OUR CONCERN**

**Branches :**

**Biratnagar**
Tel : 021-28524
E-mail : brt@hgi.com.np

**Birgunj**
Tel : 051-25366
E-mail : brj@hgi.com.np

**Pokhara**
Tel : 061-32100
E-mail : pkr@hgi.com.np

फागुनदेखि वैशाखसम्मको समय हावाहुरी बढी आउने समय हो । आगो बाल्दा सुरक्षित ठाउँमा मात्र बाल्ने, सलाई लाइटर मट्टितेल आदि ज्वलनशील वस्तु केटाकेटीले भेट्ने ठाउँमा नराख्ने, केटाकेटीहरूलाई जथाभावी आगो बाल्दा हुन सक्ने आगलागीका दुर्घटनाहरूबारे संझाईबुझाई गर्ने र यस्ता कुराहरूबाट सजग रहन जनचेतना बढाउने कार्यमा सहयोग गरौं ।

श्री ५ को सरकार
सूचना तथा संचार मन्त्रालय
**सूचना विभाग**

नव वर्ष २०५९ को सुखद् उपलक्ष्यमा सम्पूर्ण जिल्लाबासीहरूमा
**हार्दिक मंगलमय शुभकामना !**
**ऋषिराज लुम्साली**
*सभापति तथा*
कञ्चनपुर जि.वि.स. परिवार

नव वर्ष २०५९ को सुखद् उपलक्ष्यमा सम्पूर्ण नगरबासीहरूमा
**हार्दिक मंगलमय शुभकामना !**
**धवलशमशेर राणा**
*नगरप्रमुख तथा*
नेपालगंज नगरपालिका परिवार

नव वर्ष २०५९ को सुखद् उपलक्ष्यमा सम्पूर्ण जिल्लाबासीहरूमा
**हार्दिक मंगलमय शुभकामना !**
**रामेश्वर राना**
*सभापति तथा*
मकवानपुर जि.वि.स. परिवार

# सम्भावना र वास्तविकता

– प्रज्ञानरत्न –

संसारमा त्यस्तो कुनै वस्तु नै हुँदैन, जो संभावना र यथार्थमध्ये एउटा होइन । संभावना साकार हुन संभव यथार्थ हो, यथार्थ साकार भइसकेको संभावना हो । गति संभावना र यथार्थको द्वन्दको उपज हो ।

संसारमा कुनै पनि वस्तु शून्यबाट पैदा हुँदैन । पुरानोको गर्भबाट नै नयाँ पैदा हुन्छ । पुरानोको गर्भमा विद्यमान ती बीउहरू, पूर्वाधारहरू र कारणहरू, जो उपयुक्त परिस्थिति मिलेको खण्डमा नयाँ वस्तु भएर प्रकट हुने क्षमता राख्छन्- ती संभावना हुन् । जो प्रकट नै भएको छ, त्यो वास्तविकता हो ।

संभावना र वास्तविकता विपरीत कुराहरू हुन्, परन्तु ती घनिष्ट रूपले जोडिएका अन्तर्सम्बन्धित कुराहरू पनि हुन् । जो घटित र प्रकट हुन बाँकी छ, तर त्यस्तो हुने क्षमता राख्छ- त्यो संभावना हो, जो घटित र प्रकट भई नै सकेको छ, त्यो बास्तविकता हो । यस हिसावले यी दुई विपरीत कुराहरू हुन् । परन्तु संभावना र वास्तविकताबीच अन्तर्संबन्धको नछुट्टिने डोरी हुन्छ । संभावना अंघटित र अपरिपक्व यथार्थ हो, यो यथार्थकै एउटा अविकसित भ्रुण रूप हो । यथार्थ संभावनाकै विस्तार र विकास हो, यो घटित र परिपक्व संभावना हो ।

अनुकूल माटोमा उन्नत बीउ पर्दा भन्न सकिन्छ- त्यसबाट पैदा हुने बिरूवा राम्रो हुने संभावना छ । अनुकूल माटो र उन्नत बीउ बस्तुगत यथार्थ हुन् । यो यथार्थका आधारमा तर्क गरेर अनुमान प्रक्षेपण गरियो कि यसबाट पैदा हुने बिरूवा राम्रो हुने संभावना छ । संभावना, त्यसैले विद्यमान तथ्य र वस्तुगत यथार्थका आधारमा नै तर्कका सहाराले गरिने अनुमान-प्रक्षेपण हो । परन्तु अनुकूल माटोमा उन्नत बीउ पर्दैमा राम्रो बिरूवा निक्लीहाल्ने त होइन । त्यसका लागि उपयुक्त परिस्थिति पनि मिल्नु पर्दछ, जस्तो कि अनुकूल हावा, पानी र तापक्रम । यो नमिलेको खण्डमा अनुकूल माटोमा उन्नत बीउ परेर पनि बिरूवा मर्न सक्छ, ख्याउटे हुनसक्छ, संभावना वास्तविकतामा नबदलिन सक्छ । त्यसैले, संभावना त्यो हो, जो उपयुक्त परिस्थितिमा वास्तविकतामा बदलिन सक्छ र त्यसो नभएको खण्डमा यो तुहिन पनि संभव छ । परन्तु महत्वपूर्ण सवाल के हो भने संभावना कोरा कल्पना वा शून्यबाट पैदाभएको हुँदैन, यसको वस्तुगत आधार हुन्छ । निश्चित वस्तुगत यथार्थकै आधारमा तर्क, अनुमान र प्रक्षेपणबाट संभावनाको जन्म भएको हुन्छ ।

यही हुनाले माथि भनिएको हो- संभावना अघटित र अपरिपक्व यथार्थ हो, संभावना साकार हुन संभव यथार्थ हो । संभावनामा हमेशा यथार्थको केही तत्व वा अंश विद्यमान हुन्छ । र, यथार्थ साकार भएको संभावना हो, यथार्थ ठीक त्यसरी नै संभावनाको विस्तार र विकास हो, जसरी उन्नत बिरूवा उपयुक्त परिस्थितिमा अनुकूल माटो र उन्नत बीउकै विस्तार र विकास हो ।

हामी जो विकास भन्छौं, विकासको प्रक्रिया भन्छौं, त्यो संभावना र वास्तविकताको द्वन्द र एकताको उपज हो । सबै संभावना वास्तविकतामा परिणत हुने भएको भए विश्वमा होशपूर्णता, मिहेनत र विज्ञानको जरूरत नै हुने थिएन । र, शब्दकोषमा विफलता भन्ने शब्द नै हुने थिएन । धेरै संभावनाहरू, उपयुक्त परिस्थितिको अभावमा उत्तिकै खेर जान्छन्, धेरै प्रतिभावान र तेज बालकहरू उपयुक्त अवसर र वातावरणको अभावमा खोजेको जस्तो ठूलो वैज्ञानिक, लेखक, कलाकार, नेता हुन नसकेजस्तै ।



लेनिनले आजको इण्टरनेट र कम्प्युटरको युगमा ज्ञान हासिल गर्न र जानेको कुरा लेख्न पाएको भए निश्चितै रूपमा उहाँले त्यतिबेला जानेको भन्दा निकै ज्यादा ज्ञान हासिल गर्न सक्नहुन्थ्यो होला

प्रकृति र समाजमा सम्भावना र वास्तविकताको द्वन्द-एकता सम्बन्ध एउटै खालको हुँदैन । प्रकृतिमा संभावना वास्तविकतामा बदलिने प्रक्रिया मूलतः स्वस्फूर्त किसिमको हुन्छ । वस्तुगत परिस्थितिमा लगातार हुने द्वन्द-परिवर्तनले प्रकृतिमा संभावना स्वतः वास्तविकतामा बदलिन्छ । तर मानव समाजमा यस्तो हुँदैन । मानव समाजमा चेतनशील मानवीय क्रियाकलापको भूमिकाले संभावना वास्तविकतामा बदलिन सबैभन्दा महत्वपूर्ण भूमिका खेल्छ । मानवीय क्रियाकलाप जति होशपूर्ण र दृढतापूर्ण भयो, जति त्यो वस्तुगत यथार्थको नियमसित नजिक भयो उति मान्छेले संभावनालाई वास्तविकतामा बदल्ने संभावना ज्यादा हुन्छ । मानव समाजमा होशपूर्णता, दृढ इच्छाशक्ति र पहलकदमीको ठूलो भूमिका हुन्छ- संभावनालाई वास्तविकतामा बदल्ने सवालमा । यसका निम्ति वस्तुगत परिस्थितिमात्र पर्याप्त हुँदैन, जस्तो प्रकृतिमा हुने गर्छ ।

ज्ञानको क्षेत्रमा मान्छेको ज्ञानको संभावना असीमित छ, तर वास्तविकता के हुने गर्छ भने हरेक व्यक्तिले तत्कालीन स्रोत-साधन र वस्तुगत परिस्थितिमा आधारित भएर सीमित मात्रामा नै ज्ञान हासिल गरेको हुन्छ । ज्ञानको मामलामा प्रत्येक व्यक्तिमा संभावना र वास्तविकताको बीचमा हमेशा अन्तरविरोध भइरहेको हुन्छ । असीमित संभावना तर सीमित ज्ञान- यो हरेक मान्छेमा ज्ञानको मामलामा संभावना र वास्तविकताको बीचमा हुने अन्तरविरोध हो । लेनिनले आजको इण्टरनेट र कम्प्युटरको युगमा ज्ञान हासिल गर्न र जानेको कुरा लेख्न पाएको भए निश्चितै रूपमा उहाँले त्यतिबेला जानेको भन्दा निकै ज्यादा ज्ञान हासिल गर्न सक्नुहुन्थ्यो होला र त्यतिबेला लेखेको भन्दा कैयन् गुणा ज्यादा लेख्न सक्नुहुन्थ्यो होला । परन्तु पहिलेको तुलनामा अहिले ज्यादा जान्न र लेख्न सके पनि आजको युगको सीमाभन्दा बाहिर उहाँको ज्ञान र लेखन फेरि पनि हुन सक्दैनथ्यो ।

ठीक त्यस्तै, मान्छेको विकासको संभावना असीमित छ, तर व्यक्ति-मान्छेको र एउटा खास समयको समाजको विकासको संभावना त्यतिखेरको ज्ञान, विज्ञान र वस्तुगत परिस्थितिको विकासको सीमाले

सीमित पारेको हुन्छ ।

संभावना र वास्तविकताको द्वन्दवादबाट मान्छेले लिनुपर्ने शिक्षा के हो भने मान्छेको विकासको संभावना असीमित छ र हरेक व्यक्तिले सचेत प्रयत्नबाट आफ्नो कमजोरी र अज्ञानको सीमा जति सकिन्छ उति ज्यादा भत्काउँदै जाने हो । जिन्दगीभर नथाकीकन आफ्ना कमजोरी र अज्ञानको सीमा लगातार भत्काइरहने हो भने यथार्थमा एउटा व्यक्तिले गर्नसक्ने प्रगतिको कुनै हद हुँदैन, आफ्नो युगले थोपरेको हदबाहेक ।

संभावना पनि वास्तविक र औपचारिक, मूर्त र अमूर्त दुवै किसिमको हुन्छ ।

वास्तविक वा मूर्त संभावना त्यो हो, जुन वस्तुगत यथार्थको नियममुताविक छन् र जुन साकार पार्नका लागि आवश्यक सबै परिस्थिति तत्काल विद्यमान छन्, जरूरत खाली प्रयत्नको मात्रै छ । त्यस्तो संभावनालाई औपचारिक वा अमूर्त भन्ने गरिन्छ, जुन तर्कको अधारमा अनुमान गर्न सकिन्छ तर त्यसलाई साकार पार्नका लागि अहिले नै आवश्यक परिस्थिति विद्यमान छैन ।

आजभन्दा ५० वर्षअघि चन्द्रमामा मान्छेले पाइला टेक्नु अमूर्त औपचारिक संभावना थियो, किनकि त्यतिबेला रकेटको आविष्कार भइसकेको थिएन र चन्द्रमामा जान आवश्यक परिस्थिति र पूर्वाधार विद्यमान थिएन । अहिले त्यो कुरा मूर्त र वास्तविक संभावना बनेको छ ।

परन्तु अमूर्त र मूर्त, वास्तविक र औपचारिक संभावनाका बीचमा भिन्नता चाहिँ सापेक्षमात्र हुन्छ । आज जुन संभावनाहरू अमूर्त र औपचारिक देखिएका छन्, भोलि तिनीहरू मूर्त र औपचारिक संभावनामा बदलिनु बिल्कुलै संभव छ । जस्तो- ओखतीले क्यान्सर निको पार्नु आज अमूर्त संभावनाका रूपमा छ, भोलि त्यो मूर्त संभावना बन्न सक्दछ । अमूर्त संभावना पनि वस्तुगत तथ्यको आधारमा नै निरूपण गरिन्छ । यो प्रकृति र समाजको नियमसंगत नै हुन्छ । र, यो असंभवभन्दा नितान्त भिन्न हुन्छ । ❑


नववर्ष २०५९ सालको सुखद् उपलक्ष्यमा सम्पूर्ण नगरबासीहरूमा **हार्दिक मंगलमय शुभकामना** व्यक्त गर्दछौं ।



**गोविन्दप्रसाद पाण्डेय**
*नगरप्रमुख तथा*
गुलेरिया नगरपालिका परिवार

नववर्ष २०५९ सालको सुखद् उपलक्ष्यमा सम्पूर्ण जिल्लाबासीहरूमा **हार्दिक मंगलमय शुभकामना** !

**खड्गबहादुर बस्नेत**
*सभापति तथा*
मोरङ्ग जिल्ला विकास समिति परिवार

नववर्ष २०५९ सालको सुखद् उपलक्ष्यमा सम्पूर्ण नगरबासीहरूमा **हार्दिक मंगलमय शुभकामना** व्यक्त गर्दछौं ।

**मनोजकुमार मयाङ्बो**
*नगरप्रमुख तथा*
धरान नगरपालिका परिवार

नववर्ष २०५९ सालको सुखद् उपलक्ष्यमा सम्पूर्ण नगरबासीहरूमा **हार्दिक मंगलमय शुभकामना** व्यक्त गर्दछौं ।

**डोरमणि पौडेल**
*नगरप्रमुख तथा*
हेटौंडा नगरपालिका परिवार

नववर्ष २०५९ सालको सुखद् उपलक्ष्यमा सम्पूर्ण नगरबासीहरूमा **हार्दिक मंगलमय शुभकामना** व्यक्त गर्दछौं ।



**ऋषिराम शर्मा**
*नगरप्रमुख तथा*
बाग्लुङ्ग नगरपालिका परिवार

# सैनिक हिरासतमा एघार दिन

# एयरपोर्टदेखि छाउनी ब्यारेकसम्म

- श्याम श्रेष्ठ -

दिल्लीको लागि उड्न लास्ट चेकिङ्ग सकेर प्लेनमा चढ्नमात्र बाँकी थियो, नाटकीय ढंगबाट सादा पोशाकका तीनजना मान्छे त्रिभुवन विमानस्थलको अन्तिम लबीमा हामीलाई बाटो छेक्न आए । बोलाइ र कपाल कटाइले सैनिकजस्तो लाग्ने एकजना मान्छेले हाम्रो पासपोर्ट हेर्न माग्यो । पासपोर्ट नियालीसकेपछि उनीहरूले सर्वप्रथम डा. महेश मास्केलाई र कनकमणि दीक्षितको साथमा आउनुभएकी जगदम्बा पुस्तकालयकी कर्मचारी-सहकर्मीलाई दिल्ली जान सक्ने भनेर छुट्याए, बाँकीलाई सोधपूछ गर्नुपर्ने हुनाले केही समय रोकिनुपर्ने भनेर छुट्याए । जान नसक्नेमा कनकमणि स्वयं, प्रमोद काफ्ले र म पऱ्यौं । हामी आश्चर्यचकित भयौं । फेरि एकैछिनपछि पासपोर्ट हेरेर सादा पोशाकको मान्छेले निर्णय बदल्यो- कनकजी जान सक्नेमा पर्नुभयो, महेशजी रोकिनु पर्नेमा ।

हामीले उनीहरूको परिचय माग्यौं । उनीहरूले परिचय-पत्र नदेखाइकन केवल यति कुरा भने कि उनीहरू सुरक्षाकर्मी हुन् । हामीले उनीहरूलाई सोधपूछ गर्नैपर्ने भए त्यो काम छिटो सक्न भन्यौं किनकि १:५० मा छुट्ने हाम्रो इण्डियन एयरलाइन्सको विमान उड्न धेरै समय बाँकी थिएन । झण्डै सवा एक भइसकेको थियो । परन्तु उनीहरू भने सोधपूछको काम केही नगरी हामीलाई अलग्याउनमात्र खोज्दै थिए र प्लेन चढ्ने हाम्रो समय गुजार्न खोज्दै थिए । हामी छुट्टिन मानेनौं । हामीले हामी रोकिनुपर्ने कारण सोध्यौं । उनीहरूले त्यो पटक्कै बताएनन् । उनीहरूले के कुरामा जिद्दी गरे भने कनकजी र सहकर्मी अहिलेकै प्लेनबाट जान सक्नुहुन्छ । हामी तीनजनाको चाहिं अहिलेको टिकट रद्द गर्नुपर्छ । अर्को फ्लाइटबाट हामी दिल्ली जान सक्छौं । उसको कुराले हामी स्तब्ध भयौं । मनमा पऱ्यो कि केही अनिष्ट हुन लाग्यो ।

हामीले टिकट रद्द गर्ने उनीहरूको आग्रहलाई अस्वीकार गऱ्यौं । कनकजीले माग गर्नुभयो- उहाँलाई सुरक्षाकर्मीका उच्च अधिकृतसँग कुराकानी गर्न दिइयोस् र सँगै दिल्ली जान दिइयोस्, नअलग्याइयोस् । कनकजीले कुराकानी गर्न खोजेको कुरा सुरक्षाकर्मीले वाकीटकीबाट आफ्नो हाकिमलाई अवगत गरायो र अनुमति मिल्यो पनि । हामी अब सकारात्मक जवाफ आउँछ कि भनेर थोरै आशावादी भयौं । तर एकै छिनपछि कनकजी फर्कनुभयो र भन्नुभयो- "मेरो केही लागेन । मैले हाकिमसित यो लेभलका देशका प्रबुद्ध मान्छेलाई गिरफ्तार नगरिदिन भनें । तपाईंहरूको भूमिकाबारे पनि बताएँ । माओवादी बारेमा अत्यन्त आलोचक दृष्टिकोण अपनाइरहेको व्यक्तिको रूपमा तपाईंहरूको परिचय दिएँ, तर पनि मानेनन् । अहिलेकै फ्लाइटबाट तपाईंहरू जान सक्ने हुनुभएन ।"

हामीले कनकजीहरूलाई विदाइ गऱ्यौं र हाम्रो प्लेन छुटे पनि उहाँको नछुटोस् भनेर भन्यौं । दुःखकासाथ उहाँहरू जानुभयो ।

त्यसपछि हामीलाई महशूस भयो- हामी गिरफ्तारीमा पऱ्यौं । तर पनि हामीलाई योचाहिं लागिरहेको थिएन कि हामी कदापि दिल्ली जान पाउने छैनौं । छोटो सोधपूछ गरेर हामीलाई भरे भोलिसम्ममा छोडी दिनेछन् भन्ने हाम्रो अनुभूति थियो । किनभने दिल्लीमा हाम्रो कुनै आपत्तिजनक र अवैध कार्यक्रम नै थिएन । हामी तीनैजनाको साझा कार्यक्रम भनेको दिल्लीका आनन्दस्वरूप वर्मालगायत केही प्रबुद्ध बौद्धिकहरूसित अहिलेको संकटको निकासबारेमा खुला भेटघाट-अन्तर्क्रिया थियो । नेपाली र भारतीय बौद्धिकहरूबीच जनस्तरमा, जीवन्त सम्पर्क बढाउने हाम्रो ध्येय थियो । अरू हाम्रो व्यक्तिगत र कार्यालयगत कार्यक्रम थिए । महेशजीको जवाहरलाल नेहरू विश्वविद्यालयमा आफ्नो चिकित्सा विषयक अनुसन्धानसम्बन्धी काम थियो । प्रमोदजीको दिल्लीमै भुटानी मानवअधिकारवादी नेता टेकनाथ रिजालको उपचारसम्बन्धी काम थियो । मेरो **मूल्यांकन**लाई दिल्लीका नेपालीहरूबीच पुऱ्याउने, प्रधानमन्त्रीको भारत भ्रमणलाई कभर गर्ने र आग्रा र चण्डीगढ घुम्ने कार्यक्रम थियो । मित्र हरि रोकाजी दिल्लीमा नै हुनुहुन्थ्यो । उहाँसित भेटेर जे.एन.यू.का बौद्धिकहरूबीच संपर्क, सम्बन्ध बढाउने पनि मेरो कार्यक्रम थियो । यस निम्ति मैले हरि रोकासित सोमबार चैत्र ५ गते भेट्नका लागि उहाँको फोन र कोठाको नम्बरको जानकारीसमेत लिइसकेको थिएँ ।

मेरा मित्र **हिमाल** पाक्षिकका प्रकाशक कनकमणि दीक्षित चाहिँ जगदम्बा पुस्तकालयको कामले एकजना कम्प्युटरज्ञाता सहकर्मीसहित भिन्नै कामले दिल्ली जान लाग्नुभएको थियो । उहाँलाई हामीले विमानस्थलमै मात्र भेटेका थियौं ।

हामीलाई गिरफ्तार गरिएको पक्का भएपछि हामीले आफ्नो परिवारलाई त्यसको सूचना दिन फोन गर्ने प्रयत्न बारम्बार गऱ्यौं । तर सुरक्षाकर्मी यति हठी देखियो कि उसले हाम्रो मानवीय अनुरोधलाई ठ्याप्पै स्वीकार गरेन । त्यसपछि हामीलाई बेपत्ता पारिने सम्भावनालाई ध्यानमा राखेर कहीं न कहीं हाम्रो गिरफ्तारीको रेकर्ड रहोस् भन्ने ध्येयले हामीले विमानस्थलको अध्यागमन यूनिटलाई अनुरोध गऱ्यौं कि हामीलाई अध्यागमन यूनिटबाट सुरक्षाकर्मीले बुझी लिएको रेकर्ड गरियोस् । उसले हाम्रो यो अनुरोधमा सहमति जनायो र त्यस्तै गरिदियो, जस्तो हामीले भनेका थियौं ।

त्यसपछि हामीलाई तल ओरालियो र सिधै बाहिर लान लागियो । हामीले यसमा तीव्र आपत्ति जनायौं । हाम्रो विमानको टिकट खेर नजाने पार्न केही प्रक्रिया पूरा गर्नै बाँकी थियो । हाम्रो एयरपोर्ट प्रयोग शुल्क फिर्ता गर्नै बाँकी थियो । त्यो प्रक्रियाको मामलामा प्रमोदजी निक्कै अनुभवी देखिनुभयो । उहाँकै सुझबुझअनुसार, त्यो प्रक्रिया पूरा नगरी हामीलाई जबर्जस्ती बाहिर लाने प्रयत्नको हामीले चर्को विरोध गरेपछि बल्ल बल्ल सुरक्षाकर्मीले हामीलाई त्यसो गर्न दियो । यो दौरानमा हामी तीनजनाले छुट्टाछुट्टै अलग्गै हाम्रो घरको र कार्यालयको फोन नं. लेखेर नजिकै रहेका आगन्तुक मान्छेलाई पास गऱ्यौं र भन्यौं कि हामी पक्राउ परेको कुरा यी फोनहरूमा खबर गरीदिने दुःख गरीदिनुहोस् । परन्तु हाम्रो हरेक चीट खोसियो । यतिसम्म कि एकजना प्रहरी इन्सपेक्टरले हाम्रो पासपोर्ट हेरेर कागतमा टिपोट गरेको नाम उसबाट समेत खोसियो र धम्की दिइयो कि अब आलटाल गरेमा बल प्रयोग हुनेछ ।

ती सब देखेपछि महेशजी निक्कै रिसाउनुभयो र निक्कै जंगिएर ठूल्ठूलो स्वरमा भन्नुभयो- "तिमीहरू को हौ ? हामीलाई पक्रनुको कारण के हो ? लान लागेको कहाँ हो ? केही पनि नबताउने, परिवारलाई खबर गर्न पनि नदिने, के चाला हो ? के गर्न खोजेको ?"

बल्ल उनीहरूले केही नरम भएर भने- उनीहरू सेनाका मान्छे हुन् र सोधपूछका लागि हामीलाई बाहिर कतै लान लागेका छन् । ठाउँ उनीहरूले बताएनन् ।

हामीलाई उनीहरूले सेनाको एउटा जीपतिर लिएर गए, जो अन्तर्राष्ट्रिय बिमानस्थलको गेटबाहिर दाहिने छेउमा रोकिराखेको थियो । जीवनमा पहिलोचोटि सशस्त्र सेनाको पहरामा गाडीबाट हामी तीनैजनालाई अज्ञात स्थलतिर लगिँदा थोरै भय, धेरै सन्देह र रोमाञ्च मिश्रित, शब्दमा व्यक्त गर्नै नसकिने खालको अनौठो अनुभूति

भइरहेको थियो । कालीमाटी पुगुन्जेल हाम्रो आँखा खुला थियो । कालीमाटी-कीर्तिपुर जाने बाटोको चोकमा हाम्रो गाडी रोकेर तीनवटा ठूला रूमाल किनियो र हाम्रो आँखा छोपियो । त्यसपछि हामीलाई कता लगियो, हामीले थाहा पाउने कुरै भएन ।

एउटा कुनै अज्ञात ब्यारेकमा लगेर हामीलाई अलग-अलग तीनवटा कोठामा राखियो । हाम्रो ब्याग, सुटकेश लिनुका साथै हाम्रो खल्तीबाट पैसा, कलम, काइँयो, कागतलगायत सबै कुरा झिकियो । पैसा गनेर यति छ भनेर सुनाइयो । फोटो खिचियो । रूमालको सट्टा अब कालो पट्टीले आँखा छोपियो र हातमा डोरीको हत्कडी लगाइयो । त्यसपछि एक्लै सानो कोठामा एउटा काठको कुर्सीमा बसेर पर्खन लगाइयो । मनमा विचित्रको अनुभूति भयो । मन चंचल र असन्तुलित हुन थालेको अनुभूति भएपछि मैले त्यही कुर्सीमा बस्दा बस्दै मैले सिकेको विपश्यना ध्यान गर्न शुरू गरें । घण्टाभरको ध्यानले चित्त केही शान्त भएको अनुभव भयो ।



हिरासतबाट निस्केपछि श्याम श्रेष्ठ, डा. महेश मास्के र प्रमोद काफ्ले

केही समयपछि मलाई बयान दिन लगियो । शायद त्यो बन्द कोठामा नभएर खुला कौसीमा थियो । म देख्न सक्दिनथें किनकि मेरो आँखामा अघिकै कालो पट्टी छँदै थियो । प्रश्न सोध्ने दुईजना सैनिक अधिकारीहरू थिए । त्यो दिन उनीहरू सभ्यतापूर्वक र नम्रतापूर्वक नै व्यवहार गर्दै थिए । शुरूमा उनीहरूले मेरो बायोडाटासम्बन्धी प्रश्न सोधे, दिल्ली भ्रमणको कारण सोधे, त्यसपछि बयानको बदलामा विभिन्न राजनीतिक सवालमा बहस चर्चा पो गर्न लागे, शायद मलाई चिन्नका लागि, मेरो वैचारिक प्रवृत्ति जान्नका लागि होला ।

माओकालीन चीन र देङकालीन चीन, समाजवादलगायत थुप्रै सवालमा उनीहरूले खुलेर बहस गर्न खोजे । उनीहरू माओकालीन चीनमा चीन पछौटे र अनिकालग्रस्त रहेको र देङको पालामा आएरमात्र चीन विकसित भएको धारणा राख्दा रहेछन् । त्यसको मैले सप्रमाण खण्डन गरें र भनें कि अहिलेको चीनको विकासको जग माओकालीन चीनमा नै राखिएको हो । उनीहरूका बहसका विषयहरूमध्ये दुईटा कुरा निक्कै उल्लेखनीय थिए । एउटा, बहुदलका नेताहरू एकसे एक भ्रष्ट छन्, कोही पनि काम लाग्ने छैनन् भन्ने कुरा । अर्को, साम्यवाद जर्मनीबाट आएको, त्यसलाई जर्मनीमै फिर्ता पठाई दिऊँ, बहुदलीय व्यवस्था बेलायतबाट आएको, त्यसलाई बेलायत नै पठाई दिऊँ, नेपालमा चाहिँ माटो सुहाउँदो व्यवस्था ल्याऊँ न हुन्न ? भन्ने सवाल । सैनिक अधिकारीहरूको त्यस्तो धारणा देखेर म चकित भएँ । मैले भनें कि विचार, विज्ञान र ज्ञानको देश नै हुँदैन, जहाँको राम्रो हुन्छ, त्यहींकै अपनाइन्छ । तर तपाईंहरूले भनेजस्तो गर्ने हो भने त तपाईंहरूको हात-हतियार, टैंक, राइफल, मेसिनगन, बूट, युनीफर्म, सैन्य विज्ञान सबै त्यहीं पठाइ दिनुपर्ने हुन्छ, जहाँबाट यो ल्याइयो, किनकि ती पनि त यो माटोका उपज त होइनन्, त्यसपछि उनीहरू चूप भए, त्यसमा थप चर्चा चलाएनन् ।

भ्रमणको उद्देश्य सम्बन्धमा मैले यथार्थ जे हो त्यही बताइदिएँ । त्यो दिन उनीहरूले न त हठ गरे, न अन्य कुरा नै सोधे । त्यस दिन हामी तीनै जनाको बयान रहेछ । सबैको बायोडाटा लिने काम नै भएछ । बयान सकेपछि हामीलाई एउटा ठूलो कोठामा लगियो र तीनै जनालाई एउटै कोठामा राखियो । कोठामा आएपछि चाल पाइयो- अधिवक्ता रामनाथ मैनालीलाई पनि त्यही कोठामा एक्लै राखिएको रहेछ । हामी भोकले लखतरान परिसकेका थियौं । खाना निक्कै ढिलो आयो, साँढे साततिर । खाना निकै चीसो र गएगुज्रेको थियो । तथापि भोकले गर्दा त्यसैलाई मीठो मानेर खायौं । खाना खाने बेलामा आँखाको पट्टी खोलियो, हातको डोरीको हत्कडी पनि । त्यसैबेला देख्यौं- रामनाथजी दाह्री खौरिन नपाएर झुप्प दाह्री पालेर बस्नु भएको रहेछ । अनुहार उदास थियो । हामीलाई देखेर उहाँको हौसला बढ्यो । दबेको स्वरले कुरा गर्‍यौं । हामीभन्दा चार दिन अगाडि उहाँलाई ल्याइएको रहेछ ।

बस्न-सुत्नलाई छुट्टाछुट्टै खाट र एउटा स्लीपिङ्ग ब्याग दिइयो । कोठा मिलीटरीको पहिलेको क्याण्टिन र बारजस्तो थियो । कुरा गर्न प्रतिबन्धित भए पनि थोरै मिचेर दबेको आवाजमा त्यो दिन सुत्नुअघि चारै जनाले केहीबेर कुराकानी गर्‍यौं । तल्लो तहका धेरैजसो कर्मचारी- सेण्ट्रीहरूको हामीप्रतिको व्यवहार राम्रो थियो ।

भोलिपल्ट बिहान मुख धुने बेलामा पट्टी खोल्दा हामीले झ्यालबाट देख्यौं- स्वयम्भू झ्यालबाट देब्रेतिर नजिकै छ । हामीले अनुमान गर्‍यौं- यो पक्कै पनि छाउनी ब्यारेक हो । हाम्रो अगाडिपट्टिको कोठामा महिला बन्दीहरू थुप्रै छन् । हाम्रो बन्दीगृह अगाडि चौरमा सयौं मिलीटरीहरू स्वर निकाल्दै कराउँदै परेड खेलिरहेछन् । ६ बजे विहान चिया ल्याइयो । बिहानै उठेर कोठामै आँखा छोपेकै अवस्थामा व्यायाम गरियो, त्यसपछि ध्यान । बन्दी अवस्थामा ध्यानले मनलाई सन्तुलित र शान्त राख्न निक्कै मद्दत गर्दो रहेछ । मैले साथीहरूलाई पनि व्यायाम सिकाएँ । ९ बजेतिर खाना आयो ।

दोस्रो दिन दिउँसो मलाई सर्वप्रथम बयान दिन लगियो । बयान यसपटक बन्द कोठामा गरिएको छ । दुईचार जना उच्च पदस्थ सैनिकहरू बसेका छन् । तल्लो लेभलका मान्छेहरू उनीहरूलाई 'कर साहेब' भन्थे । त्यसैले कर्णेल लेभलका मान्छेझैं लागेको छ उनीहरू । त्यो बयान मुख्य रूपमा भ्रमणको उद्देश्यमाथि केन्द्रित भयो । सर्वप्रथम उनीहरूले **कान्तिपुर**मा प्रकाशित एउटा समाचार पढेर सुनाए- जसमा भारतको एउटा उग्र वामपन्थी दल- पिपुल्स वार ग्रुपसित संवद्ध नेपाल सहायता समूहका आनन्दस्वरूप वर्माले दिल्लीमा एउटा सेमिनार आयोजना गर्न लागेको र हामी त्यही सेमिनारमा भाग लिन जान लागेको खवर छापिएको रहेछ । त्यही खवरका आधारमा उनीहरूले मलाई- माओवादीसित सम्बन्ध भएको आतंकवादीलाई सहयोग गर्ने व्यक्तिका रूपमा चार्ज गरे र भने कि तपाईंलाई आतंकवाद नियन्त्रणसम्बन्धी हालसालैको ऐनअनुसार किन दण्ड नदिने ? उनीहरूले भने कि उनीहरूलाई मबारे सबै कुरा थाहा भइसकेको छ, त्यसैले ढाँट्ने प्रयास नगर्नू । ढाँटेमा बल प्रयोग गर्न बाध्य हुनु नपरोस् । टाउको फुटाउने र खुट्टा भाँच्ने काम

एउटा कुनै अज्ञात ब्यारेकमा लगेर हामीलाई अलग-अलग तीनवटा कोठामा राखियो । हाम्रो ब्याग, सुटकेश लिनुका साथैं हाम्रो खल्तीबाट पैसा, कलम, कागतलगायत सबै कुरा झिकियो ।

हुनसक्छ ।

बल प्रयोगको धम्की छ, आँखा छोपिएको छ, हातमा हत्कडी छ डोरीको, त्यो स्थितिमा बयान दिँदा चर्को मानसिक यातनाको अनुभूति हुँदो रहेछ ।

मैले भनें कि- पिपुल्स वार ग्रुप त भारतमा आतंकवादी घोषित प्रतिबन्धित संगठन हो । प्रतिबन्धित आतंकवादी घोषित संगठनको दिल्लीमा खुल्लमखुल्ला सेमिनार कसरी हुनसक्छ ? त्यसमाथि थप, आनन्दस्वरूप वर्मालाई म राम्ररी चिन्दछु । उहाँ पिपुल्स वार ग्रुपको मान्छे नै होइन, उहाँ त खुलेआम रूपमा काम गरिरहनुभएको स्वतन्त्र वाम लेखक हुनुहुन्छ, जो पहिले भाकपा (माले)मा हुनुहुन्थ्यो । अर्को कुरा, दिल्लीमा सेमिनारको कुनै कार्यक्रम नै छैन । भारतीय बुद्धिजीवी र नेपाली बुद्धिजीवीबीच भेटघाट छलफलको कार्यक्रम हो । सेमीनार हुँदो हो त, कुनै निम्तोपत्र आउँथ्यो, वा चिट्ठी वा इमेल, त्यस्तो कुनै भरपर्दो प्रमाण तपाईंहरूसित छ ?

उनीहरूसित पनि **कान्तिपुर**को समाचारबाहेक अर्को कुनै तथ्य प्रमाण रहेनछ । मैले के पनि भनें भने आनन्दस्वरूप वर्माको फोन मसित छ । उहाँलाई यहाँबाट

**तेस्रो दिन बयान लिन फेरि डाकियो । तर आश्चर्य के भने आज उनीहरूको मूड शुरूदेखि नै अत्यन्त आक्रामक देखिएको छ । उनीहरूले आज मेरो विरूद्ध नयाँ आरोप खडा गरेका छन् ।**

सिधै फोन गरेर सोधियोस्- त्यहाँ सेमिनारको कार्यक्रम वास्तवमै छ कि छैन । तुरुन्तै थाहा लागिहाल्छ । त्यसमाथि, मेरा त व्यक्तिगत र कार्यालयगत उद्देश्यहरूसमेत छन्, दिल्लीमा जानुका पछाडि (जुन माथि उल्लेख भइसकेको छ) ।

मैले म माओवादीसित सम्बद्ध मान्छे होइन र आतंकवादमा पनि विश्वास पटक्कै राख्दिनँ भनेर पनि यथेष्ट प्रमाणहरू दिएँ । सबभन्दा ठूलो प्रमाण त **मूल्यांकन**मा प्रकाशित मेरो लेखका विचारहरू हुन्, जुन माओवादीप्रति शुरूदेखि अन्त्यसम्म आलोचक रहिआएको छ । वैचारिक र सैद्धान्तिक रूपमा माओवादीको उग्र-वामपन्थ, अराजकतावाद, सैन्यवाद, अनि केन्द्रिकरण, व्यक्तिपूजा र व्यक्तिहत्याको प्रवृत्ति सम्बन्धमा जति गहिरो सन्तुलित र सत्यनिष्ठ आलोचना **मूल्यांकन**ले छापेको छ, त्यति विरलै अरू पत्रिकाले छापेको छ भन्ने कुरा पनि मैले सप्रमाण स्पष्ट पारें । सरकार-माओवादी वार्ताको निम्ति मैले खेलिरहेको भूमिकाबारे पनि मैले प्रमाणसहित व्याख्या गरें । वार्ताको लागि भूमिका खेलेको हुनाले माओवादी नेताहरूसित वार्ताको दौरानमा मेरो स्वभावतः सम्बन्ध रहेको कुरा स्वतः स्पष्ट छ भन्ने कुरा पनि मैले राखें । प्रधानमन्त्री र वार्ताकार वरिष्ठ मन्त्रीहरूले चाहिँ मलाई बारम्बार माओवादीसित वार्ता गराई दिनु पर्‍यो भनेर अनुरोध गर्ने, त्यो बमोजिम वार्ता गराउन भूमिका खेल्दा सेनाले चाहिँ माओवादीसित सम्बन्ध भएको भनेर मलाई पक्रने, थुन्ने, यो काम कसरी जायज र नैतिक भयो भनेर पनि मैले प्रश्न गरें ।

यी सब कुरा राखिसकेपछि बयान गराउने उच्च सैनिक अधिकृतहरूले थप प्रश्न गरेनन् । दोस्रो दिनको बयानमा उनीहरूले एकपटक बल प्रयोगको धम्कीबाहेक अन्य दुर्व्यवहार गरेनन् ।

मेरा अन्य मित्रहरूले पनि दोस्रो बयानको दौरानमा उस्तै बयान दिनुभएछ, जुन आपसमा एकदम मिल्दोजुल्दो भएछ ।

यता सुत्ने कोठामा हामी आइसकेपछि रामनाथजीको मनोबल उठ्न थालेको देखिएको छ । उहाँको मानसिक अवसाद हट्न थालेको छ । कोठामा म अब सबैलाई ध्यानको विधि सिकाउन थालेको छु र योगासन पनि । राजनीतिक छलफल- हुन थालेका छ । परन्तु राती ११/१२ तिर आउने महिलाहरूको चित्कारको आवाजले मनलाई निक्कै दुःखित बनाउँछ । किन यतिबेला यो रोइ कराइ ? किन यो चित्कार ? मनमा अनेकौं आशंका छाउँछ । त्यसमाथि आजदेखि हाम्रो कोठा तल सारिएको छ । हूलका हूल नयाँ मान्छे समातेर ल्याइँदैछ । उनीहरूको लागि ठाउँ खाली गर्न हामीलाई तल सारिएको हुनसक्छ ।

तेस्रो दिन बयान लिन फेरि डाकियो । तर आश्चर्य के भने आज उनीहरूको मूड शुरूदेखि नै अत्यन्त आक्रामक देखिएको छ । उनीहरूले आज मेरो विरूद्ध नयाँ आरोप खडा गरेका छन् । मेरो ब्यागमा प्रजातान्त्रिक अधिकार जागाऔं आन्दोलनको- 'आजको संकट र त्यसको निकास' भन्ने शीर्षकको सर्वदलीय बैठकमा पेश गरिएको एउटा अवधारणापत्र भेटिएछ । त्यसमा सैनिकहरूले संकटकालको दौरानमा थुप्रै निहत्था निर्दोष नागरिकहरूको हत्या गरेका छन् भन्ने आशयको वाक्य लेखिएको थियो । त्यो उनीहरूको लागि ज्यादै नै आपत्तिजनक भएछ । त्यही बारेमा उनीहरूले बयान लिन शुरू गरे । बयान अगाडि 'यसो भन्न पाइन्छ ?' भनेर टेबिलमा लट्ठी बजारे, मुड्कीले हाने । निक्कै डर सृजना गर्ने र धम्की दिने प्रयत्न गरे । चाहेको खण्डमा हामी शूट पनि गर्न सक्छौं, हात खुट्टा पनि भाँच्न सक्छौं भन्ने खालका शब्दावली पनि प्रयोग गरे ।

प्रत्युत्तरमा मैले भनें कि यो मेरोमात्र भनाइ होइन, मसहित थुप्रै वरिष्ठ प्रबुद्ध मान्छेको साझा मञ्चको साझा भनाइ हो । यो सर्वदलीय बैठकमा प्रस्तुत विचार हो । त्यसमाथि थप, यो भनाइबापत सजायँ नै गर्नु परे सर्वप्रथम सत्तारूढ पार्टी नेपाली कांग्रेसलाई सजायँ गर्नुपर्छ, जसले यस सम्बन्धमा एउटा लिखित प्रतिवेदन नै सरकारलाई बुझाएको छ । एमालेले त एउटा कार्यदल नै गठन गरेर प्रधानमन्त्रीलाई ज्ञापनपत्र नै बुझाएको छ, जसमा थुप्रै प्रमाणसहित यही कुरा लेखिएको छ । रा.प्र.पा., रा.ज.मो., सं.ज.मो.ले पनि ठीक त्यस्तै गरेका छन् । प्रधानमन्त्रीले संसदमा उभिएर योबारे बोल्नुपरेको छ र बोल्दा केही ज्यादतीहरू भएका हुंनसक्छन्, अब उप्रान्त हुन दिइने छैन भनेर यो आरोपलाई स्वीकार गरिएको छ । सत्तारूढ पार्टी, प्रमुख प्रतिपक्षी पार्टी, अन्य संसदभित्रका मान्यताप्राप्त पार्टीहरूले जुन कुरा सप्रमाण लेख्नु हुने, जुन कुरा प्रधानमन्त्रीले स्वीकार्नु हुने त्यही कुरा हामीले अवधारणापत्रमा किन लेख्न नहुने ? मैले प्रश्न गरें ।

उनीहरूले प्रमाण देखाउन चुनौती दिए । मैले थाहा पाएका तथ्यहरू सबै प्रस्तुत गरें । दाङमा मारिएका ११ जना कमैया किसानदेखि सल्यानमा मारिएका ६ जना पोषणसम्बन्धी कार्यक्रमका सरकारी कर्मचारीहरूसम्म, भीमफेदीमा मारिएका रा.प्र.पा.को वडाध्यक्षदेखि लिएर लामो साँगुमा मारिएका कांग्रेसका कार्यकर्तासम्म, स्याङ्जामा मारिएको फलफुल बेचेरै फर्केको बूढा किसानदेखि नुवाकोटमा मारिएको लाटोसम्म मारिएका निर्दोष निहत्था नागरिकबारेमा सबै तथ्यहरू मैले उनीहरूसमक्ष राखें ।

उनीहरू आगो भए । एउटा सैनिक अधिकारीले प्रश्न गर्‍यो- "मिस्टर श्याम, के तपाईंले यो आफै देख्नुभएको छ ?" अर्कोले भन्यो- "यसलाई त दुई घण्टा रोल्पा, रूकुम अछामको सैनिक पोस्टमा राख्नुपर्ने, बल्ल थाहा पाउँथ्यो, सेनाले गोली किन हान्छ ?"

मैले भनें, "सबै कुरा मैले नै किन देख्नुपर्छ र ? सत्तारूढ पार्टी र प्रमुख प्रतिपक्षी पार्टीले अन द स्पट भ्रमण गरेर सप्रमाण यही कुरा लेखेका छन् । उनीहरूले देखेर लेखेका कुरा राष्ट्रले देखेको कुरा होइन र ?"

यो घम्साघम्सीपछि बयान लिनेहरूले आरोप बदले । उनीहरूले मेरो निजी नोटबुक पनि पल्टाएर हेरेछन् । नोटबुकमा मेरो दिमागमा उठेका विचारहरू लेख्ने मेरो बानी थियो । मैले लेखेका केही बूँदाहरू उनीहरूको निम्ति घोर आपत्तिजनक भएछ । उनीहरूले प्रश्न गरे- यो तपाईंले के लेखेको- "राजा राजनीतिमा सक्रिय हुन प्रयत्नशील देखिन्छ ?"

मैले भनें कि यो त मेरो नितान्त निजी अप्रकाशित नोटबुक हो । यो बाहिर प्रकाशित नभएसम्म यसमा आपत्ति किन ? उनीहरूले भने कि बढ्ता बाठो हुने होइन, प्रश्नको सफासफ जवाफ दिने, नत्र नराम्रो होला । म त्यसपछि जवाफ दिन विवश भएँ । मैले भनें कि राजा आफैले भनेको कुरा त तपाईंहरूलाई आपत्तिजनक हुन्न होला । राजाले एकचोटि भन्नुभएको छ- म मेरो दाजुजस्तो चूपचाप टुलुटुलु हेरी बस्नेवाला छैन । यसको तात्पर्य के हो ? मैले राजा स्वयंले बोलेको यही कुरालाई आफ्नो ढंगले

अर्थ लगाएको हुँ । त्यसपछि प्रश्न बदलियो । मेरो नोटबुकमा लेखिएको अर्को बुँदाबारे उनीहरूले प्रश्न गर्दै भने- यो अमेरिकी विदेशमन्त्री कोलिन पावेल नेपाल आउँदा हातहतियारबारे नागरिक सरकारसित कुरा नगरिकन- सिधै सेनासित डील गरेको ठीक भएन भनेर किन लेखेको ?

मैले भनें - यो मेरो विचार हो । मेरो विचारमा कुनै पनि विदेश मन्त्रीले नेपालको लागि चाहिने हात-हतियारबारे कुराकानी गर्नु छ भने समकक्षी विदेशमन्त्री वा रक्षामन्त्रीसित कुराकानी गर्नुपर्छ, प्रधान सेनापतिसित होइन । नेपालमा भारतका विदेशमन्त्रीले, चीनका विदेशमन्त्रीले पनि अमेरिकी विदेश मन्त्रीले जस्तै गर्न थाल्ने हो भने नागरिक सरकारको काम के ? औचित्य के ? के नेपालको विदेशमन्त्री अमेरिका गयो भने त्यहाँको रक्षामन्त्री वा विदेशमन्त्रीसित कुराकानी गर्नुको सट्टामा हात-हतियारबारे उसले अमेरिकी चीफ अफ स्टाफसित सिधै डिल गर्न अनुमति दिन्छ ? यसमा मुख्य दोष कोलिन पावेलको होइन, प्रधान सेनापतिको पनि होइन, यो नेपालको सरकारको दोष हो । मुख्यतया प्रधानमन्त्रीको दोष हो । खोइ यहाँ नागरिक सरकारको अस्तित्व ? मेरो प्रश्न यो हो ।

उनीहरूले भने कि कोलिन पावेल पनि त भूतपूर्व प्रधान सेनापति हो । त्यसैले प्रधानमन्त्रीले, प्रधान सेनापतिसित भेट्न दिनुभएको होला । फेरि हात-हतियारबारे सरकारलाई के थाहा हुन्छ, आर्मीलाई नै त थाहा हुन्छ ।

मैले भनें कि- देशभक्त नागरिकको हैसियतले म तपाईंको यो विचारमा सहमत छुइन । भू.पू. सेनापति भनेको भू.पू. हो । वर्तमान सेनापति त होइन । वर्तमानमा त ऊ विदेश मन्त्री हो । सरकारलाई हात-हतियारबारे थाहा छैन भने सम्बन्धित ज्ञातालाई सोधेर थाहा पाउने हो, नागरिक सरकार आफैले गर्नुपर्ने डील अरूलाई गर्न दिने कदापि होइन ।

त्यसपछि अर्को सैनिक अधिकृतले पड्किएर भन्यो- देशको डिफेन्स पोलीसी र फरेन पोलीसीबारे टिप्पणी गर्ने कसैलाई अधिकार छैन । तपाईंलाई यो अधिकार कसरी आयो ?

मैले जवाफ दिएँ- संविधानभन्दा माथि सेना त पक्कै छैन होला । नेपालको संविधान देशको सर्वोच्च मूल कानून हो । त्यसमा कहाँ कुन धारामा लेखिएको छ- डिफेन्स पोलीसी र फरेन पोलीसीबारे बोल्न पाइन्न भन्ने कुरा ? मलाई देखाउन सक्नुहुन्छ ? नेपालको कुन कानूनमा लेखिएको छ यो कुरा ?

उनीहरूले भारतमा यस्तो प्रचलन छ भनेर उदाहरण दिए । मैले त्यसको उदाहरणसहित खण्डन गरें ।

त्यसमा केही नलागेपछि उनीहरू मेरो नोटबुकको अर्को बुँदामा प्रवेश गरे । उनीहरूले सेनाले राजनीतिक मामलामा अनावश्यक टिप्पणी र हस्तक्षेप गर्न लागेको भन्ने मेरो नोटबुकको टिप्पणीउपर स्पष्टीकरण माग गरे । मैले नेपाल टि.भि.मा विजयकुमारसितको अन्तर्वार्तामा विगतको कुशासनले गर्दा नै माओवादी भागिएको भनेर प्रधानसेनापतिले बोलेको उदाहरण पेश गरें । यद्यपि यो टिप्पणीमा म असहमत छुइन, परन्तु यो प्रधान सेनापतिले सार्वजनिक रूपमा गर्नु हुने टिप्पणी होइन, कुनै पनि मुलुकमा सेनाले यस्तो टिप्पणी गरी हिँडेको राम्रो मानिन्न, मैले भनें ।

त्यसपछि उनीहरूले आरोप लगाए कि मैले संवैधानिक राजतन्त्रको अनावश्यक आलोचना गरेको छु, त्यसका विरूद्ध लेखेको छु । मैले भनें कि संवैधानिक राजतन्त्र भनेको नै राजतन्त्र संविधानको र आलोचनाको परिधिभित्र आउनु हो । नत्र त त्यो निरंकुश राजतन्त्र भई हाल्यो नि । मैले बेलायतको उदाहरण दिएँ, जहाँ डायना मरेपछि जनताको तीव्र आलोचनाको फलस्वरूप राजपरिवारले पनि आयकर तिर्नुपर्ने भयो, राजदरवारको खर्चको पनि अडीट गराउनुपर्ने भयो, युवराजसित सम्बन्ध विच्छेद भइसकेकी डायनाको मृत्युमा समेत दरवारले झण्डा झुकाउनुपर्ने भयो । त्यसैले संवैधानिक राजतन्त्र भनेकै आलोचना गर्न पाइने राजतन्त्र हो, जनताको मतअनुसार चल्नुपर्ने राजतन्त्र हो ।

उनीहरूले यो तर्कलाई स्वीकार गरेनन् । उनीहरूको आरोप रह्यो कि म राजतन्त्रप्रति अत्यन्त नकारात्मक धारणा राख्छु । मैले भनें कि मेरो व्यक्तिगत रूपमा राजासित कुनै रीसराग वा पूर्वाग्रह छैन । तर विश्वभरका सबै साम्यवादीहरू गणतन्त्रवादी हुन्छन् भन्ने कुरा जगजाहेर कुरा हो । त्यस मानेमा म पनि गणतन्त्रवादी हुनु कुन आश्चर्यको कुरा हो ?

उनीहरूले 'प्रजातान्त्रिक अधिकार जोगाऔं आन्दोलन'को अवधारणापत्र पुनः झिके, जसमा संविधानसभा कि संविधान संशोधनबारे देशव्यापी बहस चलाउनुपर्छ र जनमत संग्रहद्वारा त्यसको टुंगो लगाउनुपर्छ भनेर भनिएको थियो । मैले संविधानसभा भन्ने बित्तिकै गणतन्त्र नै आउँछ र राजाप्रति नकारात्मक धारणा नै बुझिन्छ भन्ने धारणा सही होइन भनी मात्र सिध्याएको थिएँ, मेरो वाक्य नै पूरा भइसकेको थिएन, उनीहरू क्रुद्ध भएर टेबिल बजारे, आमा चकारी गाली गरे, एक जनाले लट्ठीले मेरो खुट्टामा बेस्सरी थिच्यो र अर्कोले भन्यो कि, "यो त जति भने पनि नचेत्ने 'नेता' रहेछ र यसलाई संविधान सभाको शब्दको अर्थ नै थाहा रहेनछ ।" त्यसपछि उनीहरूले मलाई कुर्सीबाट उठाए र नजिकैको एउटा सूनसान कोठामा लगे र चीसो सिमेन्टमा थचक्क बस्न लगाए । लगभग ४५ मिनेट-एक घण्टा म त्यसरी सिमेन्टमा बसिरहें । त्यसपछि एकजना सुबेदार आए र एउटा खाट र स्लीपिङ्ग व्यागको प्रबन्ध गरे । ती सुबेदारको व्यवहार भने शुरूदेखि नै सभ्य र सम्मानपूर्ण थियो ।

त्यसपछि चैत्र ५ गतेदेखि मेरो कोठा अलगियो । दुईजना साथी बेग्लै कोठामा, म एक्लै कोठामा राखिएँ । सँगै हुँदा एकले अर्कोलाई नजिकै रहेको अनुभूति गरेर, लुकीछिपी कुराकानी गरेर दिन काट्न सजिलो थियो । तर अब कसरी दिन काट्ने ? न आँखा खोल्न पाइन्छ, न पत्रिका पढ्न पाइन्छ, न लेख्न पाइन्छ, न आफन्त कोहीसित कुराकानी नै गर्न पाइन्छ । मैले ध्यान गर्न सिकेको खुब काम आयो यतिबेला । म अब दिनभरिजसो २-३ घण्टाको, ४-४ घण्टाको ध्यान गरेर समय बिताउन थालें । एक्लोपन र मानसिक यातनाको यो क्षणमा ध्यानले मलाई आनन्द पनि दियो, आशावादिता पनि र मलाई ती एकान्तका पट्यारलाग्दा दिन कटाउन कुनै गाह्रो भएन । दुई दिन मेरो यसरी नै बित्यो ।

चैत्र ६ गतेको दिन मेरो कोठा परिवर्तन गरियो । सफा, ट्वाइलेट सामुन्नेमै भएको सुविधाजनक कोठा दिइयो, तर साथीहरू भएको कोठामा चाहिं होइन । कोठामा बत्ती पनि दिइयो । दिउँसो एकजना सैनिक अधिकृत आएर हाम्रो सुटकेशबाट नयाँ सफा लुगा पनि फेर्न दिइयो । यतिञ्जेल हामी दिल्ली जाँदा लाएर गएको पुरानो गन्हाउने भइसकेको लुगा लाएर बसिराखेका थियौं ।

> **मैले भनें - यो मेरो विचार हो । मेरो विचारमा कुनै पनि विदेश मन्त्रीले नेपालको लागि चाहिने हात-हतियारबारे कुराकानी गर्नु छ भने समकक्षी विदेशमन्त्री वा रक्षामन्त्रीसित कुराकानी गर्नुपर्छ, प्रधान सेनापतिसित होइन ।**

दिउँसो डाक्टर पनि जाँच्न आए । सैनिक अधिकृतको हामीप्रतिको व्यवहारमा फरक आएको अनुभूति भयो ।

हामीलाई पक्रेको पाँचौं दिन, चैत्र ७ गते मलाई पुनः बयानका लागि लिएर गए । त्यो दिन दुईजना मात्र बयानकर्ताहरू थिए । तर उनीहरूको भाषामा काफी नरमीपन देखियो । सम्बोधनका शब्दहरू पनि सम्मानपूर्ण लाग्यो । अस्ति त्यस्तो दुर्व्यवहार र क्रूरता प्रदर्शन गर्नेहरू आज किन यति नरम ? -हृदयमा प्रश्न उठिरह्यो ।

मैले यो बयानको क्रममा बयान लिने उच्च सैनिक अधिकृतहरूसित १५-२० मिनेट हस्तक्षेपमुक्त समय मागें, आफ्नोबारे सविस्तार कुरा राख्नका लागि । त्यो समय उनीहरूले सजिलै दिए । मैले आफूबारे, आफूले माओवादीसम्बन्धी राखेको सोचबारे, सरकार-माओवादी वार्तामा खेलेको र खेलिरहेको भूमिका बारे विस्तृतमा बताएँ । न म सरकार पक्षधर मान्छे हुँ, न माओवादी पक्षधर । म सत्य र न्यायको पक्षधर स्वतन्त्र आलोचक मान्छे हुँ भन्ने सारको कुरा मैले त्यहाँ राखें । यसपटक उनीहरूले मेरो कुरा विनाहस्तक्षेप ध्यानपूर्वक सुने । बोलेको कुरा पहिलेजस्तै टेप पनि गरे । मेरो विचार र भूमिकाबारे बुझ्न मैले प्रदीप गिरीदेखि नरहरि आचार्यसम्म, विमलेन्द्रनिधिदेखि दीपकुमार

उपाध्यासम्म, प्रधानमन्त्रीदेखि लिएर चिरञ्जीवी वाग्लेसम्म जोसँग सोधी हेरे पनि हुन्छ भन्ने कुरा पनि राखें ।

मैले के पनि भनें भने दिल्लीमा भेटघाट छलफल सिवाय हाम्रो कुनै सेमीनार, गोष्ठीको कार्यक्रम थिएन । परन्तु त्यहाँ पुगेपछि अहिलेको संकट र त्यसको निकास सम्बन्धमा कुनै भारतीय बुद्धिजीवीको कुनै सेमीनार र गोष्ठी नै आयोजना गरेर हामीलाई डाके पनि त्यसमा भाग त अवश्यक लिइन्थ्यो होला । त्यो भयो नै भने पनि कुन आपत्तिजनक कुरा हो र हामीलाई त्यसबापत सैनिक ब्यारेकमा थुन्नुपर्दछ ? म मान्छे हुँ, मेरो भूल हुनसक्छ । भूल भयो भने म स्वीकार्छु पनि । तर मेरो भूलचाहिँ कहाँनेर भयो, त्यो बताउनु पर्‍यो स्पष्टसँग । विनाभूल, विनाअभियोग यसरी थुन्नुको कुनै तुक छैन ।

उनीहरूले मेरो भूल किटान गर्न सकेनन् । उल्टो के टिप्पणी गरे भने- तपाईबाट पनि भूल हुनसक्छ भनेर

**हामीलाई भेट्न प्रमुख प्रतिपक्षी दलका नेता माधवकुमार नेपाल आउनुभएको रहेछ । हामीले हाम्रो स्थिति, हाम्रा समस्याबारे उहाँलाई बतायौं ।**

भन्नुभयो- त्यही नै ठूलो कुरो भइसक्यो ।"

त्यसपछि उनीहरू अनुरोध गर्न लागे- सेनाबारे जथाभावी नलेख्न, संवैधानिक राजतन्त्रबारे जथाभावी नलेख्न, संयमित भएर बोलीदिन, लेखीदिन । उनीहरूले सर्वदलीय वैठकमा हाम्रो गिरफ्तारीबारे आवाज उठेको र संसदमा पनि आवाज उठेकोबारे सुनाए ।

त्यो दिनको बयान निक्कै छोटो भयो र यत्तिकैमा सकियो । यो मेरो चौथो र अन्तिम बयान थियो ।

बयान सकेर आएर म घण्टाभर आराममात्रै गर्दै थिएँ, एकजना सैनिक अधिकारी आएर भने- तपाईलाई भेट्न एकजना ठूलै मान्छे आउन लाग्नुभएको छ, तैयार हुनुहोस् । म को होला त्यो मान्छे भनेर ताजुव मान्दै तुरुन्तै तैयार भएँ । तल आउँदा देखें- महेशजी र प्रमोदजी पनि तैयार भएर घरबाहिर उभिराख्नुभएको छ । त्यसपछि हामीलाई लिएर जाने मान्छेले आँखाको कालो पट्टी र डोरीको हत्कडी निकाल्न भने । हामीले भन्यौं- यो कालो पट्टी र हत्कडी त ठूलो मान्छेलाई देखाउनुपर्छ होला । अब उल्टो पर्‍यो, हामी ती कुरा राख्नेमा, सैनिक अधिकृतहरू ती कुरा निकाल्नेमा । उनीहरूले त्यो निकाले नै ।

हामीलाई भेट्न प्रमुख प्रतिपक्षी दलका नेता माधवकुमार नेपाल आउनुभएको रहेछ । हामीले हाम्रो स्थिति, हाम्रा समस्याबारे उहाँलाई बतायौं । हाम्रो दिल्ली भ्रमण.को उद्देश्यबारे पनि बतायौं । उहाँ छक्क पर्नुभयो र भन्नुभयो- "बाहिर त दिल्लीमा सेमीनारकै कुरालाई लिएर तपाईहरू जानुभएको बारे वक्तव्य निकाल्न परिजी, अमीकजीहरू मकहाँ आउनुभएको थियो । वक्तव्यमा अभ्र विषयवस्तु पनि थियो- सेमीनारको । मैले त्यो काटी दिएँ । भित्रको तपाईहरूको बयान र बाहिरको वक्तव्य फरक परेर कंफ्युजन सृजना भयो होला । सेमीनार नै भयो भने पनि के भो र ? त्यत्तिकैमा पक्रेर थुन्न त पाइँदैन नि ।"

उहाँले प्रधानमन्त्रीसित भारत भ्रमणमा जानुअघि हामीलाई छोडीदिन अनुरोध गरेको, फर्केपछि मात्र छोड्ने कुरा भएको जानकारी दिँदै अब कार्यबाहक प्र.म.सित रिहाइबारे तुरुन्त कुराकानी गर्ने र पत्र-पत्रिका, रेडियो र आफन्तजनलाई भेट्न दिनेबारे कुराकानी गर्ने वचन दिनुभयो । हाम्रो घरको फोन नं. टिपेर फर्किनासाथ घरमा फोन गरिदिने वचन पनि दिनुभयो ।

उहाँ फर्केपछि हामीप्रतिको सैनिक अधिकृतहरूको व्यवहारमा ठूलो फरक आयो । हाम्रो आँखाको कालो पट्टी हट्यो, हातको हत्कडी र कोठाभित्र बोल्नमा प्रतिबन्ध पनि । म साथीहरू भएकै कोठामा सारिएँ । उच्च सैनिक अधिकृतहरू हाम्रो कोठामै आएर गफ गर्न थाले र तपाईहरू छिट्टै छुट्नुहुन्छ भन्न थाले । उनीहरूले यो प्रभाव दिन प्रयत्न गरे कि हाम्रो गिरफ्तारी सेनाले होइन, प्र.म. कार्यालयको आदेशअनुसार भएको हो र त्यहींबाट आदेश हुनासाथ रिहाइ गर्ने कार्य हुनेछ ।

अब कोठामा जमेर छलफल हुन थाल्यो । परन्तु हामीले आफन्तलाई भेट्ने, अखवार पढ्ने, रेडियो सुन्ने सुविधाचाहिँ कहिल्यै प्राप्त गरेनौं । केही महत्वपूर्ण विषयमा हामी चारजनाबीच छलफल भए र केही राम्रा निर्णयहरू पनि भए । त्यसपछिको ६ दिन बित्यो । जति हामीलाई छोडिने दिन नजिकै आएको अनुभूति भयो, रामनाथजीमा चाहिँ अब एक्लो हुने दिन नजिकै आयो भनेर छटपटी शुरू भयो ।

अन्ततः चैत्र १३ गते दिउँसो हामीलाई छोडिने पक्का भयो । हाम्रो पैसा र कागतपत्रहरू, व्याग र सुटकेशहरू हामीलाई बुझाइए । त्यसपछि हामीलाई पुनः कालो पट्टी लगाएर माथि कोठामा लगियो । हाम्रो बयान लिखित रूपमा देखाइयो । हामीले आफ्नो बयानमा नमिलेको कुरा सच्यायौं, नपुगेको कुरा थप्यौं र सही गर्‍यौं । त्यसपछि एकजना उच्च सैन्य अधिकारीले हामीलाई आधा घण्टासम्म एकोहोरो संबोधन गरेर बोले । त्यस्तो संबोधन गरिँदा हाम्रो साथमा **साँघु**का पत्रकार मित्र गोपाल बूढाथोकी पनि हुनुहुन्थ्यो । उहाँलाई पनि हामीसँगै छोडिन लागिएको रहेछ । साँढे ५ बजे सीतापाइला नपुगुञ्जेल हामीलाई पुनः पट्टीले आँखा छोपेर गाडीमा हालियो र ६ बजे प्रमोदजीको महाराजगंजस्थित **ग्रिन्सो**को अफीसमा हाम्रो आग्रहमुताविक छोडियो । हामी मुक्त भयौं ।

मलाई लाग्छ, हाम्रो गिरफ्तारीमा शान्ति र वार्ताविरोधी देशी-विदेशी तत्वको मुख्य रूपमा हात छ । हाम्रो गिरफ्तारी प्रतीकमात्र हो, यसमार्फत् दिन खोजिएको सन्देश के हो भने शान्ति र वार्ताको पक्षधर र प्रतिगमनविरोधी तत्वहरू खबरदार, तिमीहरू कोही पनि सक्रिय नहोऊ !

परन्तु हामी गिरफ्तार भएपछि यसको विरोधमा देशका र विदेशका तमाम मित्रहरू, नागरिक समाजहरू, वार्ता, शान्ति र प्रजातन्त्र पक्षधर संघ, संस्था र व्यक्तिहरू, पत्रकार मित्रहरू एकजूट हुनु भएछ र सशक्त आवाज उठाउनु भएछ । त्यही आवाजको दवावले सरकार हामीलाई रिहा गर्न बाध्य भएको हो । हामी ती मित्र, नागरिक समाज, संघ संस्था र व्यक्तिहरूप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्न चाहन्छौं ।

❑❑

निम्न सेवाहरू हामी तपाईं-हरूलाई प्रदान गर्दछौं
- अग्नी बीमा
- सामुद्रिक बीमा
- मेडिक्लेम बीमा
- ओभरसिज मेडिक्लेम बीमा
- मोटर बीमा
- इन्जिनियरिङ्ग बीमा
- सामुहिक दुर्घटना बीमा
- ठेक्केदार सम्पूर्ण जोखिम बीमा
- र अन्य विविध बीमाहरु

NICO
नेपाल इन्स्योरेन्स कम्पनी लिमिटेड

प्रधान कार्यालय
एन.आई.सी. बिल्डीङ, कमलादी, काठमाण्डौ
पो.ब.नं. ३६२३,
फोन नं. २४५५६५, २४५५६८,
२२१३५३,२२८६९०
फ्याक्स नं ९७७-१-२२५४४६
इमेल : nic@wlink.com.np
वेभपेज : http://www.yomari.com/nico

शाखा अफिस
वीरगंज
श्रीपुर, फोन नं. २२६३८
फ्याक्स नं. २६९३८
विराटनगर
बरगाछी
फोन नं. २४१५७
फ्याक्स नं. २४१५७
खरसौली
फोन नं. २३०८३
नारायणगढ
संगम चोक
फोन नं. २११३२
फ्याक्स नं. २४६९३
नेपालगंज
सुर्खेत रोड
फो नं. २१४००
फ्याक्स नं. २१४००
पोखरा
फोन नं. २१२२७

सम्पर्क कार्यालयहरू
लहान
फोन नं. ६०१८०
धनगढी
फोन नं. २३२४८
बिर्तामोड
फोन नं. ४११७९

## १० पेजको बाँकी

सभाको निर्वाचनको माग गर्दैछन् । संविधान सभाको निर्वाचन तबमात्र माओवादीको पक्षमा हुनसक्छ, जब माओवादीहरू देशमा अत्यन्त लोकप्रिय हुन्छन् । उनीहरूको नेतृत्वप्रति, उनीहरूको राजनीतिक सोच र व्यवहारप्रति बहुसंख्यक आमजनतामा जब विश्वास र-भरोसा हुन्छ, तब नै संविधान सभामा उनीहरूका मान्छे चुनेर पठाउने भन्ने जनताको मनसाय हुन संभव हुन्छ । अहिले ठीक उल्टो भइरहेछ । माओवादीहरूले अहिले मच्चाइरहेको विकास निर्माणका कामहरूको विध्वंशले माओवादीप्रति पहिले निक्कै आस्था राख्नेहरूले समेत उनीहरूप्रति विश्वास गर्न छोडेका छन् । द्रुत गतिमा माओवादीप्रतिको विश्वास र समर्थन घट्दैछ । यो त कालिदासको चाल भयो, आफू जुन हाँगामा बसेको छ त्यही हाँगोको फेद बंचरोले धमाधम काट्ने ! राजनीति संविधान सभाको बोक्ने, काम जनसमर्थन र विश्वास द्रुत गतिमा नाश गर्ने ?

माओवादीहरूको अर्को महाभूल भनेको त्यस्ता क्रियाकलापहरू हुन् जसले माओवादी नेतृत्वप्रतिको विश्वसनीयता खत्तम पार्छ, माओवादी नेतृत्वको बोलीमा भर पर्न सकिँदैन भन्ने सन्देश सर्वत्र संप्रेषित हुन्छ । अहिले धेरै मान्छेहरू माओवादीले भनेको संविधान सभामा समेत सकारात्मक तवरले घोलिन तयार भएका छन् । अरू त अरू, नेपाली कांग्रेसको नेतृत्वमा समेत, एमालेको केही नेतृत्वदायी वृत्तमा समेत यो स्थिति पैदाभएको देखिएको छ । परन्तु सबैको सन्देश एउटै छ- के संविधानसभा भयो भने उनीहरू साँच्चै राष्ट्रिय राजनीतिको मूल धारमा आउँछन् र हतियार विसाउँछन् ? सबैको एउटै टिप्पणी छ- माओवादी नेतृत्वको बोली विश्वसनीय छैन ।

माओवादी नेतृत्वको वचनवद्धतामा अविश्वास वा सन्देह अकारण पैदाभएको छैन । त्यो दुई तीनवटा मूर्त कारणले गर्दा पैदाभएको छ । पहिलो, माओवादी पार्टीमा देखापरिरहेको स्थानीय युद्ध सरदारवाद हो । माथिको नेतृत्वले राष्ट्र समक्ष एउटा वचन सार्वजनिक तवरले दिन्छ, देश त्यसमा ढुक्क हुन्छ । तर तलका कार्यकर्ताहरू व्यापक रूपमा त्यो वचनको अवज्ञा गर्छन् ।

यस्तो देखिन्छ- माओवादी पार्टीमा तल एकथरि वैचारिक सांस्कृतिक स्तर ज्यादै न्यून भएका सशस्त्र युद्ध सरदारहरू हुर्किरहेछन्, जो यति धेरै स्थानीय स्वायत्तता राख्छन् कि माथिले दिएको सार्वजनिक वचनउपर उनीहरू मतलब नै राख्दैनन् । हातमा बन्दूक थमाइएको छ, लड्न सिकाइएको छ, तर राजनीतिक सुझबुझ, अनुशासन वैचारिक, सांस्कृतिक स्तर नै ज्यादै कम छ, उनीहरूको । वा त्यहाँ गुटबन्दी पनि छ ।

भित्र गुदीमा रहेको स्थानीय युद्ध सरदारवादले गर्दा बाहिर के देखापर्छ भने अध्यक्ष प्रचण्ड ५ दिने नेपाल बन्द फिर्ता लिएको बुद्धिमतापूर्ण घोषणा गर्नुहुन्छ, स्थानीय कार्यकर्ताहरू चाहिँ बस चलाउनेको हात काटी दिन्छन् वा बस नै पेट्रोल बमले जलाइदिन्छन्, पसल खोल्नेको पसलमा बम पड्किन्छ । नेपाल बन्द कागतको घोषणामा मात्र फिर्ता हुन्छ, व्यवहारमा फिर्ता हुँदैन । यसबाट सन्देश जान्छ के भने- माओवादी नेतृत्वको आफ्नै पार्टी र सेनामा पकड बलियो छैन । माओवादी नेतृत्वको वचन भरपर्न लायकको छैन । गत भाद्र-आश्विनको काठमाण्डौ उपत्यकाको चन्दा आतंकको बेलामा पनि यस्तै भएको थियो । नेतृत्वले आत्मालोचना गरेर वक्तव्य जारी गरिसक्यो, तल कार्यकर्ताहरू पहिलेकै काम गरेको गर्‍यै छन् ।

*माओवादीले आव्हान गरेको विगतको पाँच दिने नेपाल बन्दको विरोधमा ललितपुरमा निक्लेको विरोध जुलुश*



**माओवादी नेतृत्वको वचनवद्धतामा अविश्वास वा सन्देह अकारण पैदाभएको छैन । त्यो दुई तीनवटा मूर्त कारणले गर्दा पैदाभएको छ ।**

माओवादी नेतृत्वप्रति विश्वासको संकट उसको बेसमयको अन्धतापूर्ण आत्मघातक फौजी आक्रमणले गर्दा पनि पैदाभएको हो । तेस्रो चरणको वार्तामा संविधान सभाको कुरा बल्ल उठेको थियो । फेरि अर्को चरणको वार्ता गर्ने समझदारी बनाएर वार्ता टुंगिएको थियो । संविधानसभाबारे केही स्थापित बौद्धिकहरूको सकारात्मक सोच भर्खरै सार्वजनिक हुन शुरू गरेको मात्र थियो । त्यसमा बहस शुरू मात्र भएको थियो । एक हप्ता पनि बितेको छैन । विनाअल्टीमेटम दाङमा मंसिर ८ गते मिलीटरी व्यारेकमा निर्णायक फौजी आक्रमण भइहाल्यो । यसबाट माओवादीहरूलाई फौजी हात-हतियार र पैसाको फइदा त भएको हुन सक्ला, परन्तु माओवादी नेतृत्वप्रतिको विश्वसनीयतामा यसले ज्यादै ठूलो नोक्सानी गरेको छ । त्यतिखेर जफत गरेका सम्पूर्ण पैसा र हतियारको मूल्यले नेतृत्वको विश्वसनीयतामा भएको त्यो नोक्सानीको सानो भाग पनि चुक्ता हुन गाह्रो छ ।

ठीक त्यस्तै नोक्सानी संकटकालबारे संसदमा अनुमोदन प्रस्ताव राखिन लागेकै बेलामा फागुनको पहिलो सातामा अछाममा गरिएको निर्णायक फौजी आक्रमणले पनि सृजना गरेको छ । त्यो आक्रमणले धमिलो पानीमा माछा मार्न संकटकाल थप्नै पर्छ, आतंककारी ऐन ल्याउनै पर्छ भन्ने धारणा राख्ने प्रतिगामी तत्वको प्रयासमा वैधता प्रदान गर्‍यो । यसले माओवादी नेतृत्वको त्यो भनाइको विश्वसनीयतामा ठूलो प्रश्न चिन्ह खडा गर्‍यो कि माओवादी नेतृत्व प्रतिगमनको सम्पूर्ण प्रयासविरूद्ध खडा छ ।

अब जेठ १० गते टाढा छैन । अरू ६ महिना अवधिको लागि संकटकाल थप्न अनुमोदनको प्रस्ताव पुनः राखिँदैछ । धेरैलाई आशंका छ- माओवादी नेतृत्वले यसअघि अर्को दाङ वा अछाम काण्ड घटाइदिने त होइन ? र, त्यही कारणले संकटकाल अर्को ६ महिना थप्न प्रतिगामी तत्वलाई वैधता प्रदान हुने त होइन ?

क्रान्ति प्रक्रियामा नेतृत्वको विश्वसनीयता अति अमूल्य कुरो हुन्छ भन्ने कुरा माओवादी नेतृत्वले राम्ररी महशूस गर्नु जरूरी छ । लाखौं, करोडौं मानिसको जीवन र भविष्य नेतृत्वको एउटा वचनको विश्वसनीयतामा अडिरहेको हुन्छ । त्यसमा घात हुने बित्तिकै सिंगो क्रान्ति प्रक्रियाउपर मान्छेको विश्वास टुट्छ, जनव्यापी रूपमा निराशा, अन्धकार र अराजकता हावी हुन्छ । पंचायती व्यवस्थामा मान्छेको विश्वास टुटेको एउटा मुख्य कारण नेतृत्व विश्वसनीय नहुनु थियो । अहिलेको बहुदलीय व्यवस्थामा पनि गम्भीर संकट पैदा हुनुको एउटा मुख्य कारण- नेतृत्वले जनताको विश्वास गुमाउनु नै हो । नेतृत्वले के गर्ला, के नगर्ला- पूर्वानुमानयोग्य नै भएन । सानोभन्दा सानो कुर्सी स्वार्थ, समूह स्वार्थ वा कमीशन स्वार्थका लागि नेतृत्वले जे पनि गर्नसक्छ भन्ने धारणा बहुसंख्यक जनतामा उनीहरूको व्यवहारका कारण बन्यो । परन्तु अहिले त क्रान्तिकारी विकल्पको रूपमा मैदानमा आइरहेको माओवादी नेतृत्वप्रति पनि विश्वासकै संकट शुरू भएको छ । हाल यो शुरूमात्र भएको छ, अझै यसमा सच्याउने ठाउँ बाँकी छ, परन्तु यो जब्बर हुन गयो भने र अर्को सक्षम क्रान्तिकारी विकल्प पनि मैदानमा भएन भने, बहुसंख्यक जनता प्रतिगमनलाई साथ दिन उत्प्रेरित हुने खतरा व्यापक छ । तसर्थ, माओवादी नेतृत्वले बेला रहँदै यो महाभूल सच्याउनु जरूरी छ । आफ्नो वचन र व्यवहारलाई विश्वसनीय र पूर्वानुमानयोग्य बनाउनु जरूरी छ ।

माओवादीको छवि अत्यन्त ज्यादा धुमिल पारेको अर्को परिघटना व्यक्ति हत्याको उसको अनियन्त्रित श्रृंखला र हिंसामा देखिएको चरम क्रूरता र अमानवीयता हो । यस मामलामा राज्य त अति ज्यादा क्रूर, अमानवीय र हिंस्रक देखिएको छँदैछ, र माओवादीको

तुलनामा उसको हिंसा संकटकाल लागु भएपछि तीनगुना ज्यादा छ, परन्तु व्यक्ति हत्याको मामिलामा राज्यभन्दा माओवादी तात्विक रूपले भिन्न, छनौटपूर्ण र मानवीय देखिएन । भण्डारा काण्डदेखि शिक्षकहरूको हत्याकाण्डसम्म उसका यी प्रवृत्तिहरू लगातार देखापरिरहेका छन् ।

हिंसा सम्बन्धमा माओवादीहरू किन माओबाट शिक्षा लिंदैनन् ? किन पेरूलाई गुरू थाप्छन् ? चीनमा त्यति लामो गृहयुद्ध भयो र राष्ट्रिय युद्ध पनि । परन्तु माओको क्रान्तिकालीन हिंसासम्बन्धी नीति ज्यादै छनौटपूर्ण र जनमुखी रह्यो । शत्रु सेनासँगको आम्ने साम्ने युद्धमा बाहेक अरू बेला सकेसम्म लालसेनाले व्यक्ति हत्या भनेको गर्दै नगर्ने, ज्यादै नै चुसाहा, प्रतिक्रियावादी, बदनाम र धेरै मान्छेको हत्या गरेको व्यक्तिलाई मार्नु छ भने पनि त्यसको निर्णय स्थानीय जनसमुदायलाई गर्न दिने माओको लालसेनाको नीति रह्यो । यो जनमुखी र मानवीय नीतिले लालसेनालाई अरू सबै सेनाबाट तात्विक रूपमा भिन्न बनाउँछ । परन्तु माओकै बाटो अपनाउने दावी गर्ने माओवादीहरूले माओको युद्धकालीन हिंसासम्बन्धी नीति किन व्यवहारमा अपनाउँदैनन् ? किन उनीहरू प्रतिक्रियावादी सेनासरह नै ज्यादै हिंसाप्रिय, क्रूर र अमानवीय छन् ? यो नीति उनीहरूले बदल्नैपर्छ । अन्यथा श्वेतसेनाको भन्दा उन्नत र भिन्न छवि माओवादी लालसेनाको कदापि बन्न सक्ने छैन । माओवादीको लागि पनि राज्य बरोबर नै मान्छे मार्नु भिंगा भुसुना मार्नुसरह हुने हो भने आमजनताले कसरी धारणा बनाउने कि माओवादी राज्य अहिलेभन्दा सुन्दर र मानवीय हुनेछ ?

माओवादीहरूको अर्को भूल सैनिक र राजनीतिक एजेण्डामै मात्र आवश्यकताभन्दा ज्यादा जोड हो भन्ने मलाई लाग्छ । यसमा दुविधा नै छैन कि राजनीतिक एजेण्डा प्रमुख बनेर आउनुपर्छ । परन्तु क्रान्तिकारी युद्ध तब मात्रै आमजनताको आफ्नो युद्ध बन्न सक्दछ जब राजनीतिक एजेण्डा सँगसँगै उत्पीडित वर्ग र जनताका आम जन सरोकारका आर्थिक-सामाजिक सुधारका एजेण्डाहरू पनि मूर्त ढंगले उठाइने गरिन्छन् । नत्र किसान, मजदूर, महिला, उत्पीडित जनजाति, दलितहरू, विद्यार्थी, युवाहरू, लेखक-कलाकारहरू-बौद्धिकहरू हरेक वर्ग र जनताका तप्काहरूले कसरी महशूस गर्ने कि यो युद्धसित हाम्रो जीवन र भाग्य पनि अभिन्न रूपले जोडिएको छ ? माओवादीहरूको अत्यधिक ज्यादा जोड सैनिक र राजनीतिक एजेण्डामा भयो । आर्थिक-सामाजिक सुधार उनीहरूको दिनानुदिनको एजेण्डा नै बनेन ।

त्यसो त माओवादीको प्रभुत्व रहेको इलाकामा केही उल्लेखनीय आर्थिक-सामाजिक सुधार नभएका होइनन् । परन्तु मैले औंल्याउन खोजेको चाहिं राष्ट्रिय राजनीतिमा हो ।

पोहोर बोर्डिंग स्कूलका ज्यादतीसम्बन्धी केही जायज माग राखेर, महिलाहरूसम्बन्धी, रक्सी-जुवासम्बन्धी माग राखेर माओवादीले संघर्ष चलाउँदा मात्र पनि उनीहरू काफी लोकप्रिय भएका थिए । यो प्रक्रियालाई उनीहरू किन जनव्यापी बनाउन सक्दैनन् ? उदाहरणको लागि, टेलिफोन महशूस बढ्यो, विद्युत महशूल बढ्यो, पानी महशूल बढ्यो- किन माओवादीको जुझारू बल यो महशुस वृद्धिको निर्णय फिर्ता गराउन चाहिं संघर्षशील हुन सक्दैन ?

भनाइको सार के हो भने माओवादीको क्रान्तिकारी भनिएको युद्ध- संविधान सभाको सवालमा मात्र होइन, देशमा व्यापक आर्थिक-सामाजिक सुधारको मामिलामा समेत र जनताको तत्कालिक राहतको आन्दोलनमा समेत विस्तारित हुनुपर्छ । सुधारको आन्दोलनलाई क्रान्तिकारी राजनीति र युद्धसित एकाकार गराउनु पर्छ । अनिमात्र यसमा आम जनताको अपनत्व सृजना हुनसक्छ ।

## *निकास र बाटाहरू*

अहिले देश प्रतिगमनको र विदेशी हस्तक्षेपको संघारतिर तीव्र गतिले अघि बढिरहेको छ । अहिलेको स्थितिमा प्रतिगमन र विदेशी हस्तक्षेपविरोधी सबै शक्तिहरू एक ढिक्का हुनु नितान्त आवश्यक भएको छ । यस दिशामा अहिलेको सातवटा संसदीय दलहरूको ऐक्यवद्धता निकै सकारात्मक कदम हो । त्यसमध्ये पनि कांग्रेस र एमालेको दरो अठोट र सुस्पष्ट कदमले यतिखेर ज्यादै महत्व राख्छ । यो ऐक्यवद्धता प्रक्रियामा कुनै न कुनै किसिमले माओवादी किन मिसिन सकिरहेको छैन ? २०४६ सालका उपलब्धिहरूलाई रक्षा गरेर समाजलाई अग्रगमनको दिशामा लैजाने हो भने माओवादी-एमाले-कांग्रेस र अन्य शक्तिहरूको ऐक्यवद्धता यतिखेरको ज्यादै महत्वपूर्ण कदम हो ।

अहिलेको अन्तर्राष्ट्रिय परिस्थितिमा तत्कालै राजनीतिक क्रान्ति संभव देखिन्न । क्रान्ति संपन्न गरिहाले पनि त्यसलाई टिकाउन संभव देखिँदैन । यो स्थितिमा गर्न सकिने भनेको संविधानमा पनि र आर्थिक सामाजिक क्षेत्रमा पनि अधिकतम अग्रगमनकारी सुधार नै हो । यदि यो निष्कर्ष सही हो भने अधिकतम अग्रगमनकारी सुधारलाई नै तत्कालको मुख्य लक्ष्य र निकास बनाएर अग्रगमनकारी सबै शक्तिहरू किन एकगठ नहुने ? यही दिशामा मूर्त कदमहरू सुझाउन किन गंभीर सहकार्य अथवा एकतावद्ध गृहकार्य नगर्ने ?

यो स्थिति तैयार पार्ने हो भने माओवादीले यतिबेला उठाउनु पर्ने मूर्त कदमहरू यी हुन् :

1. **विकास निर्माणका आयोजनाहरु ध्वंश गर्ने कार्यको सार्वजनिक आत्मालोचना र अब उप्रान्त त्यसो नगर्ने प्रतिवद्धता ।**
2. **प्रतिगमनविरोधी कुनै पनि राजनीतिक शक्तिका नेता-कार्यकर्ता-समर्थकलाई आक्रमण र हत्या नगर्ने सार्वजनिक प्रतिवद्धता ।**
3. **बल प्रयोगलाई अत्यन्त जनमुखी बनाउने प्रयत्न ।**
4. **जेठको पहिलो हप्तामा एकतर्फी अस्थायी युद्धविरामको घोषणा र सरकार तैयार भए कुनै पनि क्षण उच्च स्तरमा वार्ता गर्न तैयार भएको सार्वजनिक प्रतिवद्धता ।**

यो स्थितिमा युद्ध रोक्नु, वार्ता थाल्नु र संकटकाल पुनः थप्न नदिनु नै तत्कालका लागि ज्यादै महत्वपूर्ण कदम हुन् । यसका निम्ति कांग्रेस र एमालेले निर्णायक दवावकारी भूमिका खेल्नुपर्दछ, खेल्न सक्छन् । कांग्रेस केन्द्रीय समितिले यस निम्ति सरकारका नाममा वार्ताको प्रक्रिया तुरून्त थाल्न र माओवादीको युद्धविरामको प्रस्तावको जवाफ युद्धविरामले नै दिन बाध्यकारी निर्देशन जारी गर्नसक्छ र संसदमा अरू ६ वटा पार्टीले यसमा दृढ समर्थन जनाउन सक्छन् । र, त्यो नटेरेमा अविश्वास प्रस्तावद्वारा सरकारबाट देउवालाई तुरून्त हटाउन सक्छ । यो काम सजिलो छैन, तर असंभव पनि छैन ।

यति भएपछि सरकार-कांग्रेस-एमाले र माओवादी मिलेर सर्वसम्मत राजनीतिक निकास निकाल्न अन्तरंग वार्ता गर्न सक्छन् । र, यो प्रक्रियामा सहमतिको एउटा निश्चित उँचाइमा पुगेपछि हतियार र बन्दीहरू र संकटकाल र आतंककारी कानूनहरूको बारेमा निश्चित टुंगो लगाउन संभव छ ।

माओवादीले सबैप्रति आक्रमणकारी, विध्वंशकारी र अविश्वसनीय हुन छोड्नुपर्‍यो । एमालेले द्वैत भूमिका खेल्न, संकटकाल थप्ने मामलामा राज्य सहायकको भूमिका खेल्न छोड्नु पर्‍यो, कांग्रेसले आफ्नै सरकारलाई तहमा ल्याउन सक्नुपर्‍यो- अहिलेको संकटको निकास निकाल्न बिल्कूलै संभव छ । ❑


नव वर्ष

२०५९ साल

को

सुखद उपलक्ष्यमा समस्त

ग्राहकवर्ग तथा शुभेच्छुकहरुमा

सुख, समृद्धि, शान्ति एवं उत्तरोत्तर प्रगतिका

लागि हार्दिक मंगलमय

शुभकामना व्यक्त गर्दछौं ।

नबिल बैंक लिमिटेड

Nabil Bank Limited

Nabil House, P.O. Box : 3729, Kamaladi, Kathmandu, Nepal.
Cable : NABIL, KATHMANDU
Tel : 429546-47, Fax : 429548, Tlx : 2385 NABIL NP, 2430 NABILD NP
E-mail : nabil@nabil.com.np, Web Page : www.nabilbankltd.com

Your Bank at Your Service




घोषणा सभामा
क. नरबहादुर कर्माचार्य

# एकता केन्द्र र मसालले एकताको निर्णयको घोषणा गरे

गत वैशाख ९ गते काठमाण्डौको राष्ट्रिय सभागृहको हलमा १३३ औं लेनिन दिवसको अवसर पारेर नेकपा एकता केन्द्र र नेकपा मसालले एक संयुक्त कार्यक्रम आयोजना गरी आफूहरूबीच पार्टी-एकता हुने घोषणालाई औपचारिक रूप दिएका छन् । महामन्त्रीद्वय क. रामसिंह श्रीस र क. प्रकाशको संयुक्त विज्ञप्तीका अनुसार एकीकृत पार्टी निर्माणको तयारी भैरहेको र छिट्टै त्यसको घोषणा गरिनेछ ।

निर्णयको यो औपचारिक घोषणा नेकपा एकता केन्द्र र मसाललाई चाखपूर्वक हेरिरहेकाहरूका निम्ति कुनै नयाँ 'समाचार' नभए पनि यस घोषणा र समारोहले यी दुई पार्टीबीचको आसन्न एकताको प्रचार-प्रसारमा थप बल पुऱ्याएको छ ।

वाम आन्दोलनमा दक्षिणपन्थी र उग्रपन्थी धारहरूको बोलबाला भैरहेको वर्तमान स्थितिमा सन्तुलित र गुणस्तरयुक्त 'तेस्रो धार'को खोजीमा रहेका व्यक्तिहरूलाई यो औपचारिक घोषणाले थप राहत प्रदान गरेको छ । समारोहमा विभिन्न वाम नेताहरूले एकताको स्वागत गरेर बोल्ने क्रममा छिट्टै सो एकताका अरू व्यावहारिक चरणहरू पूरा होस् भन्ने जुन कामना गरे, त्यसमा आम सचेत नेपाली जनताहरूको चाहना प्रतिविम्बित भएको मान्न सकिन्छ ।

'आधारभूत विचारधारात्मक राजनैतिक कार्यदिशा'मा रहेको समानताका आधारमा एकताको निर्णय भएको मान्यता बोक्ने एकता केन्द्र र मसालले यो औपचारिक घोषणाद्वारा एकताप्रेमी अन्य व्यक्ति र शक्तिहरूलाई पनि सो एकता प्रकृयामा आफ्नो सामेलीको संभावना खोज्न प्रेरित गरेका छन् । यो सकारात्मक कुरा हो ।

तर यी दुई पार्टीहरूबीच नामको सन्दर्भमा देखिएको अनुदारतालगायतका प्रवृत्तिहरूले संकेत गरिरहेका जुन जुन समस्याहरू विद्यमान छन्, तिनलाई हल गर्न अझै पर्याप्त गृहकार्य र अन्तरक्रिया हुनुपर्छ । अब थप मूर्ततासहित यी दुई पार्टीले गहन स्तरका कार्यगत एकताहरू गर्न थप अनुकूल स्थिति पैदाभएको छ । यो स्थितिको सदुपयोग गर्दै एकातिर सहकार्यलाई अरू उच्च स्तरमा लैजाने र अर्कोतिर मतभेदहरू, चिन्तन एवं कार्यशैलीका असमानताहरू र गतिशीलता एवं चुस्तताका समस्याहरू हल गर्ने वैचारिक काम हुनु जरूरी छ । एकता ठूलो कुरा हो, तर एकताका नाममा आज अलग रहँदाको हदको दृढता, चुस्तता र आवश्यक लचक नै पनि 'बन्दकीमा पर्ने खतरा' पैदाहुन्छ भने त्यो गम्भीर समस्याको कुरा हुनेछ । तसर्थ, '४ वर्ष भैसक्यो, अझै एकता पूरा भएन' भनी 'जसरी पनि' एकता गर्ने अधीरता यतिखेर गलत हुनेछ । उक्त खतरा नरहने स्थितिको निर्माण आजको प्रमुख चुनौति हो ।

❑ *हरिगोविन्द लुईंटेल*


नव वर्ष २०५९ सालको सुखद् उपलक्ष्यमा हाम्रा सम्पूर्ण ग्राहकहरू तथा समस्त देशबासीहरूमा

**हार्दिक मंगलमय शुभकामना**

व्यक्त गर्दछौं ।

**नेपाल खानेपानी संस्थान**

परिवार



**मकालु यातायात**

फोन नं. २८१७०४

| *जाने स्थान* | *छुट्ने समय* |
| --- | --- |
| काठमाण्डौ - काकडभिट्टा | बिहान ५:०० बजे |
| काठमाण्डौ - भद्रपुर | बिहान ५:१० बजे |
| काठमाण्डौ - उर्लाबारी-मधुमल्ला | बिहान ५:२० बजे |
| काठमाण्डौ - विराटनगर | बिहान ५:४५ बजे |
| काठमाण्डौ - राजविराज | बिहान ६:०० बजे |
| काठमाण्डौ - सिरहा-माडर | बिहान ६:१५ बजे |
| काठमाण्डौ - मलंगवा | बिहान ६:३० बजे |
| काठमाण्डौ - विराटनगर दोस्रो | बिहान ६:४५ बजे |
| काठमाण्डौ - धरान | बिहान ७:०० बजे |
| काठमाण्डौ - जनकपुर | बिहान ७:२० बजे |
| काठमाण्डौ - गौर | बिहान ७:४० बजे |
| काठमाण्डौ - विरगंज | बिहान ७:०५, ८:००, १०:००, १०:१५, ११:०० र १२:१५ बजे |
| काठमाण्डौ - कलैया | बिहान ८:०० र १०:१५ बजे |
| काठमाण्डौ - बरहथवा | बिहान ८:३० बजे |
| काठमाण्डौ - भरतपुर | बिहान ८:३०, ९:१५ र ११:४५ बजे |
| काठमाण्डौ - गितानगर | दिउँसा १:३० बजे |
| काठमाण्डौ - पर्साढाप-मेघौली | दिउँसो १:५५ बजे |
| काठमाण्डौ - नारायणगढ-विशालचोक | दिउँसो २:२० बजे |
| काठमाण्डौ - विरगंज रात्री | बेलुका ८:१५ बजे |

**आरामदायी तथा भरपर्दो सेवाको लागि मकालु यातायातलाई सम्झनुहोस् !**

राष्ट्रपति ह्यूगो शाभेज




### भेनेजुयलामा स-सानो क्रान्ति

# प्रतिगमनको छेकबार हो, जुझारू जनआन्दोलन

**ह्यूगो शाभेज**को सरकार तेलका लागि अत्यन्त धनी ल्याटिन अमेरिकी देश भेनेजुयलाका गरीब जनताद्वारा सन् १९९८ मा ठूलो बहुमतका साथ निर्वाचित सरकार हो, कुनै जनक्रान्तिद्वारा स्थापित सरकार होइन । तापनि आफूसँग सही क्रान्तिकारी भिजन, जनशक्ति परिचालन गर्ने क्षमता र जनशक्तिको बलमा जस्तोसुकै अग्लो पहाडसँग पनि टक्कर लिने साहस छ भने सरकारमार्फत् पनि 'सानो सानो जनक्रान्ति' गर्न सकिन्छ भन्ने जिउँदोजाग्दो इतिहास ह्यूगो शाभेजको सरकारले सिर्जना गरिरहेको छ । पूँजीवादी प्रजातन्त्रअन्तर्गतको सरकारमा निर्वाचित भएर पनि माथिबाट सत्ता-शक्तिको प्रयोग गरी, तल-तल गरिखाने जनतालाई सचेत, संगठित र संघर्षशील पारी शाभेज सरकारले अहिले ल्याटिन अमेरिकाभरि नै अत्यन्त लोकप्रिय 'बोलिभारियन क्रान्ति' चलाइरहेको छ ।

स्पेनीश साम्राज्यवादविरूद्ध युद्धको नेतृत्व गर्ने ल्याटिन अमेरिकी क्रान्तिकारी नायक सिमोन बोलिभारको नामबाट थालिएको यो अनौठो क्रान्तिको क्रममा तेल, भूमि, माछापालन र अन्य आर्थिक पक्षहरू पूँजीपतिहरूको हातबाट खोसेर राज्यको नियन्त्रणमा राख्ने, ठूल्ठूला गयल जमिन्दारीअन्तर्गत रहेका जमीनहरू खोसेर भूमिहीन र गरीब किसानहरूलाई बाँड्ने र स्वतन्त्र परराष्ट्र र व्यापार नीति अपनाउने काम शुरू गरिएको थियो ।

वामपन्थी पार्टीहरू र प्रगतिशील सैनिक अधिकारीहरूको गठबन्धनको शाभेज सरकारले यसरी माथिको सत्ता-शक्ति र तलको जनशक्तिको आधारमा 'क्रान्ति' थालेपछि त्यहाँका शोषक पूँजीपति र जमिन्दारलगायत कुलीनवर्ग र अमेरिकी साम्राज्यवाद नराम्ररी तर्सिएको छ । यसैको फलस्वरूप एकातिर त्यहाँका पूँजीपतिहरू र तिनका आसेपासे मजदूर संगठनहरूले कारखाना बन्द गर्ने, तिनीहरूलाई समर्थन गर्ने सैनिक र प्रहरीहरूले शाभेज सरकार समर्थक गरिखाने जनताका प्रतिरोधहरूलाई कुल्चने काम गर्न थाले । र, त्यही मौका छोपेर अमेरिकी साम्राज्यवादको इशारामा केही सैनिक अधिकारीहरू र पूँजीपतिहरूको ठूलो संगठन-फेडेकामारासले चैत्र ३० गते अचानक शाभेज सरकारको तख्ता पल्टाइदिए । अनि राष्ट्रपति शाभेजलाई बन्दी बनाइयो र सबै जननिर्वाचित अंगहरूलाई भंग गरी पूँजीपतिहरूको नांगो शासन थालियो ।

तर ह्यूगो शाभेजको जनमुखी सरकारको पक्षमा भेनेजुयलाभरि उर्लेको जनविद्रोह देखेर भयभीत भएका पूँजीपति र सैनिक अधिकारहरूको तख्तापलट फेरि एकपटक उल्टियो ।

भेनेजुयलामा सन् १९७३ मा चिलीको वामपन्थी सरकारलाई जस्तै ध्वस्त पार्ने प्रयत्न हुँदाहुँदै पनि गरिखाने जनताको सचेत, संगठित र जुझारू आन्दोलनले सैनिक विद्रोह र प्रतिगमनमाथि अत्यन्त सफलतापूर्वक अजंगको छेकबार लगाइदियो । अनि सैनिक विद्रोह भएको दुई दिनपछि नै कैद गरिएका जनमुखी राष्ट्रपति ह्यूगो शाभेजलाई नै फेरि एकपटक पदस्थापना गरिदियो ।


यसरी ह्यूगो शाभेजको सरकारले एक्काइसौं शताब्दीमा जननिर्वाचित सरकारमार्फत् माथिबाट सत्ता-शक्तिको उपयोगद्वारा र तलबाट जनपरिचालनद्वारा धेरै हदसम्म सानो सानो खालको जनमुखी क्रान्ति गर्न सकिन्छ र प्रतिक्रान्तिकारी शक्तिको प्रतिगमनलाई परास्त गर्न सकिन्छ भन्ने ऐतिहासिक दृष्टान्त प्रस्तुत गरिरहेको छ ।

गत चैत्र ३० गते भएको सैनिक विद्रोहविरुद्ध भएको भेनेजुयलाका गरिखाने जनताको सशक्त, संगठित र संघर्षशील सफल प्रतिकारले प्रतिगमनविरूद्ध जुझिरहेका नेपाली जनतालाई पनि प्रोत्साहित गर्ने कुरामा दुई मत नहोला ❑

**कैद गरिएका राष्ट्रपति सैनिक 'कु'को दुई दिनपछि पुन: पदमा स्थापित भए !**

# युद्ध कुनै समाधान होइन

## श्रीलंकामा सरकार र लिट्टेबीच संवाद




लिट्टेका नेता प्रभाकरण

**विद्रोहको ब्याड** भनेको आर्थिक शोषण-उत्पीडनमात्रै होइन । जाति, भाषा, धर्म, संस्कृति र क्षेत्रमाथिको उत्पीडनको मलिलो माटोमा पनि विद्रोह जन्मिन सक्छ । यसको ज्वलन्त उदाहरण हो- श्रीलंकामा लगभग बीस वर्ष अगाडिदेखि भइरहेको नरसंहारकारी क्षेत्रीय-जातीय युद्ध ।

सयौं वर्षदेखि बहुसंख्यक सिंहाली जातिका शासकहरुको सिंहाली अन्धराष्ट्रवादको असह्य पीडा भोगेका तामिल जनताले शुरुमा आफ्नो जातीय-सांस्कृतिक पहिचानप्रति सरकारी मान्यता चाहेका थिए । तर उनीहरुको न्यायपूर्ण मागमाथि नै सैनिक दमन भएपछि भेलुपिल्लई प्रभाकरणाको नेतृत्वमा 'लिबरेशन टाइगर्स अफ तमिल इलम' (लिट्टे)ले सशस्त्र प्रतिरोध थाल्यो । उसले तमिल जातिको स्वतन्त्र राज्य- 'तमिल इलम' खडा गर्ने सपनासहित करिब बीस वर्षसम्म प्रतिहिंसक कारबाही चलायो । लिट्टेले शुरुमा तमिलहरु श्रीलंकाका अलग जातीय सांस्कृतिक पहिचान भएका जातिका रुपमा स्वीकार्नु पर्ने, उत्तर-पूर्वी श्रीलंकालाई उनीहरुको पुरानो मातृभूमिको रुपमा मान्यता दिनुपर्ने र उत्पीडित तमिलहरुलाई आत्मनिर्णयको अधिकार दिनुपर्ने जायज मागहरु उठाएको थियो । तर उनीहरुको साध्य ठीक भएर पनि साधन र प्रक्रिया बेठीक सावित भयो । उनीहरुले प्रतिहिंसाका कारवाहीहरु गर्ने क्रममा नि:शस्त्र वा सशस्त्र जनसंघर्ष होइन, आतंकवादी शैलीको संघर्षलाई साधन माने । आफ्नो जातीय,

# पीकेकेले हतियार बिसायो



उस्मान ओकालान : पि.के.के.का नेता अब्दुल्लाह ओकालानका भाइ

# शान्तिपूर्ण जनआन्दोलनको बाटोमा छापामारहरू

उत्पीडित कुर्द जातिको हक-अधिकारका लागि बीस वर्षभन्दा बेसी समयदेखि सशस्त्र संघर्ष गर्दै आइरहेको कुर्दिस्तान वर्कर्स पार्टी (PKK)ले हालै हतियार बिसाउने र पार्टीको नाम फेर्नेजस्तो अत्यन्त ठूलो निर्णय गरेको छ ।

पहिले मार्क्सवादी विचारलाई मार्ग-निर्देशक सिद्धान्त मानेर टर्की, इराक, इरान, सिरिया र अन्य देशहरूमा रहेका उत्पीडित कुर्द जातिको स्वायत्त र स्वतन्त्र राज्यको रूपमा 'कुर्दिस्तान' राष्ट्रको निर्माणका लागि कुर्दिस्तान वर्कर्स पार्टी निर्माण गरिएको थियो । अब्दुल्लाह ओकलानको नेतृत्वमा गठित यो पार्टीले हजारौं हजार लडाकू फौजका साथ विगत बीस वर्षभन्दा लामो अवधिदेखि टर्कीभित्र सशस्त्र संघर्ष गर्दै आइरहेको थियो । टर्कीको प्रतिक्रियावादी सरकार र पीकेकेका लडाकूहरूको संघर्षको क्रममा ३५ हजारदेखि ३७ हजारभन्दा बेसी मानिसहरूको ज्यान गइसकेको छ, जसमा सरकारी फौजद्वारा नरसंहारहरू गरिँदा हत्या गरिएका कुर्दहरूको संख्या अत्याधिक छ ।

यति लामो हिंसात्मक संघर्षको क्रममा जब यसका संस्थापक नेता अब्दुल्लाह ओकालानलाई सन् १९९९ मा सरकारी फौजले सीआईएको सहयोगबाट गिरफ्तार गरी मृत्युदण्डको सजायँ सुनायो, तब माउविनाका चल्लाजस्ता भएका पीकेकेका छापामारहरूले आफ्नो कार्यदिशा, रणनीति र कार्यनीतिमा पुनर्विचार गर्न थालेका थिए । र, बदलिँदो विश्वपरिस्थितिलाई ध्यानमा राखेर अमेरिकी साम्राज्यवादको निकटतम मित्र राष्ट्र टर्कीभित्र संघर्ष गर्न यसले नयाँ कार्यदिशा अपनाएको छ । भर्खरै मात्रै भएको यसको महाधिवेशनले पार्टीको नाम फेरेर 'कांग्रेस फर फ्रिडम एण्ड डेमोक्रेसी अफ कुर्दिस्तान' (KADEK) राखेको छ । महाधिवेशनले सशस्त्र हिंसात्मक संघर्ष रोक्ने र हतियार बिसाउने निर्णय गर्दै फैसला गरेको छ- "अब हामीले शान्तिपूर्ण जनप्रदर्शन र राजनैतिक आन्दोलनद्वारा उत्पीडित कुर्द जातिका लागि स्वतन्त्रता, समानता, शान्ति, न्याय र प्रजातन्त्र प्राप्त गर्ने कार्यदिशा अपनाउँदैछौं ।"

पीकेकेले टर्की सरकारको हिंस्रक चिन्तन र व्यवहारसँग संघर्ष गर्दागर्दै आफू पनि हिंस्रक भइसकेको थाहा पाएर आफ्नो हिंस्रक छविलाई धोइपखाली गर्न र वैधानिक राजनैतिक शक्तिको दर्जा पाउन यस्तो निर्णय गरेको देखिन्छ । अमेरिकाले 'आतंकवादविरूद्ध विश्वव्यापी संघर्ष' गर्ने नाममा साम्राज्यवादी युद्ध मच्चाइरहेको बेला टर्की सरकारको चलाकीपूर्ण दवावबस यूरोपीयन युनीयनले समेत यसलाई 'आतंकवादी संगठन'को संज्ञा दिई यसमाथि प्रतिबन्ध लगाएको सन्दर्भमा पीकेकेको यो निर्णय आएको देखिन्छ ।

KADEK का नेताहरूमा पीकेकेका संस्थापक नेता ओकलानका साथै धेरैजसो पुरानै नेतृत्व राखिएको कारणले टर्की सरकार र युरोपीय युनीयनले यसको नयाँ कार्यदिशालाई आतंकवादको आरोप र प्रतिबन्धबाट बच्ने 'टयाक्टीश'का रूपमा मात्रै बुझ्ने संकेत दिइरहेका छन् । टर्की, इरान, इराक र सिरियालगायतका देशहरूमा रहेका उत्पीडित कुर्द जातिका प्रजातान्त्रिक अधिकारहरूको ग्यारेन्टीका लागि राजनैतिक मूलधारमै सहभागी हुने यसको चाहना र प्रयासलाई कसैले पनि टेर्ने संभावना निकै कम छ । विशेषतः टर्की सरकारले उत्पीडित जातिको नाममा संगठित यस पार्टीलाई पनि पीकेकेलाई जस्तै जातिगत संगठनको आरोपमा प्रतिबन्ध लगाएर सैनिक दमन गर्ने संभावना बेसी छ । तर कुर्द जातिका जनताबीच यसको घनीभूत उपस्थिति र लोकप्रियताका साथै बलियो सांगठनिक र सैनिक संरचनाका साथ यसले भविष्यमा गर्ने शान्तिपूर्ण जनप्रदर्शन, राजनैतिक हस्तक्षेप र मूलधारको राजनीतिक कर्मलाई छेक्नु भनेको जस्तोसुकै फासीवादी सत्तालाई पनि फलामे च्यूरा चपाएजस्तै हुने देखिन्छ ।

टर्कीलगायत अन्य देशका सरकारहरूले कुर्दहरूको अति सामान्य न्यायोचित मागहरूसमेत पूरा गर्ने जमर्को गरेनन् भने यस पार्टीले पीकेकेको कार्यदिशा अपनाउने बाटो पनि अहिलेसम्म बन्द भएको छैन । कुर्द भाषामा पढ्ने, लेख्ने, बोल्नेलगायत प्रकाशन र प्रसारण गर्ने, आफ्नो भाषामा बच्चाहरूको नामाकरण गर्नेजस्ता जन्मसिद्ध अधिकारहरूसमेत नदिएर कुर्दहरूलाई आक्रोशित तुल्याइराख्ने हो भने नयाँ नयाँ पीकेकेहरू जन्मिने वातावरण यथावत् रहिरहन्छ । सबैजसो कुर्द वस्ती रहेका सबैजसो देशका शासकहरूले याद गर्नुपर्ने वास्तविकता के हो भने यस पार्टीले अहिलेसम्म हतियार बिसाउने मात्रै कुरा गरेको हो, हतियार बुझाउने निर्णयचाहिँ गरेको छैन । उनीहरूले आत्मसमर्पण नगरिसकेको स्थितिमा पुनः सशस्त्र संघर्षको बाटोतिर अग्रसर हुने वातावरण यथावत् राखिछाड्नु र उत्तेजनात्मक फौजी कारवाहीहरू चलाउनु सरकारहरूकै लागि समेत आत्मघाती क्रम हुनेछ ।

सन् १९९९ मा गिरफ्तार गरी मृत्युदण्डको सजायँ सुनाइएका यसका नेता अब्दुल्लाह ओकलानलाई फाँसी दिने निर्णय कथंकदाचित कार्यान्वयन गरिएमा टर्कीमा फेरि एकपटक सशस्त्र संघर्षको आगो दन्कने निश्चित छ । अहिले यस पार्टीको संयोजनकारी भूमिका खेलिरहेका ओकलानका भाइ उस्मान ओकालानले हालै एउटा अन्तर्वार्तामा भनेका छन्- "मृत्युदण्डको सजायँसहित कैदी बनाइएका मेरा दाजु तथा हाम्रा नेता अब्दुल्लाह ओकालानलाई टर्कीको फासीवादी सरकारले फाँसी दिएमा युद्धको नगरा नबज्ला भनेर अहिले नै भन्न सकिने स्थिति छैन । कुर्द जनताले आफ्नो भविष्य निर्माणको कर्मलाई हाम्रा नेताको जीवनरक्षासँग जोडिसकेका छन् । यदि उहाँको हत्या भएमा युद्धको मैदानमा पहिलेभन्दा डरलाग्दो ढंगले लडाई हुनसक्छ, हजारौं हजारको मृत्यु हुनसक्छ, त्यसको म कल्पनासमेत गर्न चाहन्न ।"

स्याटलाइट टेलिफोनबाट एसोसियटेड प्रेस (AP)लाई अन्तर्वार्ता दिने उस्मान ओकलानले अहिले आफ्ना दाजुका सम्पूर्ण कामकारवाहीहरू सम्हालिरहेको खबर छ ।

❑ *राजेन्द्र महर्जन*

---


भाषिक र सांस्कृतिक अधिकारहरु खोज्ने क्रममा उनीहरुले बौद्ध धर्मावलम्बी सिंहाली जाति र मुसलमान जातिका श्रीलंकाली जनतादेखि श्रीलंकाका सरकार प्रमुख, विपक्षी नेताहरु र भारतका प्रधानमन्त्री राजीव गान्धीसमेतको हत्या गरे । अन्य धर्म, जाति र संस्कृतिका सामान्य मानिसहरुदेखि लिएर राष्ट्र प्रमुखहरुको समेत व्यक्तिहत्याले उनीहरुलाई आतंकवादीको कोटीमा पुऱ्यायो ।

त्यसको अर्थ, श्रीलंका र भारतका सरकारहरुले चाहिं सही र न्यायपूर्ण कार्य गरेको भनेको चाहिँ कदापि होइन । कहिले भारतको, कहिले इजरायल र अमेरिकाको सैनिक सहयोग लिई श्रीलंकाली सरकारहरुले तमिल विद्रोहीहरुलाई निमिट्यान्न पार्न खोज्नुको सट्टा तमिल जनताका न्यायपूर्ण आवाजहरु बीस वर्षअगाडि नै ध्यानपूर्वक सुन्ने र त्यसको सही समाधानको बाटो खोज्न सम्वादको कर्मलाई मात्रै अगाडि बढाएको भए हजारौं हजार मानिसहरुको संहार हुने थिएन । तर श्रीलंकाली सरकारहरुले विदेशी सहयोग लिएरै भए पनि आफ्नै देशका जनता र विद्रोहीहरुलाई सखाप पार्न खोज्दा त्यहाँ भारतको विस्तारवादी सैन्य हस्तक्षेपसमेत स्वभाविक हुनपुग्यो । संसारको कुनै पनि मुलुकको आन्तरिक समस्या विदेशी सैन्य हस्तक्षेपकारीहरुले समाधान गरेको इतिहास छैन, भारतीय शासकहरुले मात्रै श्रीलंकाली गृहयुद्ध समाप्त पारी सही समाधान गर्न सक्ने कुरै थिएन । उनीहरुले समस्यालाई झन् नराम्ररी बल्झाए, जसको परिणामस्वरुप भारतीय प्रधानमन्त्री राजीव गान्धीको निर्मम हत्यासमेत भयो ।

श्रीलंकाको बीसौं वर्ष लामो निर्मम गृहयुद्धपछि के देखिएको छ भने विदेशीहरुबाट सैनिक सहयोग लिएर वा आन्तरिक रुपमा सैनिक परिचालन गरेर सशस्त्र बलको भरमा सशस्त्र संघर्षलाई निमिट्यान्न पार्न सकिन्न, न त न्यायपूर्ण जातीय-भाषिक र सांस्कृतिक मुद्दाहरु उठाएर गरिएको सशस्त्र संघर्षले स्वतन्त्र 'तमिल इलम'नै खडा गर्न सकिन्छ । बीस वर्ष अगाडि नै आउनु पर्ने यो यथार्थवादी चेत अहिले हजारौं हजार मानिसहरुको संहारको रगतमुछेल वातावरणबीच श्रीलंकाली सरकार र तमिल विद्रोहीहरुमा केही हदसम्म आएको संकेत देखिएको छ । त्यसैले नर्वेको मध्यस्थतामा हुनथालेका वार्ताका प्रसंगहरुले श्रीलंकाको सार्वभौमसत्ताभित्रै उत्पीडित तमिलहरुका जाति, भाषा र सांस्कृतिक अधिकारहरु सुरक्षित गर्ने उपायहरु खोजिन थालिएको छ । यसको मूर्त रुप तमिल स्वायत्त शासनको स्थापनाको रुपमा सहमति हुने संभावना देखिएको छ ।

आगामी शान्तिवार्ताहरु वार्ताका लागि वार्तामै सीमित भएमा, तमिलहरुको न्यायपूर्ण मागहरु सम्झौताद्वारा हल नगरिएमा हिंसक संघर्ष दावानलझैं फैलिने संभावना अझै टड्कारो छ । लिट्टेका नेता प्रभाकरण र उनका लडाकू मानव बमहरुले आत्मसमर्पण गरीनसकेको यथार्थ बुझेर शान्तिवार्तालाई टुंगोसम्म पुऱ्याउने कार्य भएमा श्रीलंकाको गृहयुद्ध र संवाद-सम्झौता नेपाललगायत धेरैजसो देशहरुलाई जीवित पाठ हुने कुरा निर्विवाद देखिन्छ । ❑

## फासीवादीहरुलाई माथ गर्ने बर्बरता



# इजरायलद्वारा प्यालेस्टिनी जनतामाथि आक्रमण

पश्चिम एशियाको सानो मुलुक प्यालेस्टाइन शक्तिशाली इजरायली शासकहरूको घरपछाडिको उपनिवेशजस्तै भइरहेको छ, विश्वको महाशक्ति राष्ट्र अमेरिकाका लागि मध्य र दक्षिण अमेरिकी राष्ट्रहरूझैं । इजरायलको व्यवहार हेर्दा देखिन्छ : आफ्नो उपनिवेशभित्र छाडा साँढेझैं पसेर जे गरे पनि हुन्छ, सिंगो राष्ट्रलाई भ्यालखाना बनाएर त्यहाँका सम्पूर्ण जनता र उनीहरूका राष्ट्रपतिलाई समेत कैद गरे पनि हुन्छ, जथाभावी मारकाट गरे पनि हुन्छ, घर, अस्पताल, विश्वविद्यालय, सरकारी भवन सबै बुल्डोजर र मिसाइलले ध्वस्त गरे पनि हुन्छ । छिमेकी मुलुक प्यालेस्टाइनविरूद्ध इजरायली हिंस्रक र बर्बर आक्रमण हेर्दा जोकोहीलाई पनि हिटलरको नाजीवादी बर्बरता र दक्षिण अफ्रिकी गोरा शासकहरूको नस्लवादी हिंस्रकताको याद ताजा हुन्छ ।

इजरायलले प्यालेस्टिनी सरकार (PA)लाई आतंकवादी संगठन, राष्ट्रपति यासेर अराफातलाई आतंकवादीहरूका नाइके र सम्पूर्ण प्यालेस्टिनी जनतालाई आतंककारी घोषणा गर्दै आफ्नो प्रभु-अमेरिकाकै आक्रामक शैलीमा 'आतंकवादविरूद्ध युद्ध' चलाइरहेको छ । फौजी आक्रमणको क्रममा सम्पूर्णजसो प्यालेस्टिनी भू-भागमाथि उसले हिंस्रक आक्रमण गरी कब्जा जमाएको छ र राष्ट्रपति यासेर अराफातको कार्यालयसमेत सबै प्रशासनिक र आन्तरिक सुरक्षा मुख्यालयहरूलाई बम, गोला, रकेट र मिसाइलद्वारा ध्वस्त पारेको छ । कहाँसम्म भने उसले इसाई धर्मावलम्बीहरूको सबैभन्दा ठूलो तीर्थस्थल तथा क्राइस्टको जन्मथलो- बेथलहेम शहर र न्याटिभिटी चर्चमाथि समेत गोलाबारी गरेको छ ।

यासेर अराफातलाई सन् १९८२ मा लेबनानमा जिउँदै छोड्नु परेकोमा पटक पटक प्रायश्चित गरिरहेका इजरायली प्रधानमन्त्री एरियल श्यारोंको सरकारले उहाँलाई आफ्नै कार्यालयमा पाँच महिनासम्म सैनिक ट्यांकद्वारा घेराबन्दी गरी कैदी बनाइएको थियो, आफ्ना दासलाई झैं । उसले अराफातलाई पश्चिमी मुलुकमा निर्वासित गर्नेदेखि लिएर घेराबन्दीबीच जीवित राख्ने ग्यारेन्टी दिन नसकिनेजस्ता असभ्य उपनिवेशवादी शैलीको भाषण दिंदै हिंडेको थियो र व्यवहार पनि ठीक त्यस्तै गरेको थियो ।

आफ्नै कार्यालयमा बन्दी जीवन बिताउनु परे पनि इजरायलको आक्रमणको प्रतिरोध गरेका राष्ट्रपति अराफातले श्यारोंलाई युद्धपिपाशु मानसिकता भएको आरोप लगाउँदै भन्नुभएको थियो- "दोस्रो विश्वयुद्धमा हिटलरले यहुदीहरूविरूद्ध जुन घिनलाग्दो र अमानवीय व्यवहार गरेको थियो, ठीक त्यस्तै फासीवादी व्यवहार श्यारोंले प्यालेस्टिनी जनताविरूद्ध गरिरहेका छन् ।"


हिटलरको फासीवादी आक्रमणको बेला उत्पीडित जाति, धर्म र भाषाको न्यायपूर्ण संघर्षको घोषणासहित यहुदीवाद उदय भएको थियो । तर सन् १९४८ मा अमेरिका, ब्रिटेन र फ्रान्सजस्ता विश्व-शक्ति राष्ट्रहरूको आडभरोसा पाएर यहुदीवादीहरूले सानो उत्पीडित प्यालेस्टिनी राष्ट्रलाई खरानी बनाएर केवल यहुदीहरूको राज्यको रूपमा इजरायलको स्थापना गरे, तबदेखि यहुदीवाद पनि दोस्रो विश्वयुद्ध उत्तरार्द्धको नव-फासीवादको रूपमा अभिव्यक्त भइरहेको छ ।

यहुदीवादी इजरायली शासकहरूले सन् १९४८ देखियत १९६७ र १९७२ लगायतका पटक-पटकका हिंस्रक आक्रमणहरूको क्रममा गरीब-उत्पीडित प्यालेस्टिनीहरूको नरसंहार गर्दै आइरहेका छन् । सन् १९९३ को 'ओस्लो सम्झौता'पछि प्यालेस्टिनी राज्यको 'सीमित सार्वभौमसत्ता'लाई औपचारिक रूपमा स्वीकारिसकेपछि पनि उनीहरूले गाजापट्टीमा रहेका १३ लाख प्यालेस्टिनीहरूको वस्तीलाई काँडेतारले घेरेर राखेका छन्, मानौं ती वस्तीहरू हिटलरका फासीवादीहरूका यातनाशिविरहरू हुन् ।


त्यस्तै पश्चिमी तट (वेस्ट ब्याङ्क) क्षेत्रका शहर र गाउँमा रहेका २० लाख प्यालेस्टिनीहरूका एक ठाउँबाट अर्को ठाउँमा जाने सम्पूर्ण बाटाहरू उनीहरूकै कब्जामा छन् । अनि प्यालेस्टिनी पानीको मुहानदेखि लिएर उद्योग, व्यापार, शिक्षा र घर-खेतमाथि पनि कब्जा जमाउँदै उनीहरूले ती सबै कुरा सशस्त्र यहुदीहरूलाई सुम्पने अभियान पनि तीव्र रूपमा अगाडि बढाइरहेके छन् ।

यसरी प्यालेस्टिनी सरकारलाई सार्वभौमिकताविहीन राज्य संचालन गर्ने बकसपत्र गरेर दिइरहेको यहुदीवादी इजरायली सरकारका यस्ता नीति र व्यवहार हेर्दा हिटलर र पीक बोथाहरू पनि छक्क पर्ने स्थिति खडा भइसकेको छ । विश्वको उपनिवेशवादकालीन इतिहासदेखि हिटलरको फासीवादी शासन र दक्षिण अफ्रिकाको नस्लवादी राज्यमा पनि यी सबै बर्बर हथकण्डाहरू एकैसाथ प्रयोग भएको दृष्टान्त भेट्टाउन गाह्रो छ ।


कहीं काँडेतारले बारेर यातनाशिविर निर्माण गर्ने, कहीं बाटाहरूमाथि कब्जा जमाएर आवत-जावतमाथि नियन्त्रण जमाउने, कहीं खानेपानीदेखि लिएर हवाई अड्डासमेत कब्जामा लिने कार्य त हिटलरको फासीवादको पछिल्लो संस्करणको रूपमा देखिएको दक्षिण अफ्रिकाको रंगभेदमा आधारित नस्लवादी शासनमा पनि त्यति हदसम्म अचेल







*इजरायली सेनाका आक्रमणका शिकार प्यालेस्टाइनीहरु*



*प्यालेस्टिनी राष्ट्रपति यासेर अराफात*

लागु गरिएको थिएन, जुन हदसम्म इजरायली शासकहरूले प्यालेस्टिनी वस्तीहरूमा लागु गरिरहेका छन् । अरूहरूले कहींकतै छिटफुट रूपमा लागु गरिएकै भए पनि नस्लवादी दक्षिण अफ्रिकी गोरा शासकहरूले कालाहरूमाथि यहुदीवादी यजरायली शासकहरूले प्यालेस्टिनी जनतामाथि अमेरिकी अपाचे हेलिकोप्टर र एफ-१६ लडाकू विमानहरूले बम बर्साएजस्तै बम बर्साएको, मिसाइल र रकेटले आक्रमण गरेको उदाहरण भेट्टाउन मुश्किल छ ।

निःसन्देह, यहूदीवादी इजरायली शासकहरूले विगत साढे पाँच दशक लामो अवधिमा इतिहासबाट प्यालेस्टिनी जातिलाई समूल रूपमा बेदखल गर्नका लागि निर्दयतापूर्वक फासीवादी व्यवहार गरेका थिए । र, अहिले एरियल श्यारोंको पालामा 'आतंकवादविरोधी युद्ध'को नाममा त्यही व्यवहारले शिखर नै चुम्न खोजेको प्रतीत भइरहेको छ । पटक पटक फौजी आक्रमण गरिएका, नरसंहार र यातना शिविरको पीडा भोगेका गरीब, उत्पीडित प्यालेस्टिनी राष्ट्र, प्यालेस्टिनी नागरिक र तिनका लडाकू संगठनहरूलाई नै विस्तारवादी शक्ति राष्ट्र स्वयंले 'आतंकवादी' आरोप लगाएर युद्धको विभीषिकालाई व्यापक र घनीभूत पारिरहेको छ । र, अर्कोतिर 'आतंकवादविरोधी' विश्वव्यापी युद्ध चलाइरहेको दावी गर्ने विश्वको एकल महाशक्ति राष्ट्र अमेरिका भने प्यालेस्टिनी राष्ट्रमाथिको बर्बर आक्रमणको सन्दर्भमा 'आफैं बोक्सी आफैं भाँक्री'को व्यवहार गरिरहेको छ ।

स्थापनाकालदेखि अहिलेसम्म इजरायललाई असीमित मात्रामा आर्थिक, सैनिक र कूटनैतिक सहयोग दिँदै आइरहेको अमेरिकाका शासकहरूले 'हरियो बत्ती' बालेपछि मात्रै इजरायली शासकहरूले पछिल्लोपटक आक्रमण गरेको पक्ष यहाँ उल्लेखनीय छ । प्रधानमन्त्री नहुँदाखेरी नै सेप्टेम्बर २८, २००० मा 'अल-अक्सा मस्जिद'मा गएरजथाभावी बोलेर प्यालेस्टिनी जनतालाई प्रतिशोधको निम्ति उक्साउने एरियल श्यारोंले प्रधानमन्त्री भएपछि एकपछि अर्का प्यालेस्टिनी नेताहरूको हत्या, गिरफ्तारी र नरसंहार थाल्दा उनीहरूले आँखा चिम्लेर साथ दिएका थिए । ती सबै अत्याचारहरूको प्रतिरोधमा प्यालेस्टिनी जनता निःशस्त्र र सशस्त्र रूपमा सडकमा उत्रन थालेपछि अरब राष्ट्रलगायत विश्वभरिका सरकारहरूले प्यालेस्टिनी भूमिमा 'शान्ति सेना' तैनाथ गर्न संयुक्त राष्ट्र संघलाई अपील गरेका थिए । तर राष्ट्र संघीय सुरक्षा परिषदमा अमेरिकाले त्यसको विरोधमा भिटो प्रयोग गरी आक्रमणकारीहरूकै टाउकोमाथि हात राखी आशीर्वाद दिएपछि भष्मासुरझैं भएका इजरायली शासकहरूले सम्पूर्ण प्यालेस्टिनी भू-भागमाथि भोको बाघले जस्तै आक्रमण गरेका थिए । अचेल उनीहरूले दावी गरिरहेका छन्- यो अफगानिस्तानबाट शुरू भएको आतंकवादविरोधी विश्वव्यापी युद्धकै दोस्रो चरण हो ।

अमेरिकाले दिएका अपाचे हेलिकोप्टरहरू, एफ-१६ लडाकू विमानहरू, अमेरिकी मिसाइल, अमेरिकी बम र वार्षिक खरबौं डलर सहयोगको भरमा इजरायली सैनिकहरूले प्यालेस्टिनीहरूमाथि बर्बर आक्रमण गरेका छन् । विश्वव्यापी विरोधपछि उनीहरू केही प्यालेस्टिनी शहरबाट पछि हटन र अराफातलाई कैदबाट मुक्त गर्न बाध्य भएतापनि हिंसापूर्ण स्थितिमा कुनै फरक आएको छैन । उनीहरूलाई हरतरहले सहयोग गर्ने र आक्रमणका लागि भित्रभित्रै उक्साउने र संरक्षण दिने अमेरिकी शासकहरूले नै कहिले अन्थोनी जिन्नी त कहिले कोलिन पावेलमार्फत् शान्तिवार्ताका लागि पहल गर्ने नाटक पनि गरिरहेका छन् । यो नाटकको नेपथ्यमा हेर्दा प्यालेस्टिनी राष्ट्रमाथिको इजरायली आक्रमण अमेरिकाको साम्राज्यवादी युद्धको पछिल्लो चरण हो भन्दा केही फरक देखिंदैन । यस्तो युद्ध कदापि न्यायपूर्ण र आतंकवादविरोधी हुनसक्दैन भन्ने तथ्य अफगानिस्तानमाथि गरिएको निर्मम आक्रमणले छर्लङ्ग देखाइसकेको छ । ❑

नव वर्ष २०५९ सालको सुखद् उपलक्ष्यमा हाम्रा सम्पूर्ण ग्राहकहरू तथा समस्त देशबासीहरूमा
**हार्दिक मंगलमय शुभकामना**
व्यक्त गर्दछौं ।
**नेपाल बैंक लिमिटेड**
परिवार

नव वर्ष २०५९ को
सुखद् उपलक्ष्यमा सम्पूर्ण महानुभावहरूमा
**हार्दिक मंगलमय शुभकामना !**
**औद्योगिक क्षेत्र व्यवस्थापन लि.**
परिवार

नव वर्ष २०५९ को सुखद् उपलक्ष्यमा सम्पूर्ण जिल्लाबासीहरूमा **हार्दिक मंगलमय शुभकामना !**

**लिलाबहादुर थापा**
सभापति तथा
बागलुङ्ग जिल्ला विकास समिति परिवार

## शुभ-कामना *मूल्यांकनलाई*

*मूल्यांकन* पूर्णाङ्क- ९६ मा विमल निभाको व्यंग्य 'धोका' र राजवको 'तिमी फेरि फर्क है' कविताले समग्र *मूल्यांकन*को गरिमालाई समेटेको छ, दर्शाएको छ ।

सम्पादकको कलमबाट कोरिने सारगर्भित शब्दहरूले समग्र देशको अवस्था र राजनैतिक अवस्थाको राम्रो चित्र प्रस्तुत गरेको छ । साँच्चै 'मूल्यांकन' मासिकका पछिल्ला केही अंकहरूले यो पुष्टि गरेका छन् - यो मासिक वास्तवमै विचार अन्तर्क्रियामुखी मासिक हो । विचारको विकेन्द्रीकरणको प्रवाह यसका हरेक अंकहरूमा पाइन्छन् । विद्वानका विचारहरूलाई बोकेर, हरेक महिना देशभरका प्रवुद्ध पाठक वर्गको नजिक पुग्ने 'मूल्यांकन'लाई पाठकले एउटा विचारको नौलो संयोजकको रूपमा सम्झन्छन्, स्वीकार्छन्, रूचाउँछन् ।

वर्तमानमा देशको वास्तविक छवि छर्लङ्ग्याउन पूर्णाङ्क-९६ को 'मूल्यांकन'को आवरण कथाको आलेख 'चर्को गृहयुद्ध कि शान्तिवार्ता ?' एकदमै सक्षम छ ।

- केशव क्षितिज
*क्षितिज स्टेशनरी,*
*चन्द्रनिगाहपुर, रौतहट*

## वामपन्थी एकता

*मूल्यांकन* मासिक मेरो एक प्रिय पत्रिका मध्ये एक हो र पाएसम्म म नियमित अध्यनन गर्दछु । यसअन्तर्गत अंक ९६ मा छापिएको हरिगोविन्द लुईटेलद्वारा लिखित मसाल र ए.के.को पार्टी एकता अन्तिम चरणमा, तर नामले गर्दा ढीलाई हुँदैछ भन्दा साह्रै चिन्ता लाग्यो । किनकि, नेपालको अहिलेको वर्तमान अवस्थामा ने.क.पा. एमालेको उग्रदक्षिणपन्थी भड्काव, पूँजीबादी वर्गतिरको झुकाव र ने.क.पा. (माओवादी)को उग्रवामपन्थी र चरम हिंसात्मक गतिविधिले गर्दा नेपालको वामपन्थी फाँटमा ठूलो क्षति हुन गइरहेको अवस्थामा यो एकताले धेरै ठूलो राहत त हुने नै थियो । र, यसभन्दा पनि ठूलो राहत सी.पी. र नारायणमान विजुक्छेसहित शक्तिशाली तेस्रो धार निर्माण गरी राजनैतिक एकता नै भएमा सम्पूर्ण देशभक्त, जनतान्त्रिक, प्रगतिशील वर्गको लागि खुसीको कुरा हुने थियो कि ?

- मदनकुमार 'रक्तिम'
वाग्लुङ्, लेखानी,
हाल : दोहा, कतार ।

## संकटकाल

९६ अंकमा वर्तमान संकटकालबाट को कम्युनिष्ट, को देशभक्त, को प्रतिगशील हो भन्ने कुरा बुझ्ने अवसर पाइयो । यथार्थमा यो संकटकाल नभई प्रतिक्रियावादी यथास्थितिवादी भारतपरस्त, अमेरिकापरस्त जनविरोधी तत्वहरूको कमाउने काल सिवाय केही पनि होइन । यसै गरीब, उसै गरीब नेपाललाई महाकङ्गाल बनाउन प्रतिक्रियावादीहरू उद्यत छन् । बन्दूक र संकटकालले मात्र विद्यमान समस्याको निकास दिन सक्तैन । संकटकालबाट एमालेको असली चेहरा चिन्न सजिलो भएको छ । माओवादीहरूले पनि आफूभित्रको कमी-कमजोरीहरू सच्याएर विश्वकम्युनिष्ट आन्दोलनबाट गम्भीर पाठ सिक्नु जरूरी छ । अन्यथा, माओवादी जनयुद्ध, जनयुद्ध नभई महाभूल हुनेछ ।

ने.क.पा. (एकता केन्द्र) र ने.क.पा. (मसाल)बीच पार्टी एकताले शोषित-उत्पीडित जनतामा उत्साह छाएको छ । अब यी दुई कम्युनिष्ट पार्टी एकतापछि नेपालको कम्युनिष्ट आन्दोलनलाई कसरी हाँक्छन्, त्यो भविष्यले नै बताउँला । चिलीको कम्युनिष्ट आन्दोलन पुनः पाठकहरूसमक्ष ल्याइदिएकोमा *मूल्यांकन*लाई मुरीमुरी धन्यवाद ।

- श्रद्धा सुब्बा
*चुलाचुली- २, कमल, इलाम,*
हालः पोखरा

## रूप र अन्तरवस्तु दुवैमा ध्यान पुगोस्

म मूल्यांकन नियमित पढिरहेको छु । मूल्यांकन अझै सार्थक र वैचारिक दृष्टिसहितको सम्पूर्ण पत्रिका बनोस् भन्ने हार्दिक शुभेच्छा छ । तर के कति कारणले हो मूल्यांकनले आफ्नो अग्रगामी यात्रालाई अझै गहन बनाउन सकेको देखिएन । त्यसका केही कारणहरू छन्, जसलाई मैले आफ्नो मात्र ठम्याइ नभएर मजस्ता सबै सचेत पाठकको विचारको रूपमा बुझेको छु ।

पहिलो कारण, यसका सामाग्रीमा विविधिकरणको अझै अभाव देखिन्छ । दलित र जनजातीका विषयहरू यसमा देखापरेका छैनन् । केही अगाडिसम्म उत्पीडित चौतारीअन्तर्गत दलितसम्बन्धी सामाग्री पढ्न पाइएको हो, तर अचेल त्यो चौतारी नै गायब भएको छ ।

दोस्रो कारण, मूल्यांकनको विषयवस्तु वैचारिक निर्देशन अनुरूपमात्र निर्धारित हुन्छन्जस्तो पाठकले बुझ्ने गरेको छ । त्यसो हुनु भनेको पाठकक्षेत्रलाई व्यापक र विस्तृत पार्ने संभावनालाई सीमित तुल्याउनु हो । पर्यावरणसँग सम्बन्धित सामाग्रीहरू, पूँजीवादी विश्वका नयाँ नयाँ सूचना र तिनीहरूले विश्व जनमतलाई पार्ने असरसम्बन्धी सामाग्रीहरू, देशभित्रकै पनि जिल्ला र स्थानीय तहका समस्यामूलक विषयमा आधारित सामाग्रीहरू र संस्कृतिसँग सम्बन्धित सामाग्रीहरू मूल्यांकनका प्राथमिक सरोकारका सामाग्रीहरू हुनुपर्छ भन्ने मलाई लाग्छ । तर त्यस्तो भइरहेको छैन ।

तेस्रो कारण, मूल्यांकनको कागज र छपाई अहिलेको स्तरबाट माथि उठ्नु अनिवार्य छ । प्रविधिको यत्रो सत्ता र प्रभाव विस्तार भइरहेको युगमा कमसल कागज र अनाकर्षक गेटअपमा पनि सहृदयी पाठकले किनिहाल्छन् भनेर नीच मार्नु यथार्थवादी सोच नभएर आदर्शवादी सोच हो । यदि मूल्यांकनमा त्यस्तै खाले सोच हावी भएको हो भने त्यस्तो सोच कालान्तरमा प्रत्युत्पादक हुनेछ । तसर्थ मूल्यांकनका सहकर्मीहरूले आत्मसमीक्षा गरेर द्वन्दात्मक भौतिकवादी सोचअनुरूप यसको रूप र अन्तरवस्तु दुवैमा मनग्य ध्यान पुऱ्याउन् भन्ने मेरो विनम्र आग्रह छ ।

- शिशिर बुढाथोकी
रामेछाप ।

## निकासको उत्तम

## सवाल

अघिल्लो अंक अलि ढिलो निस्कियो । किन हो कुन्नी कारण खुलाउनु भएको छैन । तर ढिलै भए पनि अछामको माओवादी आक्रमणका बारेमा जानकारी दिनुभएकोमा राम्रो लाग्यो । तर एमाले-माले एकीकरणलाई अलि प्राथमिकता नदिए जस्तो लाग्यो । किन होला नि ? श्याम श्रेष्ठको लेख एकदम राम्रो लाग्यो । यो नै नेपालको लागि उत्तम र स्थायी निकासको सवाल हो । तर के गर्नु ? एमालेले संकटकाल पास गरेकोमा खेद व्यक्त गर्नुबाहेक अरू केही देखिंदैन । यसबारे आगामी अंकमा विस्तृत आँकलन प्रस्तुत गर्नुहोला । कतै एमालेले ने.का. सँग गोप्य सम्झौता त गरेको छैन ? सोबारे अलिक खोजमूलक र सत्यतथ्यमा आधारित लेख प्रकाशित गर्नुहोला ।

- रामचन्द्र पौडेल
विनामारे- ५, वाग्लुङ्ग ।

## प्रधान सम्पादकको गिरफ्तारी

गत महिना मूल्यांकनका प्रधान सम्पादकसमेतको गिरफ्तारीलाई हामीले पनि पुनरूत्थानवादी र साम्राज्यवादीहरूको षड्यन्त्र नै ठानेका छौं । प्रतिक्रियावादीहरूले एउटा निष्पक्ष र सार्थक प्रकाशनको मुख टाल्ने जुन दुस्प्रयत्न गरे, हामी त्यसको घोर निन्दा गर्दछौं । जति नै आधिबेरी आएपनि मूल्यांकन दह्रोसँग उभिनेछ भन्ने हामी विश्वस्त छौं ।

- चन्द्रलाल श्रेष्ठ र साथीहरू
पाटनढोका

Pashupati Chaudhary
Managing Director

Nepal Book Shop
Behind Sofital Hotel

B.O.Box: 4590
Doha, Qatar.

Tel: 4413708
Fax: 4365998
Mobile : 5301056

मुलुकको भूराजनैतिक संवेदनशीलता, सामाजिक तथा सांस्कृतिक जीवनपद्धति र आर्थिक परिवेशको यथार्थपरक विश्लेषण गरी न्यायोचित प्रतिफल उपलब्ध गराएर सबै नेपालीको मुहार हँसिलो राख्नु नै हाम्रो लक्ष्य हुनु पर्दछ ।

**श्री ५ ज्ञानेन्द्र**

राष्ट्रले परिलक्षित गरेको विकासका अवधारणालाई अघि बढाउन हरतरहले प्रयत्नशील रहन नेपाल राष्ट्र बैंक आफ्नो ४७ औं वर्ष प्रवेशको सुखद अवसरमा प्रण गर्दछ ।

**नेपाल राष्ट्र बैंक**

परिवार

# मंगलमय शुभकामना

नव वर्ष २०५९ सालको सुखद उपलक्ष्यमा हामी हाम्रा सम्पूर्ण ग्राहक तथा शुभचिन्तकहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं

**हिमालयन बैंक लि.**

परिवार

MULYANKAN
A magazine for Thought-Interaction
ल पु जि प्र का द न ९९/०४९/५० म क्षे हु द न १२/०५१/५२

